३४४

# भक्तपुर मासिक

Bhaktapur Monthly

माघ २०८१

ISSN 2705-4454

9 772705 445004



# 'नेपाल भ्रमण बर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ बर्ष २०२५' को शुभारम्भ

- भक्तपुर नगरपालिकाको सत्रौं नगरसभा उद्‌घाटन
- निर्वाचनलाई एक राजनैतिक र वर्गसङ्घर्षको रूपमा उपयोग गर्दै नेमकिपा
- वेन्जामिन फ्रांकलिन
- लोप हुने क्रममा काठको बाँसुरी
- मातृसत्तात्मक, तन्त्र परम्परा र यसका रहस्य
- बनवासाको हैंगनी
- भक्तपुर नगरपालिकामा नवदुर्गाको 'डालाकेगु' जात्रा सुरु
- भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्र, व्यस्त दम्पत्तिको सहारा बन्दै
- भक्तपुर नपाको गतिविधि



सांसद प्रेम सुवालद्वारा भक्तपुर नगरपालिकाको सत्रौं नगरसभा उद्घाटन
(पुस २६ गते)



भक्तपुर नगरपालिकाको सत्रौं नगरसभा सम्पन्न
(माघ ३ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l{$@★cÆ #★g};≠!!$%★lj:;≠@)*!df3★A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


पुरानो न पुखू, भक्तपुर। ओल्ड नेपालबाट


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## 'सङ्घर्षको सुख नै सर्वोत्तम सुख हो । '– गोर्की

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको सत्रौं नगरसभा उद्घाटन | – | ३ |
| २) | 'देश र जनताको सेवा गर्नेबाहेक जनप्रतिनिधिहरूको कुनै स्वार्थ छैन' : | प्रमुख प्रजापति | ६ |
| ३) | 'भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ' | उपप्रमुख रजनी जोशी | ११ |
| ४) | 'नेपाल भ्रमण वर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को शुभारम्भ | – | १५ |
| ५) | "नेपाली जनताले चिनियाँ सरकार र चिनियाँ जनतालाई असल र भरपर्दो मित्रको रूपमा लिएका छन्" | सुनिल प्रजापति | १८ |
| ६) | "राम्रा मानिसहरूले राजनीति नगरेसम्म जनता गलत व्यक्तिहरूको शासनमा बस्न बाध्य हुने छन्" | सुनिल प्रजापति | २० |
| ७) | निर्वाचनलाई एक राजनैतिक र वर्ग संघर्षको रूपमा उपयोग गर्दै नेमकिपा– | विवेक | २२ |
| ८) | बेन्जामिन फ्रांकलिन | राजेन्द्र बहादुर कायष्ठ | २४ |
| ९) | लोप हुने क्रममा काठको बाँसुरी | जीवन आले | ३० |
| १०) | मातृसत्तात्मक, तन्त्र परम्परा र यसका रहस्य | डा. वीरेन्द्रप्रसाद कायस्थ | ३३ |
| ११) | बनवासाको हैरानी | रविन | ३९ |
| १२) | भक्तपुर नगरपालिकामा नवदुर्गाको 'डालाकेगु' जात्रा सुरु | नारायणमान बनमाला | ४१ |
| १३) | भक्तपुर र पर्यटन (निबन्ध लेखन प्रतियोगिता) | – | ४३ |
| १४) | भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्र, व्यस्त दम्पतीको सहारा बन्दै | बबिता तामाङ | ४५ |
| १५) | चना र गहुँ | शक्तिधर जोन्छेँ | ४७ |
| १६) | **The City of the Yellow Devil** (VI) | Maxim Gorky | ४८ |
| १७) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ५० |
| १८) | भक्तपुर नगरपालिका गतिविधि | – | ६९ |
| | क) शैक्षिक गतिविधि | – | ७५ |
| | ख) स्वास्थ्य सेवा | – | ७९ |
| | ग) अनुभवको आदान–प्रदान | – | ८२ |
| | घ) भेटघाट | – | ८३ |
| | ङ) सङ्क्षेपमा | – | ८७ |
| १९) | विविध समाचार | – | ८८ |
| २०) | नेपाल भ्रमण वर्ष २०२५ सफल पारौँ ! (सम्पादकको पृष्ठ) | – | १०४ |

**साथमा** :

यता–उताबाट – १४/बसिबियाँलो – १९/ जीवन–आचरण – २९/ प्रेरणीय – ४०/ हाम्रो स्थानीय तह–४४/ चीनका प्राचीन नीति कथा – ६१/ हाम्रा पुराना मूर्ति – ६८/ ख्वप अस्पतालको प्रगति – ८१/ Word Searh – ८२/ हाम्रो स्वास्थ्य – १०२/ पर्यटक तथ्याङ्क – १०३/ तस्बिरमा केही गतिविधि – क–घ ।

# भक्तपुर नगरपालिकाको सत्रौं नगरसभा उद्घाटन




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भक्तपुर नगरपालिकाको सत्रौँ नगरसभाको पुस २६ गते एक समारोहबिच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो।



कार्यक्रममा सचिव सुवालले भक्तपुरलाई सुन्दर र स्वच्छ नगरको रूपमा विकास गर्न कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलनको लागि नगरबासीहरूलाई सचेत पार्नुपर्नेमा जोड दिँदै भक्तपुरको सांस्कृतिक र पर्यटकीय महत्त्वको विषय स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने बताउनुभयो।

शिशु स्याहार तथा बाल विकास केन्द्रलाई प्राथमिकतामा राख्नुपर्ने र शिक्षक तथा आयालाई समय सापेक्ष तालिमहरू दिनुपर्नेमा जोड दिँदै उहाँले पुरानो नगरभित्र भूकम्पबाट क्षतिग्रस्त घरहरू पुनःनिर्माणको लागि नगरबासीहरूलाई प्रोत्साहन गर्नुपर्ने र नागरिकहरूलाई देशभक्त बन्न उत्साहित गर्नुपर्छ भन्नुभयो।



विद्यार्थीहरूलाई सातै घण्टा अध्ययन अध्यापन गराउने भन्दा अतिरिक्त क्रियाकलापमा पनि विद्यालयले जोड दिनुपर्ने बताउँदै उहाँले नगरपालिकामा दर्ता नभएका सहकारी संस्थाहरूको सञ्चालनमा रोक लगाउनुपर्ने धारणा राख्नुभयो।

भक्तपुर नपाले परम्परागत खेल र नृत्यलाई पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने, तीन–तीन महिनामा विद्यालयमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था राख्नुपर्ने, प्रयोगात्मक शिक्षामा जोड दिनुपर्ने, शिक्षण विधिबारे शिक्षकहरूलाई तालिम दिनुपर्ने, श्रमप्रति

सम्मान गर्न विद्यार्थीलाई सिकाउनुपर्ने, मादकपदार्थ, लागूपदार्थ, पत्रुखाना र पेयपदार्थहरूको बिक्री वितरणलाई निरुत्साहित गर्नुपर्ने जस्ता सकारात्मक र रचनात्मक सुझावहरू पनि दिनुभयो ।

देशको समसामयिक विषयमाथि प्रस्ट पार्दै उहाँले नेपाल वायु सेवा निगमलाई निजीकरण गर्नेतर्फ सत्तासीन दलका नेताहरू लागिपरेको उल्लेख गर्दै देशका कम्युनिस्ट भनिने शासकहरूले पनि निजीकरणाको विरोधमा आवाज नउठाउनु देशको लागि विडम्बना भएको बताउनुभयो ।

देशका उद्योग तथा कलकारखानाहरूलाई डुबाएर देशका युवाहरूलाई रोजगारीको बहानामा विदेश पठाउने सरकारको नियोजित षड्यन्त्र भएको चर्चा गर्दै उहाँले सरकारले ल्याएको निजीकरणको नीतिको देशप्रेमी जनताले विरोध गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिका थुप्रै चुनौतीहरूबिच संविधानले निर्दिष्ट गरेबमोजिम समाजवादउन्मुख बाटोमा अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माण र युवाहरूलाई रोजगारलक्षित कार्यक्रमहरू गरेर त्यही लक्ष्य प्राप्तिका आधारहरू निर्माणमा जोड दिँदै आएको स्पष्ट पार्दै उहाँले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त, नीति र निर्देशनअनुसार देश र जनताको सेवा गर्नुलाई नै आफ्नो कर्तव्य ठानेको बताउनुभयो ।

पारदर्शिता, इमानदारिता र आर्थिक अनुशासनलाई ध्यानमा राखेर भक्तपुर नपाले काम गरिरहेको बताउँदै प्रमुख प्रजापतिले देश र जनताको सेवा गर्नेबाहेक जनप्रतिनिधिहरूको अर्को कुनै स्वार्थ नभएको स्पष्ट पार्नुभयो ।

ख्वप विश्वविद्यालय स्थापना गर्ने भक्तपुरबासी जनताको चाहना भएको उल्लेख गर्दै उहाँले ख्वप विश्वविद्यालय विधेयक पारित भएमा भक्तपुर नपाले चिकित्सालगायत अन्य क्षेत्रमा पनि सेवा गर्ने अवसर पाउने बताउनुभयो ।



वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले नगरसभाको पूर्ण सफलताको शुभकामना दिँदै नगरलाई थप उचाइमा पुऱ्याउन नगरसभा क्रियाशील रहने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुरको नयाँ बस्तीहरूको नामकरणमा विशेष जोड दिन आग्रह गर्दै उहाँले पुराना बस्तीमा पनि मौलिक नाम कायम गर्नुपर्ने जनताको चाहना रहेको बताउनुभयो ।

इतिहाससँग जोडिएको भक्तपुरको जगातीको महत्त्वपूर्ण पक्षलाई अध्ययन र अनुसन्धान गरी त्यसको महत्त्व उजिल्याउन आवश्यक भएको बताउँदै सांसद गोसाईंले भक्तपुर नपाले एकीकृत विकास प्रणालीमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।



उहाँले चयाम्हासिंहदेखि कमलविनायकको फुटपाथ व्यवस्थापन गर्नुपर्ने बताउँदै भूकम्पीय जोखिम न्युनीकरणमा नपाले आवश्यक तयारी गर्नुपर्ने देखिएको छ भन्नुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपालाई उत्कृष्ट नगर बनाउन मार्गनिर्देश गर्ने नेमकिपाका अग्रज र नपाका हरेक काममा साथ र सहयोग दिने नगरबासीहरूमा हार्दिक धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुर नपाले सांस्कृतिक गतिविधि संरक्षण, संवर्द्धन र प्रवर्द्धनको लागि प्रत्येक वर्ष सांस्कृतिक बाजा प्रतियोगिताका साथै सांस्कृतिक गुरु सम्मान कार्यलाई निरन्तरता दिँदै आएको उहाँले बताउनुभयो ।



भक्तपुरका प्रमुख जिल्ला अधिकारी **गोपालप्रसाद अर्याल**ले भक्तपुर नपाले नागरिकहरूलाई सेवा प्रदान गर्न समर्पणभावले काम गरिरहेको उल्लेख गर्दै शैक्षिक संस्था र स्वास्थ्य क्षेत्रमा गरेको उपलब्धि प्रशंसनीय भएको बताउनुभयो ।

नगरमा सुशासन कायम र समृद्धि हासिल गर्ने विषयमा नपाले प्राथमिकताका साथ अगाडि बढ्ने विश्वास व्यक्त गर्दै उहाँले पर्यटन क्षेत्रमा उपलब्धि हासिल गर्न नगरसभाले पुनरावलोकन गर्न आवश्यक रहेको बताउनुभयो ।





कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले कलेजबाट प्रवाहित सेवा सुविधा र कलेजमा अध्ययन गरेका विद्यार्थी





सङ्ख्याबारे अवगत गराउनुभयो भने ख्वप अस्पतालका नि. मेडिकल डाइरेक्टर **डा. मजेशप्रताप मल्लले** अस्पतालका सेवाहरूबारे जानकारी गराउनुभयो ।

नगरसभाको उद्घाटन कार्यक्रममा भ.न.पा.का प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने भ.न.पा. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।



**मन्तव्य**

# 'देश र जनताको सेवा गर्नेबाहेक जनप्रतिनिधिहरूको कुनै स्वार्थ छैन' : प्रमुख प्रजापति

**उपस्थित सभासदहरू,**

भक्तपुरका जनताबाट दोस्रो कार्यकालको लागि हामी निर्वाचित भएको अढाइ वर्ष बितिसकेको छ। यस अवधिमा निर्वाचनको बेला जारी गरेको घोषणापत्रको आधारमा हामीले काम गर्दै छौँ। जनतालाई दिएको वचन एक एक गर्दै पूरा गर्ने क्रममा छौँ।

'नाचगानको राजधानी' र 'सांस्कृतिक नगर' को उपमा पाएको भक्तपुर नगरलाई पछिल्लो चरणमा जर्मनीका वास्तुकलाविद् निल गोत्सोले 'संसारकै ठुलो जीवित सङ्ग्रहालय' को नाम दिनुभएको छ। यस्तो महत्त्वपूर्ण नगरको नेतृत्व गर्न पाउँदा हामी अत्यन्त खुसी छौँ।

भक्तपुर आकारको हिसाबले देशकै सानो नगरमध्ये एक भए पनि जनघनत्व धेरै भएको नगर हो। विश्वविख्यात सम्पदाहरू भएको दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र यही नगरमा अवस्थित छन्। यहाँका उत्कृष्ट वास्तुकलाको आधारमा भक्तपुरका दरबार क्षेत्रलाई सन् १९७९ मा युनेस्कोले विश्व सम्पदामा सूचिकृत गरेको थियो भने भक्तपुरको पुरानो नगर क्षेत्रका मूल सडकको दायाँबायाँका घरहरूलाई पनि सम्पदा क्षेत्र घोषणा गरेको थियो। हामी त्यसको संरक्षणको साथै पुरानो नगरका सम्पूर्ण क्षेत्रलाई नै सम्पदा बस्तीको रूपमा विकास गर्ने कोसिस गर्दै छौँ। यहाँ मौलिक शैलीमा घर बनाउनेहरूका लागि अनुदानको व्यवस्था गरिरहेका छौँ।

हाम्रा अग्रजहरूले भक्तपुरलाई संसारकै हेर्नलायक आकर्षक नगरको रूपमा विकास गर्ने सपना देख्नुभएको थियो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'सय वर्षपछिको भक्तपुर' पुस्तक लेखेर यस्तै सुन्दर नगरको परिकल्पना गर्नुभएको हो। हामी त्यही पुस्तकलाई मार्गदर्शकको रूपमा लिएर सफा र सुन्दर भक्तपुरको सुदूर भविष्यको मार्गमा अघि बढिरहेका छौँ। शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माण र युवाहरूलाई रोजगारलक्षित कार्यक्रमहरू गरेर त्यही लक्ष्य प्राप्तिका आधारहरू निर्माण गर्दै छौँ।

२०७२ सालको भूकम्पबाट पूर्ण र आंशिक क्षति भएका अधिकांश सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार



सम्पन्न भइसकेको छ भने केही महत्त्वपूर्ण सम्पदाहरू निर्माणाधीन छन्। स्थानीय स्रोत, साधनहरूको अधिकत्तम प्रयोग गरी लिच्छविकालीन र मल्लकालीन सम्पदाहरूको संरक्षण कार्य जारी छ।

अहिले भक्तपुर नेपालका बढी पर्यटकहरू भ्रमण गर्ने क्षेत्रहरूमध्ये एक भएको छ। नेपाल आउने विदेशी पर्यटकहरूमध्ये करिब २५ प्रतिशत पर्यटकहरूले भक्तपुर भ्रमण गरेको तथ्याङ्क छ। त्यसमा थप वृद्धि गरी भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने उद्देश्यअनुसार हामी काम गर्दै छौँ।

समय समयमा आउने भूकम्प, बाढी पहिरोजस्ता प्राकृतिक विपत्ति, महामारीका रूपमा फैलिने कोरोनाजस्ता रोगहरू र नाकाबन्दी तथा क्षेत्रीय युद्धहरू जस्ता घटनाहरूले विदेशी पर्यटक भरपर्दो र स्थायी स्रोत नहुने शिक्षा हामीले प्राप्त गर्‍यौँ। हाम्रो ध्यान अब आन्तरिक पर्यटनतर्फ केन्द्रित गर्दै छौँ।

भक्तपुर महोत्सव आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने एक सिलसिला हो। २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर महोत्सव सम्पन्न गर्‍यौँ। त्यतिबेला भक्तपुरका मूर्त र अमूर्त सम्पदादेखि भक्तपुरका जीवनशैली, संस्कारहरू सबैले देख्ने अवसर पाए। पाँच दिनमा लाखौँले महोत्सवको अवलोकन गरेका थिए। भक्तपुर महोत्सव पनि हाम्रो यस कार्यकालको महत्त्वपूर्ण कार्यको रूपमा इतिहासमा दर्ज हुने नै छ। भक्तपुर नगरपालिकाको आह्वानमा नगरबासीहरूले जसरी आ–आफ्ना

सीप, कलाकौशलहरू टोल टोलमा प्रदर्शन गर्नुभयो, त्यो आफैमा एउटा उदाहरणीय थियो। इमानदारीपूर्वक, निःस्वार्थ भावनाले त्यसरी भक्तपुरको उचाइ बढाउने कार्यमा सहयोग गर्नुभएका तमाम भक्तपुरबासीहरूलाई आजको यस अवसरमा धन्यवाद ज्ञापन गर्दछौँ।

नेपाल मजदुर किसान पार्टीको सिद्धान्त, नीति र निर्देशनअनुसार देश र जनताको सेवा गर्नुलाई नै हामीले आफ्नो कर्तव्य ठानेका छौँ। पारदर्शिता, इमानदारिता र आर्थिक अनुशासनलाई ध्यानमा राखेर हामीले काम गरिरहेका छौँ।

ख्वप विश्वविद्यालय स्थापना गर्ने भक्तपुरबासी जनताको चाहना हो। विश्वविद्यालय विधेयक पारित भएमा जसरी भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरेर देशभरका जनताका छोराछोरीहरूलाई न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ, त्यसरी नै चिकित्सालगायत अन्य क्षेत्रमा पनि सेवा गर्ने अवसर पाउनेछौँ। देश र जनताको सेवा गर्नेबाहेक हामी जनप्रतिनिधिहरूको अर्को कुनै स्वार्थ छैन।

ख्वप विश्वविद्यालयको लागि भनपा वडा नं. १ स्थित सल्लाघारीको १०८ रोपनी जग्गा माग गरेको लामो समय भयो। अहिले नेपाल ट्रस्टको नाममा रहेको त्यो जग्गाबारे हामीले निरन्तर सम्बन्धित पदाधिकारीहरूको ध्यानाकर्षण गरिरहेका छौँ।

अब म १६ औँ नगरसभापछि हालसम्म भक्तपुर नगरपालिकाको आयव्यय र नगरपालिकाले गरेका कार्यहरूबारे सङ्क्षिप्त विवरण प्रस्तुत गर्दछु–

## आयतर्फ

यस नगरपालिकाले चालु आ.व. २०८१।८२ को लागि अनुमानित रु. ६५ करोड ८३ लाख आन्तरिक स्रोतबाट आम्दानी हुने लक्ष्य राखेकोमा २०८१ पुस २४ गतेसम्ममा २५ करोड ४० लाख आम्दानी भई अनुमानको ३८.६० प्रतिशत प्रगति भएको छ भने बाह्य स्रोतबाट १ अर्ब ८० करोड २२ लाख आम्दानी हुने लक्ष्य राखेकोमा पुस २४ गतेसम्ममा ६२ करोड ७१ लाख प्राप्त भई ३४.८० प्रतिशत प्रगति भएको छ। आन्तरिक आम्दानी गत वर्षको सोही अवधिभन्दा ८ प्रतिशतले वृद्धि भएको छ भने बाह्य स्रोततर्फ ५ प्रतिशतले वृद्धि भएको छ।

## व्ययतर्फ

यस नगरपालिकाको आ.व. २०८१।८२ मा चालु खर्च शीर्षकमा रु. १ अर्ब ५७ करोड ३ लाख रूपैयाँ विनियोजन गरिएकोमा २०८१ पुस २४ गतेसम्म ५५ करोड २५ लाख खर्च भई विनियोजित बजेटको ३५.१८ प्रतिशत खर्च भएको छ भने पुँजीगत खर्चतर्फ ९९ करोड ४० लाख रूपैयाँ विनियोजन भएकोमा सोही अवधिमा रु. २० करोड ३७ लाख खर्च भएको छ। जुन विनियोजित बजेटको २०.४९ प्रतिशत हो।

## बित्तीयतर्फ

चालु आ.व. २०८१।८२ को लागि १० करोड विनियोजन गरिएकोमा आ.व. २०८१।८२ को पुस २४ गतेसम्ममा रु. २ करोड ३७ लाख खर्च भई विनियोजित बजेटको २४.३५ प्रतिशत प्रगति भएको देखिन्छ। चालु पुँजी र वित्तीयसमेत गरी कुल विनियोजित बजेट २ अर्ब ६६ करोड ४३ लाख १० हजार रूपैयाँमध्ये चालु आ.व.को पुस २४ गतेसम्ममा जम्मा खर्च ७८ करोड ६ लाख भएको छ, जुन विनियोजित रकमको २९.२९ प्रतिशत प्रगति भएको छ।

## क) शिक्षा

भक्तपुर नगरपालिकाले ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरिकै विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ। अहिले ख्वप विश्वविद्यालय स्थापनाको लागि हामीले प्रयास गरिरहेका छौँ। यस वर्ष सङ्घीय संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाको नेतृत्वमा सदस्य र पदाधिकारीहरू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी र शिक्षा विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले पनि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विभिन्न कलेजहरूको स्थलगत भ्रमण गरी शैक्षिक संस्थाहरूको भौतिक अवस्था र जनशक्तिको अवस्थाबारे जानकारी लिनुभयो। भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय स्थापना गर्न जग्गा प्राप्तिको लागि नेपाल ट्रस्टको कार्यालय र नेपाल ट्रस्टका संरक्षक भूमिसुधार मन्त्रीलाई अनुरोध पत्र बुझायौँ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबाट गरिब तथा जेहनदार विद्यार्थीहरूलाई वार्षिक करिब रु. ४ करोडको छात्रवृत्ति वितरण गरिरहेका छौँ।

उच्च शिक्षा हासिल गर्न चाहने गरिब तथा विपन्न विद्यार्थीहरूको लागि चालु आ.व. २०८१।८२ मा १५१ जना विद्यार्थीहरूलाई रु. ५ लाखको दरले शैक्षिक ऋण स्वीकृत गरी ऋण प्रवाह गरेका छौँ। हालसम्म उच्च शिक्षा अध्ययनका लागि ऋण लिनेहरूको सङ्ख्या ७५१ जना पुगेको छ ।

५७ औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा नगरस्तरीय अन्तरविद्यालय चित्रकला प्रतियोगिता, राष्ट्रिय

शिक्षा दिवसको अवसरमा विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता र १६ औं पुस्तकालय दिवसको अवसरमा सामुदायिक तथा संस्थागत विद्यालयस्तरीय (कक्षा ९ देखि १२ सम्म) निबन्ध प्रतियोगिता सम्पन्न गऱ्यौं।

नगरभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तर वृद्धिका लागि नगर शिक्षा शाखामार्फत हाल कक्षा १० को एसईई तयारी परीक्षा सञ्चालन भइरहेको छ। त्यस्तै कक्षा ८ र ५ का विद्यार्थीहरूको नगरस्तरीय परीक्षाको तयारी पनि भइरहेको छ।

## ख) स्वास्थ्य

भक्तपुर नगरपालिकाद्वारा १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरिरहेकोमा त्यहाँबाट दिइने स्वास्थ्य सेवा र सुविधाको गुणस्तर वृद्धिको लागि आधुनिक स्वास्थ्य उपकरणहरू थप गर्ने कार्य जारी छ। आवश्यकताअनुसार चिकित्सक र नर्सहरूलगायतका जनशक्ति थप व्यवस्था गरी नगरवासीहरूलाई सरल र सहज स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउन हामीले निरन्तर प्रयास गरिरहेका छौं।

नगरवासीहरूलाई निःशुल्क रगत र निःशुल्क अक्सिजन वितरणको व्यवस्थालाई निरन्तरता दिइरहेका छौं। चालु आ.व. २०८१।८२ को मङ्सिर मसान्तसम्ममा ४५० जनालाई निःशुल्क रगत र ५४२६ जना नगरवासीहरूलाई निःशुल्क अक्सिजन उपलब्ध गराइसकेका छौं। यस अवधिमा ख्वप अस्पतालले १ लाख १५ हजारभन्दा बढी बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गरिसकेको छ।

चालु आ.व.को पुस २४ गतेसम्ममा यस नगरपालिका क्षेत्रका क्यान्सर, मुटुरोगी, मिर्गौला र मेरुदण्ड पक्षघात भएका १०५ जना बिरामीहरूलाई रु. १५,७५,०००।– आर्थिक सहयोग प्रदान गरेका छौं।

चालु आ.व.को पुस २४ गतेसम्ममा नगरपालिकाको व्यवस्थापनमा सञ्चालित आयुर्वेद सेवा १७ सय ९ जनालाई, घरदैलो नर्सिङ सेवा २० हजार १० जनालाई, आँखाको उपचार १४ हजार ९८३ जना र श्वासप्रश्वास केन्द्रबाट ९०१ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरियो।

## ग) संस्कृति तथा सम्पदा संरक्षण

चालु आ.व. २०८१।८२ को साउन महिनादेखि मङ्सिर मसान्तसम्ममा भ.न.पा. ४ गःहिटीस्थित लक्ष्मीनरसिंह मन्दिर, भ.न.पा. ६ चोछेँस्थित छ्मा गणेश द्योछेँ, भ.न.पा. ७ गोल्मढीस्थित क्वाकचा गणेश मन्दिर र भ.न.पा. २ स्थित तापालाछी पाटी पुनःनिर्माण कार्य सम्पन्न भएका छन् भने २५ वटा सम्पदाहरू निर्माणाधीन अवस्थामा छन्।

सांस्कृतिक सम्पदा संरक्षण कार्यमा अमूल्य योगदान गर्ने २० जना सांस्कृतिक गुरुहरूलाई ४५ औं विश्व पर्यटन दिवस २०८१ को अवसरमा सम्मान गरियो। सोही अवसरमा गुन्हीपुन्ही र सापारु पर्वमा प्रदर्शन गरिएका उत्कृष्ट सांस्कृतिक विधाहरू र संस्कृतिकर्मीहरूलाई पनि पुरस्कृत गरियो।

भक्तपुरको कला संस्कृति, सम्पदा, मौलिक सीप र उत्पादनको माध्यमबाट आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गरी नगर र नगरवासीको आर्थिक विकास गर्ने उद्देश्यका साथ २०८१ मङ्सिर २८ देखि पुस २ गतेसम्म आयोजना गरिएको भक्तपुर महोत्सव–२०८१ भव्यताका साथ सम्पन्न भयो। महोत्सवमा सांस्कृतिक कार्यक्रम, पौवा, तस्बिर, छ्वाली कला, चित्रकला, पोशाक, हलिमलि, वाद्यवादनका सामग्री, जीवन शैली, परम्पपरागत र आधुनिक खेलकुद, नौ बाजा, बौद्ध प्रकाशन, सहकारी गतिविधिलगायत प्रदर्शन गरिएका थिए। त्यसैगरी ठाउँ–ठाउँमा कृषि उत्पादन, घरेलु तथा हस्तकलाका उत्पादनलगायतका प्रदर्शनी, खाना तथा दही महोत्सव, नवदुर्गा, कुमारी, दीपङ्कर बुद्ध र बुद्ध अस्तिधातु प्रदर्शन, व्यापार मेला, पुस्तक प्रदर्शनी र शैक्षिक प्रदर्शनी, शैक्षिक तथा साहित्यिक गतिविधि, नौका विहार र बालमैत्री गतिविधि तथा दीपावलीलगायतका ३२ वटा विधामा १८० भन्दा बढी स्थानमा विभिन्न प्रदर्शनीहरू भए। पूर्वमा बाहारे पुखु (कमलविनायक पोखरी) परिसरदेखि पश्चिममा न्हूपुखु (रानीपोखरी) परिसरसम्म, उत्तरमा ख्वप कलेज देकोचादेखि दक्षिणमा देगमना र महेश्वरी खेल मैदानसम्म भक्तपुरको पुरानो नगर पूरै क्षेत्रमा दैनिक १० हजारभन्दा बढीको सहभागितामा महोत्सवका विभिन्न विधाहरूको प्रदर्शनी गरिएको थियो। महोत्सवको अवधिमा आन्तरिक र बाह्य गरी ८ लाखभन्दा बढीले महोत्सवको अवलोकन गरेको अनुमान छ। महोत्सवकै अवसरमा मङ्सिर २९ र ३० गते दुई दिनसम्म खुला बाँसुरी बाजा प्रतियोगिताको आयोजना गरिएकोमा ४६ वटा समूहले भाग लिएका थिए। त्यस अवसरमा भक्तपुर महोत्सवसम्बन्धी 'स्मारिका', 'तस्बिर पुस्तक' र 'सहकारी आवाज' बुलेटिन सार्वजनिकीकरण गरियो।

२०७२ सालको भूकम्पले पूर्ण क्षति भएको थंथु दरबार पुनःनिर्माण कार्यलाई अगाडि बढाइएको छ। थंथु दरबार मल्लकालीन शैलीमा पुनःनिर्माण भइरहेको छ।

हनुमन्ते खोलाको माटो झिकी नदी सुधार कार्य भइरहेको छ।

## घ) कृषि

भक्तपुर नगरपालिकाद्वारा उत्पादित प्राङ्गारिक मल ५० प्रतिशत छुट अर्थात् प्रतिकिलो रु. १० मा बिक्री वितरण भइरहेको छ।

यस अवधिमा भक्तपुर नगर क्षेत्रका ५१३ वटा सामुदायिक कुकुरहरूको बन्ध्याकरण र ७७६ वटा सामुदायिक कुकुरलाई रेविज खोप लगाइएको छ।

## ङ) पर्यटन

आ.व २०८१।८२ पुस २३ गतेसम्ममा गैरसार्क पर्यटकहरू ६७ हजार ९६९ जना र सार्क र चिनियाँ पर्यटकहरू ५१ हजार ४२४ जना गरी जम्मा १ लाख १९ हजार ३९३ जना पर्यटकहरू आगमन भएका छन्। गत वर्षको सोही अवधिमा जम्मा १ लाख १४ हजार ७९२ जनाले भ्रमण गरेका थिए। गत वर्षको तुलनामा उल्लेखित अवधिमा ४ हजार ६०१ जनाले पर्यटकहरू वृद्धि भएका छन्। यो गत वर्षको तुलनामा ४.०१ प्रतिशतले वृद्धि हो।

२०८१ पुस २३ गतेसम्ममा गैरसार्क पर्यटकबाट रु. १२ करोड २३ लाख र सार्क र चिनियाँ पर्यटकबाट रु. २ करोड ५७ लाख जम्मा रु. १४ करोड ८० लाख आम्दानी भएको छ। आ.व. २०८०।८१ को सोही अवधिमा गैरसार्क पर्यटकबाट रु. १० करोड ७५ लाख र सार्क र चिनियाँ पर्यटकहरूबाट रु. २ करोड ७५ लाख गरी जम्मा रु. १३ करोड ५० लाख आम्दानी भएको थियो। यस अवधिमा रु. १ करोड २९ लाख वृद्धि भएको छ।

विश्व पर्यटन दिवसको अवसरमा २७ सेप्टेम्बर २०२४ का दिन पहिलो समूहमा आएका पर्यटकहरूलाई स्वागत गर्नुको साथै भक्तपुर पर्यटन विकास समितिसँगको सहकार्यमा 'भक्तपुरको पर्यटन : विगत, वर्तमान र भविष्य' विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यौं।

## च) वातावरण तथा सरसफाइ

भक्तपुर नगरक्षेत्रभित्र उत्पादन हुने फोहोरलाई घरघरबाटै कुहिने वा नकुहिने छुट्याई नियमित सङ्कलन गर्दै आएका छौँ। कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गर्ने र नकुहिने फोहोर पुनः प्रयोगको लागि पठाई बाँकी फोहोरलाई अन्तिम बिसर्जनको व्यवस्था मिलाउँदै आएका छौँ।

नगरपालिकाका जनप्रतिनिधिहरूको नेतृत्वमा कर्मचारीहरू र स्थानीय विद्यालय, कलेज, टीम, क्लव र स्थानीय जनताको सहभागितामा नगरका ऐतिहासिक पोखरी, मन्दिर परिसर, खोला तथा सार्वजनिक स्थलहरूमा हरेक महिनाको १ गते र १५ गते नियमित रूपमा पाक्षिक सरसफाइ अभियान सञ्चालन गरिरहेका छौँ।

हनुमन्ते खोला र खासाङखुसुङ खोला सुधारको लागि सल्लाघारी र हनुमानघाटको उपचार पोखरीहरू निर्माणाधीन छन्।

भक्तपुर सांस्कृतिक नगर क्षेत्रभित्र अव्यवस्थित ढङ्गले छरपस्त रूपमा रहेका तार र केबुलहरूलाई व्यवस्थित गर्न विद्युत्को तार भूमिगत गर्ने कार्य भइरहेको छ।

## छ) खानेपानी

भक्तपुर नगरक्षेत्रमा मेलम्चीको खानेपानी नियमित वितरण भइरहेको छ। नगर क्षेत्रका परम्परागत पानीका स्रोतहरू पोखरी, इनार, ढुङ्गेधारालगायतका उचित मर्मत सम्भार र संवर्द्धन गर्ने कार्यहरू पनि भइरहेका छन्। त्यसैगरी नगरका विभिन्न ठाउँहरूमा डिप बोरिङबाट उत्पादित पानी वितरण गरिरहेका छौँ।

## ज) खेलकुद

भक्तपुर नगरपालिकाबाट दिँदै आएका विभिन्न खेलहरूको नियमित प्रशिक्षणलाई निरन्तरता दिनुका साथै भनपा वडा नं. १० महालक्ष्मीस्थानस्थित बेखाल टेबलटेनिस प्रशिक्षण कभर्ड हल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ।

नगरका विभिन्न वडाहरूमा छिकोङ व्यायाम सञ्चालन भइरहेको छ। हाल नगरका प्रत्येक वडामा ५०/५० जना दैनिक छिकोङ व्यायाममा सरिक भइरहेका छन्। यसलाई थप व्यापक बनाउने प्रयास भइरहेको छ।

मिति २०८१ असोज १० देखि १५ गतेसम्म यस नगरपालिका क्षेत्रका संस्थागत र सामुदायिक विद्यालयका खेलकुद शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरियो।

यस नगरपालिकाको आयोजना २०८१ कार्तिक ९ देखि १४ गतेसम्म नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता (भलिबल, फूटबल, कबड्डी, कराते, एथ्लेटिक्स, उसु, टेबलटेनिस, खोखो, पोर्टबल, ब्याडमिन्टन, तेक्वान्डो, बुद्धिचाल, जिम्नास्टिक, कसिमला पाँय् र बाघचाल) सम्पन्न भयो। उक्त प्रतियोगितामा ८१ वटा विद्यालयका २ हजार ५ सयभन्दा बढी खेलाडीहरूले भाग लिएका थिए।

२०८१ मङ्सिर २४ गते भक्तपुर दरबार क्षेत्रमा छिकोङ प्रदर्शनी गरियो। उक्त प्रदर्शनीमा ५०० जनाभन्दा बढी छिकोङ प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो।

## झ) युवा तथा रोजगार

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा नगरका सबै वडाहरूमा 'लागूपदार्थ दुर्व्यसनीबाट टाढा राख्न युवा-विद्यार्थीको भूमिका' शीर्षकमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो ।

नगर क्षेत्रभित्र लघु उद्यम विकासअन्तर्गत ३३ जना लघु उद्यमीहरूमध्ये २० जना उद्यमीहरूको स्तरोन्नतिको लागि पुनर्ताजगी तालिम प्रदान गर्न सहजीकरण गरियो ।

यस आ.व. मा लघु उद्यम विकासको लागि ब्याग झोला बनाउने तालिम, छालाजुत्ता बनाउने तालिम, मोबाइल मर्मत तालिम र मोटरसाइकल मर्मत तालिम गरी ४ वटा तालिमहरू छनोट गरिएको छ ।

युवाहरूमा सीप विकास गरी स्वरोजगार बनाउन चिनियाँ भाषा, जापानी भाषा प्रशिक्षण, ग्यास चुल्हो मर्मत, सिलाइ मेसिन मर्मत, आधारभूत र एडभान्स सिलाइ तालिम, पाक शिक्षा, हेयर कटिङ, बुटिक र जग्गा नापजाँच तालिम जस्ता सीपमूलक तालिमहरू सञ्चालन भइरहेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत यस नगरपालिका क्षेत्रभित्रका ३५० जना नगरवासीहरू बेरोजगारको सूचीमा सूचिकृत भएका छन् । जसमध्ये ६५ जना बेरोजगारहरूले न्यूनतम् १०० दिन बराबर रोजागारी प्राप्त गरिरहेका छन् ।

## ञ) सहकारी

भक्तपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूलाई नियमित र व्यवस्थित बनाई उत्पादनशील क्षेत्रमा लगानी गराई प्रोत्साहन गर्न सहकारी सङ्घ-संस्थाका कर्मचारी र पदाधिकारहरूको बिचमा सहकारी संस्थाको विगत, वर्तमान अवस्था र समसामयिक विषयमा अभिमुखीकरण गरियो ।

भक्तपुर नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थामा जम्मा भएको सामुदायिक विकास कोषको रकमबाट ख्वप अस्पतालको अक्सिजन प्लान्टलगायत स्वास्थ्य क्षेत्रमा खर्च गरिरहेका छौँ ।

## ट) विकास निर्माण

यस चालु आ.व.को ६ महिनामा विभिन्न १३ वटा योजनाहरू सम्पन्न भएका छन् भने थप ६२ वटा योजनाहरू चालु अवस्थामा छन् ।

भ.न.पा. वडा नं. ६ देकोचामा अरनिको सभाभवन निर्माण कार्य सुरु भएको छ । ११०० सीट क्षमता भएको उक्त सभाभवन २८ रोपनी जग्गामा निर्माण भइरहेको छ । पहिलो चरणको कार्य सम्पन्न गरी दोस्रो चरणको कामको टेन्डर प्रक्रियामा रहेको छ ।

## ठ) विविध

देकोमिवा इतापाके आवास योजनाअन्तर्गत जग्गाधनीहरूको जग्गा फिर्ता दिने कार्य भइरहेको छ भने गुनासोकर्ताको गुनासो सम्बोधन कार्यलाई निरन्तरता दिइएको छ । संशोधित नक्साअनुसार पूर्वाधार निर्माण कार्य पनि अगाडि बढिरहेको छ ।

नियमित रूपमा बजार अनुगमन गरी अखाद्य वस्तु बेचबिखन, ढक तराजुमा नियमितता ल्याई उपभोक्ताको हित संरक्षण कार्यलाई निरन्तरता दिँदै आएका छौँ ।

चालु आ.व २०८१।८२ को साउन १ देखि पुस २४ गतेसम्ममा २०३ वटा नक्सा दर्ता, १५३ वटा नक्सा पास, ६१ वटा निर्माण सम्पन्न प्रमाणपत्र जारी गरिएको छ ।

यस नगरपालिका क्षेत्रभित्र आ.व २०८१।८२ मा ७२४८ जनालाई बैङ्क र वडामार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएका छौँ ।

चालु आ.व. २०८१।८२ मा यस नगरपालिकामा चीनको शान–नान सहरका प्रतिनिधि मण्डल, चीनको साङ्घाइ नगरपालिकाका परामर्श समितिका महानिर्देशक मो फुछुन, चीनको सिचुवान सहरका प्रतिनिधिमण्डल, क्युवाका कार्यवाहक राजदुत अबेल अबाले डिस्पेन्ज, दक्षिण कोरियाका चेओरन नगरपालिकाका प्रमुख, प्रशान्त क्षेत्रका विश्वविद्यालयको साधारणसभामा सहभागी विदेशी प्राध्यापकहरू, चीनको छिङ्हाइ प्रदेशका प्रतिनिधिमण्डललगायतले यस नगरपालिकाको अवलोकन भ्रमण गर्नुभयो ।

यस अवधिमा पोखरा महानगरपालिका, नेपालगञ्ज उपमहानगरपालिका, मेलम्ची नगरपालिका, फिदिम नगरपालिका, दार्चुलाको महाकाली नगरपालिका, चितवन जिल्लाको राप्ती नगरपालिका, स्याङ्जा जिल्लाको फेदिखोला गाउँपालिका, दार्चुलाको अपिहिमाल गाउँपालिकाका प्रमुख, उपप्रमुखहरूको साथै कालिकोट, गोरखालगायत जिल्लाका विभिन्न स्थानीय तहका प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाको अध्ययन/अवलोकन भ्रमणमा गरेका छन् ।

यस नरपालिकाबाट ख्वप टेलिभिजनको स्थापना गरी २०८१ जेठ ३० गतेदेखि परीक्षण प्रशारण सुरु गरिएको छ । चालु आ.व. २०८१।८२ को पुस २४ गतेसम्ममा २२५ वटा मुद्दाहरू फछ्र्यौट भएका छन् ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माणजस्ता कार्यहरूमा स्थानीय जनताको साथ र सहयोग लिएर काम गर्दै छ । थुप्रै चुनौतीहरूबीच संविधानले निर्दिष्ट गरेबमोजिम भक्तपुर नगरपालिका समाजवादउन्मुख बाटोमा अगाडि बढिरहेको छ ।

(सभाध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट भक्तपुर नपाको सत्रौँ नगरसभा उद्घाटन कार्यक्रम २०८१ पुस २६ गते व्यक्त मन्तव्य)

मन्तव्य

# 'भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ'

–उपप्रमुख रजनी जोशी



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वर्षको दुई पटक नगर सभाको बैठक बस्नुपर्ने प्रावधानअनुरूप आज हामी स्थानीय सरकारको दोस्रो पटकको चुनावपछिको पाँचौं अर्थात् सत्रौं नगर सभाको उद्घाटन कार्यक्रममा सरिक भएका छौं। यस नगर सभा उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, वाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाई, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याल, पूर्वजनप्रतिनिधिहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका प्राचार्य सुनिल दुवाल, नि.मे.डा. मजेशप्रताप मल्ल, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रोशनीमैया धौबन्जार, आमन्त्रित सम्पूर्ण अतिथि महानुभावहरू, कर्मचारी मित्रहरू, पत्रकार एवम् सञ्चारकर्मी मित्रहरू तथा सम्पूर्णमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछु।

सर्वप्रथम देशको निम्ति आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु। भक्तपुरका जनताको जीवन रूपान्तरणमा महत्त्वपूर्ण योगदान गर्नुहुने समाजका अग्रज व्यक्तित्वहरूमा सम्मान व्यक्त गर्न चाहन्छु। भक्तपुर नगरपालिकालाई एक उत्कृष्ट नमुना नगरको परिचय दिलाउन मार्गनिर्देशन गर्नु हुने नेपाल मजदुर किसान पार्टीका अध्यक्षलगायत सम्पूर्ण अग्रज कार्यकर्ता महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नाराका साथ भक्तपुर नगरपालिका सांस्कृतिक सम्पदा संरक्षण गरी भक्तपुरलाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न अगाडि बढिरहेको छ। यहाँका जीवन्त कला, संस्कृति, नाचगान, बाजा गाजा, गीत सङ्गीतको मौलिकता जोगाउँदै यसलाई प्रतिष्ठाको मात्र विषय नबनाई पर्यटन उद्योगसँग जोडी आय आर्जनको उपायको रूपमा समेत विकास गर्न आवश्यक व्यवस्था मिलाउँदै छौं। भक्तपुरका सम्पदा र संस्कृति यहाँको मौलिक विशेषता र पहिचान हो। यसको संरक्षण र संवर्द्धनको जिम्मेवारी बोध गर्दै भक्तपुर नगरपालिकाकाले यसको संरक्षण गर्दै आएको छ। यस्ता सांस्कृतिक गतिविधिहरूलाई संरक्षण, संवर्द्धन र प्रवर्द्धनको लागि प्रत्येक वर्ष सापारुमा आधुनिक र परम्परागत सांस्कृतिक विधाहरूको प्रतिस्पर्धा र प्रत्येक वर्ष एउटा सांस्कृतिक विधाको प्रतियोगिता सञ्चालन गर्दै आएको यहाँहरूमा विदितै छ। यसरी नगरको मौलिकता जोगाउन यहाँहरूको साथ र सहयोगमा भक्तपुर नगरपालिकाले विशेष सफलता प्राप्त भएकोले नै प्रत्येक वर्ष आन्तरिक र बाह्य पर्यटकहरूको आगमन बढिरहेको छ। यसले नगरको ख्याति मात्र वृद्धि नभई नगरवासीहरूकै आर्थिक विकासमा समेत विशेष टेवा पुगिरहेको छ।

**उपस्थित भद्र महिला तथा सज्जन वृन्द,**

भक्तपुर नगरपालिकामा हामी शतप्रतिशत जनप्रतिनिधि नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भएका छौं। हामीलाई हाम्रो पार्टीले एउटा मूलमन्त्र दिएको छ जुन 'जनताको नि:स्वार्थ सेवा' हो र हामी त्यही काममा निरन्तर लागिरहेका छौं। समाजमा परिवर्तन आवश्यक छ। त्यही आवश्यकता पूरा गर्न हामी जनताको साथ लिएर अघि बढिरहेका छौं। यसको ज्वलन्त उदाहरण गत मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर नगरपालिकाले आयोजना गरेको भक्तपुर महोत्सव २०८१ हो। 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' भन्ने नाराका साथ नगरपालिका अघि बढिरहेको यहाँहरूमा विदितै छ। हाम्रा पुर्खाका निधिलाई अग्रजहरूले मर्मत सम्भार गरेका थिए भने हामीले त्यसलाई निरन्तरता दिँदै आएका हौं।

लामो समयदेखि लोप हुने अवस्थामा रहेका र ओझेलमा परेका केही सम्पदाहरू जस्तैः लक्ष्मी नरसिंह मन्दिर/

भाजु पोखरी/ रानीपोखरीहरूलाई पुनःनिर्माण र संरक्षण गर्नुको साथै २०७२ सालको भूकम्पले भत्किएका सबैजसो सम्पदाहरू पुनर्निर्माणका कामहरू सम्पन्न हुँदै छ । त्यसैगरी संस्कृतिका पुनर्जागरणका कामहरू नगरपालिकाले निरन्तर गर्दै आएको यहाँहरूमा अवगत नै होला । यिनै सम्पूर्ण कामहरूको राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यटकहरूलाई प्रदर्शनी गर्न र नयाँ पुस्तालाई हाम्रो सभ्यता र संस्कृतिको व्यवहारिक ज्ञान दिने उद्देश्यले सम्पूर्ण नगरबासी, यहाँका शैक्षिकलगायत सबै संस्थाहरूका साथ लिएर आयोजना गरिएको यो भक्तपुर महोत्सव सफलताका साथ सम्पन्न भएको छ। भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थल बनाई नगरबासीहरूको आयआर्जनको माध्यमको रूपमा अघि बढाउन सकिने र यस किसिमले भक्तपुरलाई आत्मनिर्भर बनाउन भक्तपुर नगरपालिकाले सम्पदा र संस्कृति संरक्षण गर्दै आइरहेको छ । । यसो हुन सकेमा हाम्रो सभ्यता/संस्कृति र सम्पदाहरू अनन्तकालसम्म जोगिनुको साथै नयाँ पुस्ताले अपनत्व लिँदै सांस्कृतिक नगरको रूपमा अघि बढ्ने विश्वास हामीले लिएका छौँ ।

भक्तपुर नगरपालिकाले वि.स. २०५६ सालमा भक्तपुर नगरलाई शिक्षाको केन्द्रलगायत ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यका साथ शिक्षकलाई प्राथमिकतामा राखी नगरपालिकाले शिशु स्याहार केन्द्रदेखि सात ओटा शिक्षक संस्थाहरू सञ्चालन भइरहेको छ। लामो समयदेखि नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्न स्वीकृतिको लागि आवेदन दिएका छौँ र चाँडै स्वीकृति पाउने अपेक्षा छ। भक्तपुर नगरपालिकाले नगरका सामुदायिक विद्यालयहरूको शैक्षिक र भौतिक स्तरलाई माथि उठाउन गुणस्तरीय शिक्षा र भौतिक संरचनाहरूका लागि सहयोग गर्दै आइरहेका छौँ। विद्यार्थीहरूलाई राष्ट्रिय अन्तर्राष्ट्रिय विषयलगायत स्थानीय पाठ्यक्रमअन्तर्गत भक्तपुरको स्थानीय संस्कृति, रीतिरिवाजलगायतका विषयहरू सिकाउँदै आएकोमा ती विषयहरू यस महोत्सवको आकर्षण बनेको हामी सबैले अनुभव गर्‍यौँ। । यो नै एउटा उपलब्धि हो जसलाई ती विद्यार्थीहरूले जिन्दगीभर सम्झिरहने छन् र सोहीअनुसार समाजमा व्यवहारिक बन्न सक्ने हाम्रो विश्वास छ।

भक्तपुर नगरपालिकाले नगरका सबै विद्यार्थीहरूको शिक्षामा पहुँचमा ल्याउन विभिन्न विषयमा छात्रवृत्ति प्रदान गरिरहेको छ भने कुनै पनि युवा उच्च शिक्षाबाट बञ्चित हुन नदिन ऋणको व्यवस्था नगरपालिकाले गरिरहेको कुरा यहाँ अवगत गराउन चाहन्छु। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सात ओटा शिक्षण संस्थाहरूमा विभिन्न शीर्षकहरूमा छात्रवृत्ति प्रदान गरिरहेका छौँ। नगरपालिका आफैले देश र समाजको लागि आवश्यक विषयहरू जस्तै राजनीति/ भूगोल/ संस्कृति/ भाषा/ अर्थशास्त्र, तर्क शास्त्रजस्ता विषयहरूमा देशमै पीएचडीसम्म गर्न छात्रवृत्ति दिँदै आइरहेका छौँ। पढाइपछि आफूले आर्जन गरेको शिक्षाले आफ्नै गाउँ ठाउँको सेवा गर्न युवाहरू उद्यमशील बन्न, उद्यमशील ऋण उपलब्ध गराउँदै आइरहेका छौँ। यस्ता गतिविधिहरूको कारणले नै हाल भक्तपुर शिक्षामा अनुकरणीय नगरको रूपमा उभिन सफल भएको हो । यो सबैको श्रेय आजका प्रमुख अतिथि, वरिष्ठ राजनीतिज्ञ एवं नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ्यूलगायत अग्रजहरूको देन रहेको छ। उहाँहरूको दीर्घकालीन सोच र लक्षको कारणले नै आज भक्तपुर नगर यस स्थानमा उभिन सफल भएको हो।

देश र जनताका आधारभूत आवश्यकता जस्तै शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्ने भन्ने कुरामा नेपाल मजदुर किसान पार्टीले सुरुदेखि नै भन्दै आइरहेको छ। तर, सरकारमा जाने पार्टीहरूले यसबारे कहिल्यै चासो राखेन तथापि भक्तपुर नगरपालिकाले जनताको शिक्षालाई जस्तै स्वास्थ्यलाई प्राथमिकतामा राखी सुलभ र सहज उपचारको लागि सय शय्याको आधुनिक उपचार विधिसहितको ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा भइरहेको छ। त्यसरी नै आयुर्वेद औषधोपचार विधिलाई पनि नगरपालिकाले सेवा सञ्चालन गरिरहेको यहाँ अवगत गराउन चाहन्छु। यहाँ ख्वप तिलगंगा आँखा अस्पताल/मानव अङ्ग प्रत्यारोपण केन्द्र/भक्तपुर क्यान्सर अस्पताल/प्रादेशिक अस्पताल-भक्तपुर अस्पताललगायत सिद्धि स्मृति अस्पताल छन्। यसर्थ, भक्तपुर नगर देशकै विशेष स्वास्थ्य उपचार केन्द्रको रूपमा अघि बढिरहेको छ। देशमा शिक्षित युवाहरू विदेसिने क्रम दिनानुदिन बढ्दो छ। त्यसैले, भक्तपुर नगरपालिकाले १५ लाखमा डाक्टर पढाउन ख्वप विश्वविद्यालयको माग गरिरहेको हो, जसले देशकै निमित्त स्वस्थकर्मीहरू उत्पादन गरी जनताको सेवामा समर्पित हुनेछन्। यस्तो समय चाँडै आउने र देशबासीहरू स्वस्थ भई देशको सेवा हुनेछ भन्नेमा नगरपालिका विश्वस्त छ। देशमै समय सापेक्ष नयाँ नयाँ उपचार विधिहरूबारे अन्वेषण र अनुसन्धान हुनेछ र यसो हुनसके देशले चाँडै नै काँचुली फेर्नेछ।

अन्तमा, आजको यस कार्यक्रममा आफ्नो कार्यव्यस्तताको बाबजुद उपस्थित हुनुभएका प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथि गणहरूलगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूमा कृतज्ञता व्यक्त गर्दै पुनः एक पटक स्वागत अभिवादनसहित बिदा हुन्छु। धन्यवाद।

(भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट भक्तपुर नपाको सत्रौँ नगरसभा उद्घाटन कार्यक्रम २०८१ पुस २६ गते व्यक्त मन्तव्य)

पहिलो बैठक

## धन्यवाद ज्ञापन प्रस्ताव पारित




भक्तपुर नगरपालिकाका प्रमुख एवम् सत्रौँ नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको सत्रौँ नगरसभाको पहिलो बैठक पुस २६ गते बस्यो।

बैठकले नगरसभाको उद्घाटन सफलतापूर्वक सम्पन्न भएको अवसरमा धन्यवादज्ञापन प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

बैठक सुरु गर्दै सभाध्यक्ष प्रजापतिले भक्तपुर शिक्षा र स्वास्थ्यमा अन्य स्थानीय तहको लागि अध्ययन गर्ने थलोको रूपमा विकास भइरहेको उल्लेख गर्दै शासक दलहरूबिच हरेक विषयमा भागबन्डा गर्ने गलत प्रवृत्तिकै कारण ख्वप विश्वविद्यालयको विधेयक अहिलेसम्म पारित हुन नसकेको बताउनुभयो ।



बैठकमा उहाँले नगरसभाको अर्को बैठक २०८१ माघ २ गते १ बजे बस्ने जानकारी गराउनुभयो।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

दोस्रो दिन

## भक्तपुर नपाको सत्रौं नगरसभा चालु




भक्तपुर नगरपालिकाका प्रमुख एवम् सत्रौँ नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा माघ २ गते नगरसभाको बैठक बस्यो।

सभाको विशेष समयमा सभासद्हरू मन्जु लाखा, इन्द्रबहादुर प्याठ, हेरा ख्याजु, नारायणप्रसाद त्वानाबासु, सूर्यप्रसाद श्रेष्ठ, जितेन्द्र मुनंकर्मी, कृष्णसुन्दर प्रजापति, रामसुन्दर बासी र गोविन्द दुवालले नगरको समग्र समस्या र चुनौतीबारे आफ्नो धारणा राख्नुभयो।

सभामा उहाँहरूले भक्तपुर नपाको आयोजनामा २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गते सम्पन्न भक्तपुर महोत्सव उपलब्धिमूलक भएको, तरकारीमा विषादीको मात्रा प्रयोग गर्ने यन्त्रको व्यवस्था गर्नुपर्ने, कौसी खेती र कम्पोस्ट मल बनाउने तालिम पुनः सञ्चालन गर्नुपर्ने, महोत्सवले जनतामा जोश जाँगर थपेको, कृषि उपज बिक्री केन्द्र सञ्चालन गर्नुपर्ने, नगर प्रवेशमार्गहरूमा सडकबत्ती र सीसी क्यामेरा जडान तथा मर्मत सम्भार हुनुपर्ने, वडा नं. १० र ६ मा पनि मेलम्चीको खानेपानीको व्यवस्था गर्नुपर्ने, नगरका खोलाहरू दुर्गन्धित हुँदा खोलाछेउका बस्तीहरूमा दुर्गन्ध फैलिएको, फोहोर सङ्कलन व्यवस्थित गर्नुपर्ने, सुकुनाफाँटमा व्यवस्थित आवास योजना सञ्चालन गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभयो ।

सभामा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति, वातावरण तथा पर्यटन समिति, शिक्षा संस्कृति तथा स्वास्थ्य समिति, लेखा तथा आर्थिक समिति, निर्माण समिति, कृषि समिति, खलेकुद समिति, महिला बालबालिका तथा समाज कल्याण समिति, बजार अनुगमन समिति र न्यायिक समितिको प्रतिवेदन सम्बन्धित समितिका संयोजक तथा सदस्यहरूद्वारा प्रस्तुत गरिएको थियो ।

नगरसभाको अर्को बैठक माघ ३ गते बसेको थियो।

तेस्रो दिन

## भक्तपुर नगरपालिकाको सत्रौं नगरसभा सम्पन्न: यस वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता जिम्न्यास्टिक हुने



भक्तपुर नगरपालिकाको सत्रौं नगरसभा माघ ३ गते सम्पन्न भएको छ। सभामा नगर प्रमुख सुनिल प्रजापतिले इमानदारीपूर्वक जनताको सेवा गर्ने भावनाले नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई उपयोग गर्दै आएको बताउनुभयो। उहाँले निर्वाचन घोषणापत्रअनुसार काम गर्नु सम्पूर्ण जनप्रतिनिधिहरूको कर्तव्य हो भन्नुभयो। उहाँले भन्नुभयो, "भक्तपुरका जनताले नेमकिपालाई अत्यन्त विश्वास गरी जिताउनुभयो। उहाँहरूको आशाअनुसार सेवा गरेर जनतालाई खुसी पार्नुपर्छ। भक्तपुरमा जनप्रतिनिधिहरूको कारण मात्र राम्रो काम भइरहेको होइन, यहाँका हजारौं नदेखिने हातहरूले जनप्रतिनिधिहरूको कामलाई साथ दिइरहेका छन्। ती सबैलाई हामीले सम्झनुपर्छ र नमन गर्नुपर्छ।"

उहाँले वि.सं. २०३१ साल माघ १० गते स्थापना भएको नेपाल मजदुर किसान पार्टी स्थापनाका आधारहरूबारे प्रस्ट पार्दै मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अवलम्बन गर्दै नेमकिपा सामन्तवाद, पुँजीवाद, उपनिवेशवाद र साम्राज्यवादविरुद्ध अविचलित रूपमा सङ्घर्षरत रहेको बताउनुभयो।

नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगरपालिकाको सत्रौं नगरसभाको माघ ३ गते बसेको बैठकले उपाध्यक्ष एवम् उपप्रमुख रजनी जोशीद्वारा प्रस्तुत भक्तपुर नपाको आ.व. २०८१/८२ को बजेट संशोधन तथा रकमान्तरसम्बन्धी प्रस्ताव र विधायन समितिका संयोजक हरिराम सुवालले प्रस्तुत गर्नुभएको भक्तपुर नगरपालिका आदर निकेतन सेवासम्बन्धी ऐन, २०७७ मा दोस्रो संशोधन सर्वसम्मतिले पारित गऱ्यो।

बैठकले यस वर्षको अन्तरनगर खेलकुद प्रतियोगितामा जिम्न्यास्टिक खेलको आयोजना गरिने पनि सर्वसम्मतिले पारित गरेको छ। बैठकमा आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलाले भक्तपुर नपाले आ.व. २०८०/८१ को संस्थागत स्वमूल्याङ्कनमा प्राप्त गरेको नतिजाबारे जानकारी दिनुभयो।

नगर सभामा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका र चिनियाँ राजदूतावासको संयुक्त आयोजनामा भक्तपुर दरबार स्क्वायरमा माघ ५ गते शनिबार हुने **नेपाल भ्रमण वर्ष २०२५** र **चिनियाँ नयाँ वर्ष २०२५** मा हुने गतिविधिहरूको बारेमा सङ्क्षिप्त जानकारी दिनु भयो। नगरसभा सफलतापूर्वक सम्पन्न भएकोमा सभाध्यक्ष प्रजापतिले उद्घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथि, राजनैतिक तथा सामाजिक अगुवा, बुद्धिजीवी, मजदुर, उद्योगीका साथै नगरसभा अवधिभर सहयोग गर्ने जनप्रतिनिधि र कर्मचारीलगायत सबैमा धन्यवाद ज्ञापन गर्नुभयो।



२०८१ पुस २६ गतेबाट सुरु भई माघ ३ गते सम्पन्न भक्तपुर नपाको सत्रौं नगरसभा तीन दिनसम्म चलेको थियो।



# ‘नेपाल भ्रमण वर्ष २०२५’ को घोषणा तथा ‘चिनियाँ नयाँ वर्ष २०२५’ को शुभारम्भ



भक्तपुर नगरपालिका, नेपाल सरकार संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय, चिनियाँ राजदूतावास र पर्यटन बोर्डको संयुक्त आयोजनामा ‘नेपाल भ्रमण वर्ष २०२५’ को घोषणा तथा ‘चिनियाँ नयाँ वर्ष २०२५’ को शुभारम्भ कार्यक्रम माघ ५ गते भक्तपुरको दरबार क्षेत्रमा एक भव्य समारोहबिच सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवं ऊर्जा, जल तथा सिँचाइ मन्त्री **दीपक खड्का**, नेपालका लागि चिनियाँ राजदूत **छन सङ**, भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**, उपप्रमुख **रजनी जोशी** र नेपाल टुरिजम बोर्डका सीईओ **दीपकराज जोशी**ले संयुक्त रूपमा चिनियाँ नयाँ वर्षको लोगो अनावरण गर्नुका साथै नेपाल भ्रमण वर्ष २०२५ को औपचारिक ब्यानर अनावरण गरी महोत्सव शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा मन्त्री **दीपक खड्का**ले ‘नेपाल भ्रमण वर्ष २०२५’ को घोषणा तथा ‘चिनियाँ नयाँ वर्ष २०२५’ को शुभारम्भ कार्यक्रमको विशेष महत्त्व रहेको उल्लेख गर्दै नेपाल–चीनबिचको दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको अवसरमा उपत्यकाका विभिन्न ठाउँहरूमा विभिन्न सांस्कृतिक कार्यक्रमहरू तय भएको बताउनुभयो ।



ऊर्जा मन्त्री दीपक खड्का

उहाँले दुई देशबिच आर्थिक, सामाजिक र राजनीति सम्बन्ध विस्तार गर्न नेपाल सरकारको तर्फबाट सक्दो पहल गरिने बताउँदै अन्तर्राष्ट्रिय पर्यटकहरूको लागि नेपाल उत्कृष्ट गन्तव्यस्थलको रूपमा रहेको स्पष्ट पार्नुभयो ।

मन्त्री खड्काले कोभिड महामारीपश्चात् नेपालको पर्यटन उल्लेख्य रूपमा अगाडि बढिरहेको बताउँदै नेपाल चीनबिच पर्यटन, ऊर्जा र कृषि क्षेत्रमा आवश्यक सहकार्य गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री खड्काले नेपालको सामाजिक, आर्थिक विकासमा पर्यटनको अपार महत्त्वलाई ध्यानमा राख्दै नेपाल सरकारले पर्यटन क्षेत्रलाई उच्च प्राथमिकता दिएको बताउनुभयो ।

पर्यटन विकासका लागि त्यस अनुकूल कानुन र नीति तर्जुमा हुँदै आएको बताउँदै उहाँले प्रदेश र स्थानीय तहले पनि पर्यटन क्षेत्रलाई नेपालको आर्थिक समृद्धिको साझा माध्यमको रूपमा प्राथमिकतामा राख्दै आएको उल्लेख गर्नुभयो ।

मन्त्री खड्काले पर्यटन क्षेत्रको विकासमा आवश्यक पूर्वाधाहरूर निर्माण तथा स्तरोन्नतिका कामहरू भइरहेको अवगत गराउँदै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनुका साथै त्रिभुवन विमानस्थल र अन्य आन्तरिक विमानस्थलहरूको स्तरोन्नति र विस्तार



कार्यहरू भइरहेको जानकारी गराउनुभयो ।

सो अवसरमा नेपालका लागि चिनियाँ राजदूत **छन सङ**ले चिनियाँ नयाँ वर्ष २०२५ को बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो ।




चिनियाँ राजदूत छन सङ

नयाँ युगको आगमनसँगै नेपाल र चीनबिच आपसी सहयोग आदानप्रदान तीव्रगतिमा अगाडि बढिरहेको बताउँदै उहाँले नेपाल–चीनबिच युवा, शिक्षा, संस्कृति, पर्यटनलगायतका क्षेत्रहरूमा आदानप्रदान र सहकार्यलाई सुदृढ गर्ने, मानवीय सम्बन्धलाई थप प्रगाढ बनाउने र पुस्तौँ पुस्तादेखि चलिआएको मित्रतालाई निरन्तरता दिने विषयमा सहमति भएको र सोही सहमति कार्यान्वयनको सिलसिलामा यस महत्त्वपूर्ण कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

सन् २०२५ मा नेपाल पर्यटन वर्ष प्रवर्द्धनात्मक गतिविधिहरू आयोजना गर्नका लागि नेपाललाई चीनमा हार्दिक स्वागत गर्दै राजदूत सङले चिनियाँ पर्यटकहरूलाई नेपाल भ्रमण गर्न प्रोत्साहित गर्ने बताउनुभयो । यसबाट नेपालको पर्यटन क्षेत्रलाई अगाडि बढाउन र दुई देशबिचको सांस्कृतिक आदानप्रदान र सहकार्यलाई थप ऊर्जा प्रदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

नेपाल र चीनबिच विगतमा भएका सहमतिको कार्यान्वयन गर्नु, दुई देशबिचको पर्यटन सहकार्यलाई थप उचाइमा पुऱ्याउन र दुई देशबिचको मानवीय सम्बन्धलाई अझ प्रगाढ बढाउनु नेपाल पर्यटन वर्ष २०२५ उद्घाटन गर्नुको मुख्य उद्देश्य रहेको राजदूत सङले स्पष्ट पार्नुभयो ।

नेपाल विश्वप्रसिद्ध पर्यटकीय गन्तव्यस्थल भएको बताउँदै उहाँले यहाँका उच्च हिमालय, पर्वत सृङ्खला, चितवन राष्ट्रिय निकुञ्जको प्राकृतिक सौन्दर्यता र लुम्बिनी, काठमाडौँ, जनकपुरजस्ता प्राकृतिक साथै सांस्कृतिक र ऐतिहासिक सम्पदाले प्रत्येक वर्ष विभिन्न देशका पर्यटकहरूलाई नेपाल भ्रमण गर्न आकर्षित गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सन् १९५५ मा नेपाल–चीनबिच दौत्य सम्बन्ध स्थापना भएको उल्लेख गर्दै चीनले नेपालको पर्यटन प्रवर्द्धन र चिनियाँ पर्यटकहरूलाई नेपाल भ्रमण गर्न प्रेरित गर्ने उद्देश्यले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२५ सफल पार्नु सबैको जिम्मेवारी भएको बताउनुभयो ।




नगर प्रमुख सुनिल प्रजापति

नेपाल पर्यटकीय दृष्टिले अत्यन्त सम्भावना भएको देश हो भन्दै उहाँले विश्वको उच्च सगरमाथा र अन्य हिमालय पर्वतहरू, प्राकृतिक







कार्यकारी निर्देशक दीपकराज जोशी

सुन्दरता, बुद्ध जन्मभूमि लुम्बिनी र विश्व सम्पदामा सूचिकृत थुप्रै स्थलहरू नेपालमा रहेको र राम्रो प्रचारप्रसार नहुँदा नेपालमा आशातीत पर्यटकहरू आउन नसकेको उहाँले बताउनुभयो ।

पर्यटन क्षेत्रलाई नेपाल सरकारले प्राथमिकतामा राखेर कार्यक्रमहरू अगाडि बढाउन सके पर्यटन क्षेत्रबाट देशको अर्थतन्त्रमा टेवा पुऱ्याउन सकिने धारणा उहाँले व्यक्त गर्नुभयो ।

२०७२ सालको भूकम्प, नाकाबन्दी र विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को सङ्कटको घडीमा चीन सरकारले गरेको सहयोग नेपाली जनताले सधैँ सम्झिरहने बताउँदै उहाँले नेपाली जनताले चिनियाँ सरकार र जनतालाई असल र भरपर्दो मित्रको रूपमा लिँदै आएको स्मरण गर्नुभयो ।

चिनियाँ पर्यटकहरू भक्तपुर भ्रमण गर्ने विदेशी पर्यटकहरूमध्ये सङ्ख्यामा दोस्रोमा पर्ने बताउँदै उहाँले चिनियाँ सरकारका उच्चपदस्थ पदाधिकारीहरूको नेपाल भ्रमणमा भक्तपुरलाई पनि प्राथमिकतामा राखेर अवलोकन भ्रमण गर्ने गरेको र मित्र देश चीनका सरकारी उच्च पदाधिकारीहरूलाई समय समयमा स्वागत गर्न पाउँदा भक्तपुरबासीहरू अत्यन्त खुसी भएको भन्नुभयो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक **दीपकराज जोशी**ले सरकारले सन् २०२५ लाई विशेष पर्यटन वर्षको रूपमा घोषणा गरेको उल्लेख गर्दै भ्रमण वर्षसफल पार्न सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो ।

'नेपाल भ्रमण वर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को शुभारम्भ कार्यक्रममा पहिलो र दोस्रो चरण गरी भक्तपुर र चिनियाँ जनजीवन झल्काउने सांस्कृतिक गीत र नाचहरू प्रस्तुत गरिएको थियो । साथै दरबार क्षेत्रबाट टौमढीसम्म सांस्कृतिक र्‍याली आयोजना र महोत्सवमा सहभागी कलाकारहरूसँग सामूहिक फोटोसेसन गरी कार्यक्रमको समापन गरिएको थियो ।





# “नेपाली जनताले चिनियाँ सरकार र चिनियाँ जनतालाई असल र भरपर्दो मित्रको रूपमा लिएका छन्”

– सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका




नाचगानको राजधानी, सांस्कृतिक नगर र जीवित सङ्ग्रहालयको उपमा पाएको भक्तपुर नगरपालिकाको यस दरबार क्षेत्रमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, चिनियाँ राजदूतावास, भक्तपुर नगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा 'नेपाल भ्रमण वर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को शुभारम्भ कार्यक्रम गर्न पाउँदा हामी अत्यन्त खुसी छौँ ।

नेपाल र चीन दुई छिमेकी मित्र देशहरू हुन् । नेपाल र चीनबिचको सम्बन्ध इतिहास जत्तिकै पुरानो छ । नेपाल–चीन दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । सन् १९५५ मा नेपाल–चीनबिच दौत्य सम्बन्ध स्थापना भएको हो । यस अवसरमा नेपालको पर्यटन प्रवर्द्धन र चिनियाँ पर्यटकहरूलाई नेपाल भ्रमण गर्न प्रेरित गर्ने उद्देश्यले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२५ सफल पार्नु हामी सबैको जिम्मेवारी हो । भ्रमण वर्ष सफल पार्न नेपाल–चीनबिच सांस्कृतिक र पर्यटकहरूको आदानप्रदानका गतिविधिहरूमा जोड दिन आवश्यक छ । विश्व सम्पदामा सूचिकृत यस भक्तपुर दरबार क्षेत्रमा नेपाल भ्रमण वर्षको घोषणा र सांस्कृतिक कार्यक्रम तथा र्‍याली हुनु पनि त्यसैको एक सिलसिला हो ।

नेपाल पर्यटकीय दृष्टिले अत्यन्त सम्भावना भएको देश हो । विश्वको सर्वोच्च शिखर सगरमाथा र अन्य उच्च हिमालय पर्वतहरू, प्राकृतिक सुन्दरता, बुद्ध जन्मभूमि लुम्बिनी र विश्व सम्पदामा सूचिकृत थुप्रै स्थलहरू नेपालमा अवस्थित छन् । राम्रो प्रचारप्रसार नहुँदा नेपालमा पर्यटन क्षेत्रको आशातीत विकास हुन सकेको छैन । पर्यटन क्षेत्रलाई नेपाल सरकारले प्राथमिकतामा राखेर कार्यक्रमहरू अगाडि बढाएको खण्डमा पर्यटन क्षेत्रबाट पनि देशको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याउन सकिन्छ ।



भक्तपुर मूर्त र अमूर्त सम्पदाहरूले भरिएको नगर हो । यहाँ बाह्रै महिना विभिन्न सांस्कृतिक गतिविधिहरू भइरहन्छन् । २०७२ सालको भूकम्पले यहाँका हजारौँ निजी घरहरू र सयौँ सम्पदाहरूमा आंशिक र पूर्ण क्षति पुऱ्यायो । भक्तपुर नगरपालिकाले विदेशी सहयोगबिना ती क्षतिग्रस्त अधिकांश सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ भने अझै कैयौँ सम्पदाहरू निर्माणाधीन अवस्थामा छन् ।

भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको नगर हो । यहाँ बर्सेनि लाखौँ विदेशी पर्यटकहरूले भ्रमण गर्ने गर्छन् । नेपाल आउने पर्यटकहरूमध्ये करिब २५ प्रतिशतले भक्तपुर भ्रमण गर्ने गरेको तथ्याङ्क छ । भक्तपुर भ्रमण गर्ने पर्यटकहरूहरूबाट भक्तपुर नगरपालिकाले केही प्रवेश शुल्क लिने गरेको छ । त्यसबाट जम्मा भएको रकमबाट नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायत विकास निर्माणमा खर्च गर्दै आएको छ ।

चिनियाँ पर्यटकहरू भक्तपुर भ्रमण गर्ने विदेशी पर्यटकहरूमध्ये सङ्ख्यामा दोस्रोमा पर्छ । चिनियाँ सरकारका उच्चपदस्थ पदाधिकारीहरूले नेपाल भ्रमणको सिलसिलामा

भक्तपुरलाई पनि प्राथमिकतामा राखेर अवलोकन भ्रमण गर्नुभएको छ। यसरी मित्र देश चीनका सरकारी उच्च पदाधिकारीहरूलाई समय समयमा स्वागत गर्न पाउँदा हामी भक्तपुरबासीहरू अत्यन्त खुसी छौं।

२०७२ सालको भूकम्प, नाकाबन्दीबाट नेपाली जनता पीडामा परेको बेला होस् या विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को सङ्कटको घडीमा चीन सरकारले नेपाललाई गरेको सहयोग नेपाली जनताले बिर्सनेछैनन्। नेपालीमा एउटा भनाइ छ – सङ्कटको बेला सहयोग गर्नेहरू नै असल मित्र हुन्छन्। नेपाली जनताले चिनियाँ सरकार र जनतालाई असल र भरपर्दो मित्रको रूपमा लिएका छन्।

चीनकै सहयोगमा बनेका भैरहवा र पोखरा विमानस्थल सुचारु हुन सके नेपालमा आउने चिनियाँ पर्यटकहरू अझ बढ्ने आशा छ। यसबारे नेपाल सरकार र महामहिम चिनियाँ राजदूतबाट आवश्यक पहल हुने अपेक्षा गर्छौं।




अन्त्यमा, 'नेपाल भ्रमण वर्ष २०२५' र 'चिनियाँ नयाँ वर्ष २०२५' को अवसरमा सम्पूर्ण नेपाली जनता र चिनियाँ जनतालाई हार्दिक शुभकामना र बधाई ज्ञापन गर्दछौं। यस्तो महत्त्वपूर्ण कार्यक्रम भक्तपुर नगरपालिकासमेतको आयोजनामा गर्ने अवसर प्रदान गर्नुभएकोमा नेपाल सरकार र महामहिम चिनियाँ राजदूत छङ सङज्यूलगायत सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवादज्ञापन गर्दछौं। धन्यवाद।

*(२०८१ माघ ५ गते शनिबारको दिन भक्तपुर नगरपालिका, नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, चिनियाँ राजदूतावास र पर्यटन बोर्डको आयोजनामा 'नेपाल भ्रमण वर्ष २०२५' र 'चिनियाँ नयाँ वर्ष २०२५' को अवसरमा आयोजित सांस्कृतिक कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

## बासिबियाँलो

क) दिइएको चित्रमा कतिओटा उपहारका पोका छन्? उत्तर यसै अङ्कमा दिइएको छ।



तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याई हात नभिकी अर्को धर्को तान्नुहोस्।





BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट

bhaktapurmun.gov.np

को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

# "राम्रा मानिसहरूले राजनीति नगरेसम्म जनता गलत व्यक्तिहरूको शासनमा बस्न बाध्य हुनेछन्"

*–सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका*

सिलाइ तथा कपडा व्यवसाय एक प्रकारको सेवा उद्योग पनि हो। यो व्यवसायले प्रत्यक्ष र परोक्ष रूपमा धेरैलाई रोजगारी दिनुका साथै देशको अर्थतन्त्रलाई टेवा पुऱ्याइरहेको हुन्छ। सिलाइ तथा कपडा व्यवसायलाई व्यापक रूपमा विकास गर्न सके स्वदेशमै प्रशस्त रोजगारीका अवसरहरू प्रदान गर्न सकिन्छ र बिदेसिने धेरै रकम जोगाउन सकिन्छ। देशको रकम बाहिरिनबाट जोगाउन सक्नु देशको आम्दानी बढाउनु हो।

भक्तपुर नगरपालिकाले भक्तपुरमा हुने विकास निर्माण होस् या अन्य काममा प्रयोग हुने सामान वा वस्तु भक्तपुरमा पाएसम्म बाहिरबाट खरिद नगर्न सम्बन्धितहरूलाई निर्देशन दिने गरेका छौं। यहाँ व्यवसाय गर्नेहरूले थोरै भए पनि नगरपालिकालाई कर तिरेका हुन्छन्। करदाता नागरिकहरूको हितमा सोच्नु हामीले आफ्नो कर्तव्य सम्झेका छौँ।

हाल भक्तपुरमा ९२ वटा विद्यालयहरू सञ्चालनमा छन्। कक्षा १ देखि १० सम्म करिब ३५ हजार विद्यार्थी अध्ययनरत छन्। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा मात्र ७ हजारभन्दा बढी विद्यार्थी पढ्छन्। ती सबै विद्यार्थीका लागि वार्षिक पोशाक कति चाहिन्छ ? सकेसम्म भक्तपुरका मानिसहरूले नै काम पाउन् भन्ने उद्देश्यले कलेजहरूले कपडा मात्रै वितरण गर्ने गरेका छन् भने यही सिलाउँदा धेरै सिलाइ व्यवसायीहरू फस्टाएका छन्।

नेपालमा प्रशस्त तयारी पोशाकहरू भित्रिने गरेका छन्। त्यसलाई नियन्त्रण गर्नेतर्फ सरकारले ध्यान दिएका भए थप हजारौं युवाहरूले सिलाइ व्यवसाय गरेर पनि खाने अवसर पाउँनेछन्। विकसित देशका ठूलठूला उद्योग वा कम्पनीहरूसित कम पुँजी लगानीमा सञ्चालित कुनै पनि उद्योगले प्रतिस्पर्धा गर्न सक्दैन। तयारी सामान आयातबाट केही व्यापारीहरूले मात्रै नाफा प्राप्त गरिरहेका छन् भने देशलाई खासै त्यसले फाइदा गरिरहेको छैन।

स्वदेशी उद्योगहरूलाई संरक्षण गर्ने हो भने सरकारले नेपालमा उत्पादित सामानहरू विदेशबाट आयात गर्न बन्द गर्नु पर्छ वा चर्को कर लगाउनु पर्छ। स्वदेशी उद्योगहरूको



विकास गरी देशलाई आत्मनिर्भर बनाउने यो नै उचित विकल्प हो।

हामी त व्यवसाय गरेर खाने हौँ हामीलाई कुनै किसिमको राजनीतिसँग मतलब छैन भन्यो भने शासन सत्ता गलत काम गर्नेहरूको हातमा पुग्नेछ र उनीहरूको शासनमा हामी सबै बस्न बाध्य हुनु पर्दछ। राम्रा मान्छेहरूले राजनीति नगरेसम्म शासन नराम्रा मान्छेहरूकै हातमा हुनेछ। राजनीतिबाट कोही पनि व्यक्ति अलग बस्ने सक्दैन। इमानदार र देशभक्त नागरिकहरूले राजनीति नगरेसम्म जनता बाध्य भएर चोर, डाँका, लुटेरा, शोसक र सामन्तहरूको शासनमा बस्नुपर्ने हुन्छ। त्यसैले काम गरी खाने हरेक मानिस राजनीतिमा सकृय हुन आवश्यक छ।

देशको आर्थिक अवस्था झन्झन् कमजोर हुँदै छ। ५ महिनामा पुँजीगत खर्च ११ प्रतिशत मात्रै भयो। ३ खर्ब ५२ अर्ब विनियोजनमा जम्मा ४० अर्ब मात्रै खर्च भएको देखाइएको छ। राजस्व सङ्कलन पनि निकै कमजोर देखिन्छ। चालु आ.व.मा १४ खर्ब ४१ अर्ब सङ्कलन गर्ने लक्ष्य राखेकोमा जम्मा ४ खर्ब मात्रै (२८ प्रतिशत) उठेको छ। २६ खर्ब सार्वजनिक ऋण भएको देश ऋण तिर्न पनि थप ऋण लिनुपर्ने अवस्थामा पुगेको छ। देश कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्था पुग्दै छ।

पञ्चायत कालमा बर्दियामा कपास खेती हुन्थ्यो। त्यहाँ उत्पादन भएको कपासलाई बुटवलमा ल्याई धागो

बनाइन्थ्यो। बुटवल धागो कारखानाबाट उत्पादित धागो हेटौँडा कपडा उद्योगमा पुऱ्याइन्थ्यो र कपडा उत्पादन गरिंथ्यो। हेटौँडा कपडा उद्योगबाट उत्पादित कपडाबाटै निजामती कर्मचारी र शिक्षकहरूलाई ड्रेस लगाउन अनिवार्य गरेका थिए। त्यसले बर्दियाका हजारौँ किसानहरू, बुटवल र हेटौँडाका हजारौँ मजदुरहरूले रोजगारी पाइरहेका थिए। के त्यो वैज्ञानिक थिएन ? सरकारको स्वामित्वमा रहेको हेटौँडा कपडा उद्योग कौडीको मूल्यमा निजीकरण गरिएसँगै हजारौँको रोजगारी गुम्यो। यो देशको वास्तविक चित्र हो। वास्तवमा औद्योगीकरणबिना देशको विकास सम्भव छैन।

छिमेकी देश बङ्गलादेशले वार्षिक ४६ अर्ब डलर बराबरको तयारी पोशाक मात्रै निर्यात गर्छ। सन् २०२२–२३ मा ४६ अर्ब ९९ करोड डलरको तयारी पोशाक निर्यात गरेको थियो। बङ्गलादेशको अर्थतन्त्रको त्यो महत्त्वपूर्ण हिस्सा बनेको छ। नेपालमा संसारभरका तयारी पोशाकहरूले निर्बाध रूपमा प्रवेश पाएका छन्। ठुला उद्योगहरूसित नेपाली उद्योगहरूले प्रतिस्पर्धा गर्न सक्दैनन्। यही अवस्थालाई कायमै राख्ने हो भने ठुला माछाले सानो माछालाई खाएजस्तै नेपाली व्यापारीहरू क्रमशः समाप्त हुँदै जानेछन्।

अहिले दैनिक युवाहरू हजारौंको सङ्ख्यामा बिदेसिँदै छन्। गएको मङ्सिर महिनामा मात्र ८४ हजार युवाहरू श्रम रोजगारी लिएर बिदेसिए। यो एक महिनामा विदेश जानेहरूमध्ये सबभन्दा बढी हो। कलेज र विश्वविद्यालयमा हुनुपर्ने युवाहरू अहिले एयरपोर्टमा भेटिन्छन्। सन् २०२३ मा मात्र ८ लाख १० हजार युवाहरू श्रमको लागि बिदेसिए भने अध्ययन अनुमति लिएर १ लाख १० हजार विद्यार्थीहरू विदेश गएका छन्।

विद्यार्थी अभावमा यो वर्ष ५०४ वटा कलेजहरू बन्द हुँदै छन्। ती कलेजहरूमा १०० जना पनि विद्यार्थीहरू छैनन्। कक्षा १२ सम्म नेपालमा पढ्ने र त्यसपछि विदेशमा पढ्न जाने भने विद्यार्थीहरूमा एक प्रकारको लहर नै चलेको छ। नेपालका कलेज र विश्वविद्यालयहरूप्रति विद्यार्थीहरूको विश्वास गुम्दै गएको छ। विदेशी सम्बन्धन प्राप्त कलेजहरूमा खचाखच विद्यार्थी छन्। ती कलेजहरूमा महिनाको ४०।५० हजार शुल्क लिन्छन्। अहिले मान्छे बोक्ने हवाइजहाजहरूले नेपाली विद्यार्थीहरूबाट उठाइएको प्लेनका प्लेन पैसा बोकेर विदेश पुऱ्याउँदैछन्।

देशको अर्थतन्त्र परनिर्भर हुँदै जानुमा राज्य सञ्चालन गर्ने शासक दलहरू नै मुख्य रूपमा जिम्मेवार छन्। राज्यले औद्योगीकरणमा जोड दिएको भए अहिलेको जस्तो अर्थतन्त्र धराशायी हुने अवस्था आउने थिएन। मित्र देशहरूले नेपाल र नेपाली जनताको आर्थिक उन्नति र प्रगतिको लागि अनुदान सहयोग दिएर स्थापना गरिएका उद्योगहरू कौडीको मूल्यमा निजीकरण गर्दाको परिणाम देशले अहिले दुर्दशा भोग्नु परेको छ। विराटनगर जुट मिल्स, उदयपुर सिमेन्ट उद्योग, हेटौँडा सिमेन्ट कारखाना, जनकपुर चुरोट कारखाना, गोरखकाली टायर उद्योगलगायत नौ वटा उद्योगहरू सरकारले अहिले निजीकरणको प्रकृया अगाडि बढाउँदै छ।

शासक दलहरूले युवाहरू जति विदेश धपाएर देशलाई युवाविहीन र खोक्रो बनाउने राष्ट्रघाती काम गर्दै छन्। गलत काम गर्ने राजनैतिक दलहरूलाई जनताले आफ्नो मतमार्फत सजाय दिन नसकेसम्म यस्तो बेथिति र गञ्जागोल भइरहन्छ। अहिले नेपाली जनता पद र पैसाको प्रलोभनमा फसेका छन्। सामान्य अवस्थामा जनता नेताहरूलाई सराप्छन् तर जब चुनाव आउँछ फेरि त्यही बेइमान, भ्रष्टाचारी भनी गाली गरेकै नेतालाई जिताउँछन्। के यस्तोमा जनताको कुनै दोष छैन ? भोट दिने जनता असल र इमानदार भए नेताहरू इमानदार नभई सुखै छैन। त्यसकारण, देशमा भइरहेका बेथिति र विसङ्गतिहरूमा नेपाली जनता पनि दोषी छन्।

नेपाल विकासको सम्भावनै सम्भावना भएको देश हो। प्राकृतिक सुन्दरता, जल विद्युत्हरूको विकास, जडिबुटी खेती, फलफूल, पर्यटन, कृषि, पशुपालन आदि क्षेत्रका विकासले देशको अर्थतन्त्रलाई मजबुत बनाउन सकिन्छ।

विदेशीको दलाली गर्ने सोच भएकाहरूले राज्य सञ्चालन गरिरहेसम्म देशको अवस्था राम्रो हुनेछैन। तर, देशमा सधैँ यस्तो अवस्था भने रही रहँदैन। निराशा हुनु पर्ने कुनै कारण छैन। हामी सबै आशावादी भएर बाँचौं ! आ–आफ्नो क्षेत्रबाट देशको सेवा गर्नेतर्फ अग्रसर बनौं !

*(नेपाल टेलरिङ व्यवसायी सङ्घको २०८१ पुस २० गते सम्पन्न तेस्रो साधारणसभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सं.)*

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

# निर्वाचनलाई एक राजनैतिक र वर्गसङ्घर्षको रूपमा उपयोग गर्दै नेमकिपा

**विवेक**

कम्युनिस्टहरू आमूल परिवर्तनका पक्षपाती हुन्छन् । सशस्त्र क्रान्तिबिना आमूल परिवर्तन सम्भव छैन । सामन्तवादको अन्त्य पुँजीपतिवर्गले हतियारको बलमा गरेझैं पुँजीवादको अन्त्य र समाजवादी व्यवस्थाको स्थापना पनि हतियारकै बलमा मात्रै सम्भव हुन्छ । कम्युनिस्ट घोषणापत्रमा भनिएको छ– "सर्वहारावर्गले बल प्रयोगबाट पुँजीपतिवर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्दछ ।"

परिस्थिति परिपक्व नहुँदै सर्वहारावर्गले हतियार उठाएको अवस्थामा त्यो अनावश्यक बलिदानमा टुङ्गिन्छ । त्यसैले का. लेनिनले भन्नुभएको छ– "क्रान्तिको लागि शासकहरू पहिलेकै अवस्थामा शासन गर्न नसकेको र शासितहरू पहिलेकै अवस्थामा बस्न नचाहेको बेला राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल भएमा क्रान्ति हुन्छ ।"

समाज विकासक्रम निरन्तर अघि बढिरहन्छ । त्यसलाई कसैले पनि रोक्न सक्दैन । राज्यको उत्पत्ति भएदेखि आदिम साम्यवादी समाजबाहेक दासयुग, सामन्तवादीयुग र पुँजीवादी व्यवस्थामा समाज वर्गमा विभाजित हुने हुँदा वर्ग सङ्घर्ष चलिरहनेबारे स्पष्ट पार्दै कम्युनिस्ट घोषणापत्रमा भनिएको छ– "आदिम समुदायको विनासपछि नै समाजमा वर्गभेद सुरु हुन्छ र अन्त्यमा समाज परस्परविरोधी वर्गहरूमा बाँडिन्छ ।"

संसारका सबै कम्युनिस्टहरू समाजवाद स्थापनाका लागि सङ्घर्षरत छन् । उनीहरूको एउटै उद्देश्य हो, देशमा शोषणरहित राजनैतिक व्यवस्था समाजवाद हुँदै साम्यवादी समाजको स्थापना । त्यसको लागि कतिले हतियार उठाए भने कतिले क्रान्तिको वातावरण तयार गर्न वैचारिक र राजनैतिक सङ्घर्ष गर्दै छन् । सोभियत सङ्घ, चीन, क्युवा, प्रजग कोरियाजस्ता देशहरूमा सशस्त्र क्रान्तिकै माध्यमबाट समाजवादको स्थापना भएको हो ।

नेपालका केही कम्युनिस्ट पार्टीहरू निर्वाचनलाई नै समाजवाद स्थापनाको लागि अन्तिम गन्तव्य बनाउँदै छन् । एमाले झापा विद्रोह गरी व्यक्तिहत्याबाट उडाएको पार्टी हो । २०४६ सालको परिवर्तनपछि एमाले पुँजीवादी सरकारमा गयो । त्यतिखेर नेमकिपाले कम्युनिस्ट पार्टीहरू पुँजीवादी सरकारमा नगई आन्दोलनलाई निरन्तरता दिएर सोभियत सङ्घको फेब्रुअरी क्रान्तिसँग जोड्नुपर्नेमा जोड दिएको थियो । पञ्चायतको अन्त्य भइसकेको तर पुँजीवाद बलियो भइनसकेको अवस्थामा सर्वहारा क्रान्तिलाई अगाडि बढाउनु वातावरण अनुकूल पनि थियो । एमाले नेकाको नेतृत्वमा बनेको पुँजीवादी सरकारमा गएपछि जनआन्दोलन अगाडि बढ्न सकेन ।

पुँजीवादी सरकारमा गएर एमालेले जनतालाई शासन र शोषण गर्दै छ । समाजवाद स्थापनाको दीर्घकालीन उद्देश्य त्यागेर एमाले पुँजीवादी सरकारमा रमाउँदै दक्षिणपन्थी अवसरवादमा परिणत भएको छ । एमाले कम्युनिस्ट आचरणविपरीत काम गर्दै उहिले नै भाइकाङ्ग्रेस बनिसकेको थियो । सशस्त्र सङ्घर्षबाट अघि बढेको माओवादी पार्टी पनि २०६३ सालदेखि पटक पटक पुँजीवादी सरकारमा गयो । माओवादी अध्यक्ष प्रचण्ड पटक पटक प्रधानमन्त्री भए तर कुनै परिवर्तन भएन बरु माओवादी स्वयं संशोधनवादी बाटोमा नराम्ररी फस्यो । जसरी एमाले सरकारबिना बस्नै नसक्ने अवस्थामा पुग्यो अहिले माओवादीको अवस्था त्यो भन्दा फरक भएन ।

देश र जनताको इमानदारीपूर्वक सेवामा लाग्नुपर्ने कम्युनिस्टहरू पद र पैसाकै निम्ति झगडा गर्न थाले । पुँजीवादी निर्वाचन जित्न करोडौँ खर्च गर्ने, भ्रष्टाचारी र तस्करहरूलाई नजिकको मित्र बनाउने र सरकारमा गएपछि तिनीहरूलाई नै सांसद र मन्त्री बनाउने जस्ता नैतिकताहीन कार्यहरू गरे । उनीहरूले पुँजीवादी सरकारमा जान पार्टीको सिद्धान्त, विचार, मूल्यमान्यतालाई परित्याग गरे; जोसुकैसँग जस्तोसुकै गठबन्धन गरेर सरकारमा बस्ने र टिकिरहने अनैतिक व्यवहारहरू देखाए । प्रमुख प्रतिपक्षमा बस्नुपर्ने एमाले अहिले संसद्कै सबभन्दा ठूलो दल नेकासँग गठबन्धन गरेर सरकारको नेतृत्व गर्नु त्यसको एउटा उदाहरण हो भने माओवादी कहिले नेकासँग मिलेर चुनाव लड्ने त कहिले एमालेसँग मिलेर चुनाव जित्ने तथा एउटा पार्टीसँग चुनाव लड्ने अर्को पार्टीसँग सरकार बनाउने जस्ता गतिविधिहरू सिद्धान्तहीनताका अर्का उदाहरणहरू हुन् ।

चुनावबाटै समाजवादको सपना देख्नु संशोधनवाद हो । संशोधनवाद कम्युनिस्ट आन्दोलनमा देखापरेका पुँजीवादी विचार हो । कम्युनिस्ट आन्दोलन संशोधनवादविरुद्ध वैचारिक आन्दोलन पनि हो । नेपाल मजदुर किसान पार्टीले नेपाल कम्युनिस्ट आन्दोलनमा देखापरेका संशोधनवादी विचारको खण्डन गर्दै कम्युनिस्ट आन्दोलनको रातो झन्डालाई उच्च बनाउँदै छ ।

## नेमकिपा किन चुनावमा भाग लिन्छ ?

नेपाल मजदुर किसान पार्टीले चुनावलाई एक राजनैतिक

र वर्गसङ्घर्षको रूपमा लिएको छ। चुनावमा जितेर शासक बन्न होइन नेमकिपाले देश र जनताको इमानदारीपूर्वक सेवा गर्न निर्वाचनलाई उपयोग गर्दै आएको छ। प्रतिक्रियावादी सङ्घ संस्थामा गएर पनि जनताको सेवा गर्ने लेनिनवादी नीतिलाई नेमकिपाले आत्मसात गर्दै आएको छ।

राजनैतिक दलहरू प्रतिबन्धित अवस्थामा भएका पञ्चायती निर्वाचनहरूलाई पनि नेमकिपाले उपयोग गर्दै आएको थियो। संसद्मा जनविरोधी विधेयकहरूको विरोध गर्न, जनपक्षीय विधेयकहरू अगाडि बढाउन, देशघाती सन्धि सम्झौताहरू सजिलैसित पारित गर्न नदिने तथा जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित पार्न निर्वाचनलाई उपयोग गर्दै आएको हो। साथै साम्राज्यवादी देशहरूले कमजोर देशहरूमाथि गरेको हमला, थिचोमिचो र हस्तक्षेपको विरोध गर्दै नेमकिपाले अन्तर्राष्ट्रिय कर्तव्य पूरा गर्दै आएको छ।

संसद्मा नेमकिपा नरहेको भए देशघाती एमसीसीको विरोध गर्ने पार्टीहरू पनि हुने थिएनन्। नागरिकता विधेयक, लगानी बोर्ड विधेयकजस्ता संसद्बाट पारित देशघाती विधेयकहरूको विरुद्ध नेमकिपा एक्लैले भए पनि सडक र सदनमा सङ्घर्ष गर्दै आयो। अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरुद्ध निरन्तर सङ्घर्ष गर्ने नेमकिपा नेपालको एक मात्र देशभक्त र अन्तर्राष्ट्रवादी पार्टी हो। नेमकिपाले कम्युनिस्ट सिद्धान्त र विचारप्रति इमानदार र प्रतिबद्ध पार्टीको पहिचान बनाएको छ। संसद्मा नेमकिपा नभएको भए प्रतिपक्ष बिहीनजस्तो हुनेछ अर्थात् नेमकिपा संसद्मा प्रखर प्रतिपक्षको भूमिका खेल्न सफल भएको छ।

पार्टी भनेको भीड होइन, विचार र सिद्धान्त हो। सिद्धान्त र विचारमा प्रतिबद्ध र अनुशासित कार्यकर्ताहरूको जमात नै राजनैतिक पार्टी हो। उसले आदर्श समाज निर्माण गर्ने उद्देश्य लिएर दर्शनको आधारमा एउटा वर्गको प्रतिनिधित्व गरेको हुन्छ। नेमकिपा समाजवादी विचारको हतियारले सुसजित पार्टी हो। नेमकिपा विचारले सुसजित ठुलो कार्यकर्ता पङ्क्ति तयार गर्ने अभियानमा छ। उसले सङ्ख्यालाई भन्दा गुणलाई जोड दिइरहेको छ। चुनावमा झूटा आश्वासन दिने, भोज खुवाउने वा पैसा खर्च गर्ने काम नेमकिपाको उम्मेदवारहरूले कहिल्यै गरेनन् बरु हार स्वीकार गरे तर अनैतिक काम गरेनन्। जनताको राजनैतिक चेतनास्तर उठाउन पार्टी कार्यकर्ताहरू निरन्तर लागिरहेका छन्। स्थापनाकालदेखि सामन्त र पुँजीपतिवर्गसँग सम्झौताहीन सङ्घर्ष गर्दै नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनमा छुट्टै पहिचान बनाएको छ।

नेमकिपाले स्थानीय निर्वाचनमा पनि भाग लिई जनताको सेवा गरिरहेको छ। जहाँ जहाँ नेमकिपाका उम्मेदवारहरू जिते त्यहाँ त्यहाँ जनताको निम्ति राम्रो काम भएका छन्। उदाहरण भक्तपुर नगरपालिका हो। भक्तपुर नपामा नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले लामो समयदेखि काम गरिआएका छन्। २०७४ र २०७९ सालमा भएका निर्वाचनहरूमा भनपामा शतप्रतिशत नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित भए।

शिक्षामा शिशुशालादेखि सात ओटा कलेजहरूसम्म सञ्चालन गर्ने भक्तपुर नेपालको एक मात्र नगरपालिका हो। नगरपालिकाबाट सञ्चालित कलेजहरूले देशभरका जनताका छोराछोरीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् भने स्वास्थ्यमा घरदैलो नर्सिङदेखि १०० शय्याको अस्पतालसमेत सञ्चालन गरी स्वास्थ्य उपचारमा सबै नागरिकको पहुँच पुऱ्याएको छ। सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणमा जनसहभागिता, सीपमूलक तालिमहरू सञ्चालन गर्दै जनतालाई स्थानीय सरकारको अनुभूति हुने गरी काम गरिरहेको छ। नेपालको संविधानले अङ्गीकार गरेको समाजवादउन्मुख कार्यहरू भक्तपुर नगरपालिकाले गर्दै आएको छ। त्यो भक्तपुरमा मात्र होइन, नेमकिपा जितेका कालीकोट, दैलेख, जुम्लामा पनि यस्तै उदाहरणीय कार्यहरू हुँदै आएका छन्।


अहिले ७५३ वटा पालिका भए पनि भक्तपुर नगरपालिकालाई नमुना पालिकाको रूपमा लिने गरिन्छ। धेरै पालिकाका प्रमुख, उपप्रमुख र जनप्रतिनिधिहरू तथा सांसद र मन्त्रीहरूसमेत भनपाको काम गर्ने शैली हेर्न भक्तपुर पुग्ने गरेका छन्। अहिले भक्तपुर सबैको लागि सिक्ने ठाउँको रूपमा विकास हुँदै छ। संविधान र ऐन कानुनभित्र रहेर एउटा कम्युनिस्ट पार्टीका उम्मेदवारहरू जितेको अवस्थामा के कति काम गर्न सकिन्छ भन्ने भक्तपुर नगरपालिका एउटा उदाहरण बनेको छ।

नेमकिपाका नेता कार्यकर्ताहरूले कहिल्यै व्यक्तिगत स्वार्थको निम्ति काम गरेनन्। व्यक्तिगत फाइदाको निम्ति काम गर्नेहरू नेमकिपामा टिकिरहन पनि सकेनन्। कति निर्वाचित सांसद र जनप्रतिनिधिहरूले पार्टी छोडे, कति निकालिए तर पार्टीको सिद्धान्त र विचारमा कुनै किसिमका आँच आउने काम हुन दिइएन। नेपाल कम्युनिस्ट पार्टीहरूमा देखापरेका खोटा विचारहरूको खण्डन गर्दै नेमकिपा देशको कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भको रूपमा अगाडि बढ्दै छ। नेमकिपाले अगाडि बढाएको कम्युनिस्ट पार्टीको रातो झण्डालाई अझ उच्च बनाउनु सम्पूर्ण नेता, कार्यकर्ता, शुभचिन्तकहरूको कर्तव्य र जिम्मेवारी हो। नेमकिपाको ५१ औँ स्थापना दिवसको अवसरमा सबैलाई हार्दिक बधाई तथा शुभकामना !

# बेन्जामिन फ्रांकलिन



राजेन्द्र बहादुर कायष्ठ



**विषय प्रवेश :** खपत हुने शक्तिलाई ऊर्जा भनिन्छ । ऊर्जालाई पुनः प्राप्त गर्न लाग्ने समयको आधारमा नवीकरणीय र अनवीकरणीय ऊर्जा गरी दुई भागमा वर्गीकरण गरिएको छ । एकचोटि प्रयोग गरिसकेपछि छोटो समयमा नै पुनः प्राप्त गर्न सक्ने ऊर्जालाई नवीकरणीय ऊर्जा भनिन्छ । जस्तै, जलविद्युत् ऊर्जा, वायु ऊर्जा, सौर्य ऊर्जा, पराल, छ्वाली, गोबर ग्यास आदि । प्रयोग गरिसकेपछि वा रित्तिएपछि पुनः प्राप्त गर्न लाखौं वर्ष लाग्ने ऊर्जालाई अनवीकरणीय ऊर्जा भनिन्छ । जस्तै, पेट्रोल, डिजेल, मट्टीतेल, कोइला आदि । हाल प्रयोग भइरहेका विभिन्न ऊर्जाहरूमध्ये सबभन्दा महत्त्वपूर्ण ऊर्जा विद्युत् हो । आजभोलि विद्युत् ऊर्जाबिनाको विश्व हामी कल्पना पनि गर्न सक्दैनौं । केही समयमात्र विद्युत् बन्द भएमा हाम्रो दैनिकीमा ठूलो असर पार्दछ । यसको कारण आजको विश्वमा अधिकांश वैज्ञानिक यन्त्रहरू जस्तै, मोबाइल, कम्प्युटर, प्रिन्टर, क्यामरा, विभिन्न उपकरणहरू, टेलिभिजन, रेडियोलगायत धेरै यन्त्रहरू विद्युतीय ऊर्जाबाट नै सञ्चालित भएको हुन्छ । यस्तो महत्त्वपूर्ण विद्युत्का बारेमा गम्भीर परीक्षण गर्ने प्रथम वैज्ञानिक बेन्जामिन फ्रांकलिन (Benjamin Franklin, 1706-1790) हुन् । बेन्जामिन फ्रांकलिनको सबभन्दा महत्त्वपूर्ण योगदान स्थिर विद्युत् (electrostatics) मा थियो । उनी वैज्ञानिक मात्र नभएर बहुप्रतिभाशाली व्यक्ति, उपदेशक, शिक्षा प्रचारक, प्रकाशक, उत्कृष्ट व्यवसायी, दार्शनिक र राजनीतिज्ञ पनि थिए । उनी औपचारिक उच्च शिक्षाबिना पनि आफ्नो मिहिनेत र लगनबाट विश्व प्रसिद्ध हुन सफल भए ।

**बाल्यकाल र शिक्षा :** बेन्जामिनको जन्म १७ जनवरी १७०६ मा Milk Street, Boston, Massachusetts, United States सहरमा भएको थियो । उनका पिताको नाम जोसिया फ्रांकलिन थियो । उनको पिताका दुई श्रीमतीहरूको तर्फबाट १७ जना छोराछोरीहरूमा उनी दसौं सन्तान र कान्छा छोरा थिए । उनका पिता मैनबत्ती र साबुन बनाउने कार्य गर्दथे । धेरै सन्तान र कमजोर आर्थिक अवस्थाको कारण उनको पिताले बेन्जामिन ८ वर्षको भएपछि मात्र बोस्टन सहरको एक ग्रामर स्कूलमा भर्ना गरिदिए । तर घरको आर्थिक अवस्था कमजोर भएकोले विद्यालय भर्ना भएको दुई वर्षमा नै विद्यालय छोड्नु पर्‍यो । यसरी उनको औपचारिक शिक्षा १० वर्षको उमेरमा नै समाप्त भयो । त्यसपछि उनका पिताले बेन्जामिनलाई आफ्नै मैनबत्ती बनाउने उद्योगको काममा लगाए । विद्यालयमा पढ्न नपाए पनि बेन्जामिनलाई सानैदेखि लेख्न र पढ्नमा खुबै रुचि थियो । उनी नयाँ पुस्तकहरू पढ्न र नयाँ कुराहरूको खोज गर्ने काममा औधी रुचि राख्दथे । यसकारण, उनका पिताले उद्योगमा काम लगाए पनि त्यसमा पटक्कै रुचि लागेन । सानै उमेरदेखि बेन्जामिन आफूसँग भएको पैसा जम्मा गरी नयाँ नयाँ पुस्तकहरू किनेर पढ्दथे । कहिलेकाहीँ उनी भोकै बसेर भात खाने पैसाबाट नयाँ पुस्तकहरू किनेर अध्ययन गर्दथे ।

बेन्जामिनलाई आफ्नो पिताको उद्योगमा काम गर्न दिक्क लागेपछि उक्त काम छोडेर दाजु जेम्सले प्रकाशन गर्दै आएको 'दि न्यु इङ्गल्यान्ड करेन्ट' (The New England Current) नामक एक साप्ताहिकमा काम गर्न गए । यस कार्यमा बुबा जोसिया फ्रांकलिनले पनि आफ्नो छोराको रुचिलाई ध्यान दिएर दाजुको प्रेसमा काम गर्न उत्प्रेरित गरे । त्यसबेला बेन्जामिन १२ वर्षका मात्र थिए । उनले प्रेसमा काम गर्दा गर्दै छिट्टै टाइप सेट गर्ने र मेसिन

चलाउने जस्ता कामहरू सिके। यसैक्रममा उनले प्रेसमा काम दिन आएका पुस्तक बिक्रेताहरूको ठिटाहरूसँग पुस्तकहरू उधारोमा लिएर नयाँ नयाँ पुस्तकहरू पढ्न थाले।



प्रेसमा काम गर्दै बेन्जामिन (बिचमा)

**सङ्घर्ष** : बेन्जामिनले फुर्सदको समयमा बिस्तारै लेखहरू पनि लेख्न थाले। तर, दाजुले उनलाई विश्वास गरिनसकेको अवस्थामा आफ्ना नाम नराखी उनले छद्म नामबाट दाजुको पत्रिकामा आफ्नो लेखहरू छपाउन थाले। उनको लेखको सबैतिर प्रशंसा हुनथाल्यो। उनको दाजुले पनि प्रशंसा गरे। तर, उनको दाजुले उक्त लेखहरू आफ्नै भाइको हो भन्ने पछि मात्र थाहा पाए। बेन्जामिनले आफ्नो लेखहरू उन्नत बनाउन र शिष्ट भाषा प्रयोग गर्न नयाँ र तार्किक विचारहरू समावेश गर्ने उद्देश्यले भाषा, लेखनशैली तथा तर्कशास्त्रका थुप्रै पुस्तकहरू अध्ययन गरे। उनले दार्शनिक सुकरातका तर्कशास्त्रलाई राम्ररी अध्ययन गरे। यसले गर्दा उनका लेखहरू झन्झन् परिष्कृत र स्तरीय हुँदै गयो। यसैक्रममा सन् १७२१ मा जेम्सको पत्रिका 'दि न्यु इङ्गल्यान्ड करेन्ट' मा प्रकाशित केही समाचारमा प्रशासनले आपत्ति जनाउँदै पत्रिका प्रकाशनमा बन्देज लगायो। त्यसपछि बेन्जामिनको नाममा अर्को पत्रिका दर्ता गरी जेम्स र बेन्जामिनले सञ्चालनमा ल्याए। यसको केही समयपछि दाजुभाइबिच पत्रिका प्रकाशनबारे मतभेद भयो र बाध्य भएर बेन्जामिनले बोस्टन सहर छाड्ने निर्णय गरे।

बेन्जामिनले बोस्टन छाडेपछि फिलाडेल्फिया गए। उनमा प्रेस सञ्चालनसम्बन्धी ज्ञान र सीप भएका कारण फिलाडेल्फियामा सहजै काम पाए। तर, उनको आफ्नो इच्छा आफ्नै प्रेस स्थापना गर्ने थियो। यसको लागि उनको कामबाट बढी प्रभावित भएका पेनसेल्भिनिया प्रान्तका गभर्नर सर विलियम कीथसँग सहयोग मागे। उनले पनि बेन्जामिनको आग्रहलाई स्वीकार गरी सहयोग गर्ने वचन दिए। त्यसपछि छपाइ मेसिन किन्नको लागि बेन्जामिन इङ्गल्यान्डतिर गए। त्यहाँ पुगेपछि छपाइ मेसिन हेरेर



पत्रिका बेच्दै बेन्जामिन

किथलाई आफ्नो वचनअनुसार रकम पठाउन आग्रह गरे। तर, किथले आफ्नो वचन फेर्दै रकम पठाउन आनाकानी गरे र अन्ततः रकम पठाएनन्। यसबाट बेन्जामिन बिचल्लीमा परे। त्यसपछि बेन्जामिन आफ्नो प्रेस स्थापना गर्ने उद्देश्य छोडेर लगभग १८ महिना जति इङ्गल्यान्डमा बसेर विभिन्न काम गरी बसे। त्यसपछि उनी पुनः फिलाडेल्फियामा फर्केर क्यामर भन्ने व्यक्तिको प्रेसमा राम्रो तलबमा कार्य गर्न थाले। तर, उनले पनि बेन्जामिनबाट फाइदा लिए पछि आफ्नो प्रेसबाट निकालिदिए। यसको केही समयपछि क्यामरले नोट छाप्ने कार्य पाएपछि यसमा दक्ष बेन्जामिनसँग माफी माग्दै पुनः प्रेसमा काम गर्न बोलाए। केही समयपश्चात् बेन्जामिनलाई उक्त प्रेसमा कार्य गर्न मन परेन र उनले साथी ह्यु मेरेडिथसँग साझेदारीमा आफ्नै प्रेस सञ्चालनमा ल्याए। त्यसपछि उनले पुनः पत्रिका प्रकाशन सुरु गरे। यसको २ वर्षपछि ऋण लिएर प्रेसलाई एकलौटी बनाए।

**उपलब्धि** : बेन्जामिनले प्रेस सञ्चालनको क्रममा मानिसहरूको बौद्धिक विकासको लागि फिलाडेल्फियामा 'जन्टो' नामक एक अध्ययनमण्डल (Study Circle) को स्थापना गरे। त्यस समूहले सदाचार, राजनीति, दर्शनशास्त्र, विज्ञान आदि विषयमा छलफल, अन्तरक्रिया, चर्चा गर्ने र सहरमा सुधार तथा बौद्धिक विकास गर्ने लक्ष्य लिएको


थियो। उनले स्थापना गरेको अध्ययन संस्था 'जन्टो' को गतिविधि टाढाटाढासम्म फैलियो। त्यो समूह पछि गएर 'अमेरिकन फिलोसोफिकल सोसाइटी' मा परिणत भयो। यही सोसाइटीले नै 'कमिटी अफ सेक्रेट करेस्पोन्डेन्स' नामक समितिहरू बनायो। यसले नै अमेरिकी स्वतन्त्रताको घोषणापत्र तथा अमेरिकी क्रान्तिको आधारशिला खडा गऱ्यो।

उनी ४२ वर्षको हुँदा प्रेस तथा प्रकाशनको कार्यबाट बेन्जामिनले धेरै पैसा कमाइसकेका थिए। यसकारण, उनी अब प्रेसका कार्यबाट मुक्त भएर आफ्नो जीवन समाजसेवा तथा वैज्ञानिक प्रयोगतर्फ समर्पित गर्न अघि सरे। उनलाई सामाजिक कार्यलगायत समाजसेवामा सानैदेखि रुचि थियो। किनकि उनले २५ वर्षको उमेरमा नै फिलाडेल्फियामा एक पुस्तकालयको स्थापना गरेका थिए। यसलाई अमेरिकाको पुस्तकालयको इतिहासमा कोसेढुङ्गाको रूपमा लिइन्छ। यसरी नै उनले आगलागीबाट पीडितहरूलाई उद्धार गर्न अमेरिकाको पहिलो संस्था अग्नि बीमा कम्पनी फिलाडेल्फियामा स्थापना गरे। उनले पेनसिल्भिनिया एकेडेमीको पनि स्थापना गरे। यही एकेडेमीपछि गएर पेनसिल्भिनिया विश्वविद्यालयमा परिणत भयो। सन् १७५३ मा उनी हुलाक विभागको प्रमुखमा नियुक्त भए। आफ्नो कार्यकालमा उनले डाकसेवालाई उल्लेखनीय रूपमा सुधार गरे। त्यस्तै उनी फिलाडेल्फिया प्रान्तको साधारणसभाको सदस्यमा पनि निर्वाचित भए। उनले त्यहाँ लामो समयसम्म सभासद्को रूपमा कार्य गरे।



बेन्जामिनको विद्युत्सम्बन्धी प्रयोग


**वैज्ञानिक कार्यको शुभारम्भ :** बेन्जामिनको प्रसिद्धी युवावस्थामा व्यापार र समाजसेवामा थियो। उनी ३८ वर्षको उमेर भएपछि विज्ञानको अनुसन्धानमा विशेष रुचि हुन थाल्यो। उनको विज्ञानको क्षेत्रमा महत्त्वपूर्ण योगदान भनेको 'स्थिर विद्युत्' (Electrostatics) हो। उनले सन् १७५२ मा आकाशमा चम्कने बिजुली र धर्तीमा विद्युत्का रूपमा देखिने चट्याङ र कृत्रिम बिजुली एकै भएको तथ्य पत्ता लगाए। बेन्जामिन त्यस्ता प्रथम वैज्ञानिक हुन् जसले विद्युत्का बारेमा गम्भीर र खतरनाक परीक्षण गरे। उनले चट्याङबाट घरलाई बचाउन चट्याङ छडीको आविष्कार पनि गरे। उनले विद्युत्मा धनात्मक र ऋणात्मक गरी दुई अवस्थाहरू हुने र विद्युत् सुचालक तारमा पाइपमा पानी जस्तै बग्छ भन्ने धारणा राखेका थिए। सन् १७५२ मा बेन्जामिनले विद्युत् विज्ञानमा गरेको कार्यलाई कदर गर्दै बेलायतको लण्डनस्थित वैज्ञानिक समाज रोयल सोसाइटीले आफ्नो मुखपत्रमा बेन्जामिनको वैज्ञानिक कार्यलाई महत्त्व दिएर छाप्यो। पछि उक्त सोसाइटीमा उनलाई सदस्य बनाए।




बेन्जामिनले चङ्गामा प्रयोग गरेको विद्युत् परिपथ

**कसरी भयो आविष्कार :** बेन्जामिनले विद्युत्सम्बन्धी परीक्षण गर्न स्थिर विद्युत् सञ्चित गरेर राख्न प्रयोग गरिने उपकरण लाइडन जार (Leyden Jar) मा गरेका थिए। उनले सिसाको लाइडन जारमा अलिकति पानी भरेका थिए। सिसालाई भित्र र बाहिर दुवैतिरबाट टिनको पाताले मोडेका थिए। लाइडन जारको मुखबाहिरसम्म निस्कने गरी टुप्पामा फलामको डल्लो भएको धातुको रड राखेका थिए। रडको भित्री टुप्पामा तार जोडिएको थियो। यसमा रडलाई छुने व्यक्तिलाई विद्युत्को झट्का महसुस हुन्थ्यो। परीक्षणकै क्रममा उनले लाइडन जारमा उत्पादित विद्युत् सञ्चय गर्ने ज्ञान पनि हासिल गरे। एकदिन आफ्नो परीक्षण प्रदर्शन गर्ने क्रममा उनले भुलवश धातुको टुप्पोमा राखिएको फलामको डल्लो छुन पुगे। लाइडन जारबाट निस्केको निलो रंगको बिजुलीको लहर उनको हातमा फैलियो र उनलाई ६ फिटजति पर धकेलिदियो। यसबाट उनी भुइँमा पछारिए। यस घटनाबाट बेन्जामिनले बिजुलीको यो धक्का र आकाशबाट पर्ने चट्याङले

दिने धक्काको सानो रूपजस्तै रहेछ भन्ने निष्कर्षमा पुगे। यसपछि उनले गल्तिले बिजुली छुँदा खाएको धक्काले आकाशबाट पर्ने चट्याङ र लाइडन जारबाट उत्पादित बिजुली एकै हुन् भन्ने प्रमाणित गर्ने हौसला उनको मनमा बढ्यो। यसको लागि उनले आकाशबाट चट्याङका रूपमा प्रवाह हुने विद्युत् सञ्चित गर्नका लागि धातुको तारलाई आकाशमा राखिएको चङ्गामा जोडे। सुचालक तारबाट बगेको विद्युत् फेदमा जडान गरिएको फलामको साँचोमा जम्मा हुने गरी विद्युत् परिपथको निर्माण गरे। उनले फलामको साँचो एक छेउमा विद्युत् प्रवाह नहुने गरी रिबनले कसेका थिए। उनले तयारी गरेका एक हप्तापछि आकाशमा आँधी आयो र अँध्यारो भयो। त्यसपछि उनी धातुको मसिनो तारलाई धागोको रूपमा प्रयोग गरी चङ्गा उडाए र त्यस चङ्गालाई बादलसम्म पुऱ्याए। चंगा बादलमा पुगेपछि उनले तारको धागोबाट बिजुलीको झट्का महसुस गरे। यस परीक्षणबाट कृत्रिम विद्युत् र बादलको प्राकृतिक विद्युत् एउटै हुन् भन्ने कुरा पत्ता लगाए। बेन्जामिनको यही परीक्षणका कारण १९औँ शताब्दीको सुरुमा भोल्टा, फाराडे अर्स्तेडलगायत अन्य वैज्ञानिकहरूले विद्युत्बारे थप खोजी गरे।



अमेरिकी स्वतन्त्रताको घोषणापत्रको मस्यौदामा छलफल गर्दै (बायाँबाट) बेन्जामिन फ्रांकलिन, जोन आदम्स र थोमस जेफर्सन, सन् १७७६

## बेन्जामिनका प्रमुख आविष्कारहरू :

- Swim fins (1717)
- Franklin/Pennsylvania stove (1741)
- Lightning rod (1750)
- Flexible catheter (1752)
- 24-hour, three-wheel clock that was much simpler than other designs of the day (1757)
- Glass armonica, a simple musical instrument made of spinning glass (1762)
- Bifocals (1784)
- Electrostatics

**अमेरिकी स्वतन्त्र सङ्ग्राममा बेन्जामिनको भूमिका :** उनको पालामा अमेरिका बेलायतको उपनिवेश थियो। औपचारिक शिक्षा नपाए पनि सफल व्यवसायी, समाजसेवी, शिक्षा प्रचारक तथा वैज्ञानिक बेन्जामिनले देशको स्वतन्त्रता सङ्ग्राममा मुख्य भूमिका खेलेका थिए। सन् १७६६ को जुलाई ४ तारिखको स्वतन्त्रताको घोषणा पत्रमा हस्ताक्षर गर्नेहरूमध्ये बेन्जामिन एक प्रमुख व्यक्ति थिए।

यसरी नै सन् १७८७ मा अमेरिकाको संविधानलाई अन्तिम रूप दिनमा पनि बेन्जामिनको महान् योगदान रहेको छ।

**विवाह :** आफ्नो मिहिनेत र सीपको माध्यमबाट बेन्जामिन २७ वर्षको हुँदा आर्थिक रूपमा सम्पन्न भइसकेका थिए। उनले आफू आर्थिक रूपमा सक्षम भइसकेपछि सन् १७३० सेप्टेम्बर १ मा आफ्नो पूर्व प्रेयसी Deborah Read सँग विवाह गरे। उनको पत्नी Deborah Read को विवाह यसअघि नै भइसकेको थियो। पछि अघिल्लो श्रीमान्सँग उनी छुट्टिएर बसेका थिए। उनीबाट बेन्जामिनको तीनजना सन्तानहरू William Franklin, Sarah Franklin Bache, Francis Folger Franklin जन्मेका थिए। यीमध्ये बिफरको कारण ४ वर्षको उमेरमा छोरा Francis Folger Franklin को मृत्यु भएको थियो।

## बेन्जामिनसम्बन्धी केही तथ्यहरू :

क) सन् १७५२ मा उनले आकाशमा बिजुली चम्कनु दैविक शक्ति नभइकन विद्युतीय शक्तिबाट भएको भनी प्रमाणित गरेर देखाए।

ख) उनको बौद्धिक क्षमता र समाजसेवाका लागि कदर स्वरूप बेलायतको क्याम्ब्रिज महाविद्यालयले उनलाई




बेन्जामिनको चित्र अङ्कित हुलाक टिकटहरू

एम.ए.को डिग्री प्रदान गरेको थियो ।

ग) उनले औपचारिक शिक्षाबिना नै एम. ए. र पी.एच.डी. उपाधी पाएका थिए ।

घ) उनले अमेरिका स्थापनाका ४ ओटा मुख्य दस्ताबेजहरू the Declaration of Independence (1776), the Treaty of Alliance with France (1778), the Treaty of Paris establishing peace with Great Britain (1783) and the U.S. Constitution (1787) मा हस्ताक्षर गरेका थिए ।

ङ) उनले सन् १७५३ मा विद्युत्सम्बन्धी अध्ययनको लागि रोयल सोसाइटीबाट Copley Medal पाएका थिए ।



बेन्जामिनको चित्र अङ्कित अमेरिकी डलर


च) उनले आफ्नो जीवनकालमा Harvard, Yale, Cambridge, Oxford र the University of Edinburgh बाट मानार्थ डिग्री हासिल गरेका थिए ।

छ) सन् १९०६ मा बेन्जामिनको २०० औँ जन्मदिनदेखि American Philosophical Society ले Benjamin Franklin Medal प्रदान गर्दै आएको छ ।

ज) बेन्जामिनलाई हाल अमेरिकामा Founding Father of the United States को रूपमा चिनिन्छ ।

झ) बेन्जामिनले आफ्नो जीवनकालमा ३० ओटाभन्दा बढी चर्चित पुस्तकहरू लेखेका थिए ।

ञ) उनले आफ्नो जीवनकालमा ४,२७६ ओटा जति लेखहरू प्रकाशित गरेका थिए ।



वैज्ञानिक बेन्जामिनको प्रतिमा

ट) उनका दुई छोरा र एक छोरी थिए । जसमध्ये सानो छोराको मृत्यु ४ वर्षको उमेरमा बिफर भाइरसको कारण भएको थियो ।

ठ) बेन्जामिनको जीवनको उत्तरार्द्धमा अमेरिकाको Stamp Act of 1765 र दासप्रथाको मामिलामा उनले लिएको अडानको कारण आम जनमानस र राजनीति वृत्तमा उनको प्रतिष्ठा र सम्मान गुमाउनु परेको थियो ।

द) बेन्जामिनले जस्तै मसिनो सुचालकको प्रयोग गरी चङ्गा उडाएर विद्युत्सम्बन्धी परीक्षण गर्ने क्रममा चट्याङमा परेर फ्रान्सेली वैज्ञानिकको मृत्यु भएको थियो ।

ढ) सन् १७८७ मा अमेरिकाको संविधानलाई अन्तिम रूपरेखा दिनमा पनि बेन्जामिनको महान् योगदान थियो ।

ण) आफूले गरेको आविष्कारमा सबै मानिस र समुदायको निरन्तर हक रहोस् भनेर आफ्नो नाममा प्याटेन्ट (एकस्व) समेत गराएनन् ।

त) उनी संरा अमेरिकाका एक संस्थापक र अमेरिकी स्वतन्त्रता सङ्ग्रामका प्रमुख नेतामध्ये एक हुन् । उनी

राष्ट्रपति नभए पनि स्वतन्त्रता सङ्ग्रामपछिको पहिलो राष्ट्रपति जत्तिकै उनलाई सम्मान गरिन्छ ।

थ) उनको सम्मानमा अमेरिकी सय डलरको नोटमा बेन्जामिन फ्रांकलिनको तस्बिर छापिएको छ ।

द) उनले देशको स्वतन्त्रताको पक्षमा अमेरिकी जनतालाई सङ्गठित गर्न ठुलो योगदान गरेका थिए । अमेरिकी क्रान्तिकारी विचारलाई बलियो बनाउने र विदेशी समर्थन जुटाउने काम पनि गरेका थिए ।

ध) उनको सम्मानमा अमेरिकामा हुलाक टिकटहरू जारी गरिएका छन् । त्यस्तै प्रतिमाहरू स्थापना गरिएका छन् ।

**निधन :** वैज्ञानिक, दार्शनिक, व्यवसायी, उपदेशक, शिक्षाप्रचारक, राजनीतिज्ञ, जनताको कल्याण गर्ने र बहुप्रतिभाशाली बेन्जामिनको मृत्यु ८४ वर्षको उमेरमा सन् १७९० अप्रिल १७ मा भयो ।

त्यसबेला अमेरिकामा दासप्रथा थियो । बेन्जामिन दासप्रथाका समर्थक थिए र स्वयंका दासहरू थिए । त्यसैले यी वैज्ञानिकले संसार छोड्ने बेलामा अमेरिकी राजनीतिज्ञहरूबाट तिरस्कृत हुनपर्‍यो र आम जनतामा भएको प्रतिष्ठा पनि गुमाउन बाध्य भए ।

**सन्दर्भ सामग्रीहरू :**

क) आजको विज्ञान : विकास बज्राचार्य (खोजी प्रकाशन गृह प्रालि)

ख) जेम्स वाट र अन्य वैज्ञानिकहरू : तुलसीदास महर्जन (मूल्याङ्कण प्रकाशन गृह)

ग) युवामञ्च : वर्ष ३७, अङ्क ८

घ) गुगल

**बसिबियाँलो (क) को उत्तर : १२ ।**

# जीवन–आचरण

## सत्य लुक्दैन

एउटा आँपको रूखको विषयमा मोहन र रामबिच झगडा हुन्थ्यो । दुवैले रूख आफ्नो भएको दाबी गर्थे । रामले भन्दा मोहनले यो विषयमा बढी झगडा गर्थे । मोहन रामभन्दा बलियो थियो । त्यसकारण, दरबारमा उजुरी दिइएको थियो । बादशाहले मुद्दाको निर्णय गर्न वीरबललाई सुम्पेका थिए । मोहन र राम वीरबलसामु उपस्थित भए । वीरबलले मोहनसित सोधे “के त्यो रूख तिम्रो हो ?” मोहनले भने “हो सरकार, त्यो रूख मेरै हो ।” त्यसपछि रामसित सोधियो ।

रामले नम्र हुँदै भने, “हो सरकार ! यो रूख मेरो हो र यस रूखलाई म सात वर्षदेखि हेरविचार गरिरहेको छु । यतिका वर्षपछि जब फल लाग्यो तब मोहनले मलाई दुःख दिइरहेको छ । यति मात्र होइन, हामी दुवैले त्यस रूखको रक्षाको लागि एउटा पाले पनि राखेका छौँ ।” वीरबलले पालेलाई पनि बोलाउन पठाए । आज मुद्दाको फैसला भएन र वीरबलले दुवैलाई घर पठाइदिए ।

मोहन र राम घर लागेपछि वीरबलले पालेलाई भने, “तिमी आज राति यी दुवैको घर जानु र भन्नु ‘हतियार भिरेर चोरहरू आँप लुट्न आएका छन् ।” पहिला उनी मोहनको घर र पछि रामको घरमा गएर वीरबलले भनेजस्तै सुनाए । संयोगवश दुवैमध्ये कोही पनि घरमा थिएनन् । वीरबलले आफ्ना दुईजना गुप्त पुलिसलाई मोहन र रामकोमा गएर पालेले उनीहरूबाट पाएको उत्तर मलाई आएर बताउनु भनेर अह्राए । गुप्त सिपाही मोहन र रामको घर गई लुकेर बसे । जब मोहन घर आए, उनकी पत्नीले पालेले भनेको कुरा सुनाइन् । पत्नीको कुरा सुनेर मोहनले भने, “मलाई मतलब भएन त्यो रूख मेरो होइन । मैले त रामलाई दुःख दिनको लागि यस्तो जाल रचेको हुँ ।”

उता राम घर पुगे । उनकी पत्नीले पनि तुरुन्तै पालेको खबर सुनाइन् । पत्नीको कुरा सुन्नेबित्तिकै राम एउटा लाठी लिएर रूख भएतिर दगुरे । यता वीरबलका गुप्त सिपाहीहरूले यी सबै कुरा वीरबललाई सुनाए । अर्कोदिन वीरबलले मोहन र रामलाई बोलाएर भने, “हेर ! आँपको रूख तिमीहरू दुवैजनाको हो, त्यसकारण तिमीहरूले त्यस रूखमा भएका सबै आँप टिपेर आधी आधी बाँड । त्यस रूखलाई पनि काटेर आधी आधी दाउरा पनि भाग लगाऊ ।”

वीरबलको कुरा सुनेर मोहन त खुसी भए तर, राम दुःखी भएर भने, “सरकार ! रूख नकाटियोस्, मैले त्यस रूखलाई छोराझैँ पालेको छु, बरु मलाई त्यो रूख चाहिँदैन, मोहनलाई नै दिनुहोस् ।” यी दुवैको कुरा सुनेर वीरबललाई पक्कै विश्वास भयो कि त्यो रूख रामको नै रहेछ । वीरबलले मोहनलाई गिरफ्तार गर्न लगाए र रूख रामलाई जिम्मा लगाए ।

**नैतिक शिक्षा :** भनिन्छ, ‘सत्य लुक्दैन र सत्यकै जित हुन्छ । त्यसैले हामीले सधैँ सत्यको बाटोमा हिँड्नुपर्छ ।’

# लोप हुने क्रममा काठको बाँसुरी



जीवन आले

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' को नारा लिएर विविध कार्यक्रमहरूका साथ भक्तपुर नगरपालिकाले भक्तपुर महोत्सव २०८१ मङ्सिर २८ देखि पुस २ गतेसम्म भव्य र सभ्यताका साथ सम्पन्न गऱ्यो ।

महोत्सव भन्नाले धेरै ठुलो उत्सव, सजधजका साथ मनाइने विशेष समारोह भन्ने बुझिन्छ । भक्तपुरको खुला ठाउँ र चोक चोकमा परम्परागत जीवन शैलीमा आधारित धागोबाट कपडा बनाउँदै गरेको, लुगा बुन्दै गरेको, बत्ती काटेको, माटोको भाँडाकुँडा बनाइरहेका, परम्परागत सामग्रीहरू, स्थानीय भेषभूषा, नाचगान, खानाका प्रकारहरू, हस्तकला प्रदर्शनी, सडक नाटकका साथै विविध प्रकारका पुर्खाले सिर्जेका कलाहरू ठुलो उत्सव र सजधजका साथ प्रदर्शन गरी महात्सव सम्पन्न गरिएको थियो । यही महोत्सवमा खुला बाँसुरी बाजा प्रतियोगिताको पनि आयोजना गरिएको थियो ।




प्रतियोगिताको उद्घाटन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृतिलाई आत्मसात गर्दै भक्तपुरको गौरवपूर्ण धरोहरलाई जस्ताको तस्तै संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले काम गर्दै आइरहेको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका नगर प्रमुख उद्घाटन गर्नुहुँदै

उक्त प्रतियोगितामा ४६ ओटा समूहले सहभागिता जनाएका थिए । नियमअनुसार सहभागी टोली बाँसुरी बजाउदै कार्यक्रम स्थलसम्म पुगेको थियो ।



बाँसुरी बाजा बजाउँदै नगर परिक्रमा गर्दै

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा भक्तपुर नपा वडा नं. १ इनागबाट बाँसुरी बाजा प्रतियोगिताको उद्घाटनपश्चात् उक्त ऱ्याली बाँसुरी बजाउँदै १० नं. वडास्थित क्वाठण्डौमा पुगेको थियो ।

बाँसुरी बजाउँदै हिँडेका समूहहरूलाई ८ जना निर्णायकले मूल्याङ्कन गरेका थिए भने मञ्च प्रदर्शनमा १० जना निर्णायक थिए ।

ऱ्यालीमा ३० अङ्क र मञ्च प्रदर्शनको ७० अङ्क दिने व्यवस्था गरिएको थियो ।

नगर प्रमुख सुनिल प्रजापतिले उद्घाटनमा भन्नु भएको सारगर्भित मन्तव्य र पुर्खाले सिर्जेको हाम्रो कला र संस्कृतिको नारासँग मञ्चमा बाँसुरी बजाइरहेका वादकहरूको

**भक्तपुर महोत्सव २०८१ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा आयोजित खुल्ला बाँसुरी बाजा प्रतियोगिता २०८१**

**मिति २०८१/०८/३० गते**

**स्थलगत मूल्याङ्कन फाराम**

| क्र.सं. | समूहको नाम | ठेगाना | धुन | ठेगाना | प्रस्तुति (५) | बाजा (१०) | भेषभूषा (१०) | धुन (१५) | सुरताल (१५) | समय (५) | अनुशासन (५) | हाउभाउ (५) | जम्मा (७०) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

<u>प्रतियोगिताका लागि तोकिएका अङ्कहरू</u>

वाद्ययन्त्र हेर्दा बेमेल देखिन्थ्यो । किनभने, अधिकांश बाँसुरी बाँस र प्लास्टिकबाट निर्माण गरिएका बाँसुरीको प्रयोग भएको थियो । हाम्रो पुर्खादेखि चलिआएको काठद्वारा निर्मित सुन्दर कलात्मक बाँसुरी भने थोरै समूहले बजाएका थिए । यो महोत्सव तिनै पुर्खाले सिर्जेको कला र संस्कृतिको जगेर्नाको लागि गरिएको हो । त्यही भित्र पर्ने यो काठको बाँसुरी बाजा आज लोप हुन लागेको देखेर बाँसुरीमै काम गरिरहेको नाताले मलाई अलि नमिठो लाग्यो । यो हाम्रो अज्ञानता हो या प्लास्टिक र बाँसको बाँसुरीलाई पनि संरक्षण गर्न खोजिएको हो ? तथापि बाँसुरी बाजाकै संरक्षण, संवर्द्धन र यसको विकासको लागि विभिन्न सङ्घ संस्था तथा नगरपालिकाहरूले यस्ता कार्यक्रमहरू गर्दै आएका छन् । यी प्रतियोगिताहरू काठको बाँसुरी नभई जुनसुकै वस्तुबाट निर्माण गरिएको होस् केवल बाँसुरी मात्रको प्रतियोगिता गरेको देखिन्छ । आफ्नो मौलिकपनको ख्याल नगरेको देखिन्छ ।

## बाँसुरी प्रतियोगिता

दक्षिणकाली फंपि बाँसुरी खल:(समूह) ले ३ पटक २०६६/०१/२५/ ०६७/५/२३ र २०७२/५/२५ मा राष्ट्रव्यापी खुला आमन्त्रण बाँसुरी प्रतियोगिता गरेको थियो । काठमाडौँ महानगरपालिकाको सम्पदा तथा पर्यटन विभागले ३२ वडाकै खल:हरूको बाँसुरी प्रतियोगिता २०८० मङ्सिर २७ गते गरेको थियो । भक्तपुर नगरपालिकाले २०८१ मङ्सिर २९-३० गते खुला बाँसुरी बाजाको प्रतियोगिता गरेको थियो । यसैगरी विभिन्न अन्य निकायहरूले पनि सानातिना कार्यक्रम र प्रतियोगिताहरू गरेका छन् । तर, आयोजकहरूले कहिल्यै काठको बाँसुरी अनिवार्य गराएनन् । प्राय: सबै ठाउँहरूमा बाँस र प्लास्टिकबाट निर्मित बाँसुरीहरूकै पकड देखियो । खल:का गुरूहरूको आफ्नै तर्क छ जुन जायज पनि छ । काठको बाँसुरी बजाउन गाह्रो र बेसुरा हुन्छ । बाँसद्वारा निर्मित बाँसुरी सजिलो र सुरिलो हुन्छ । प्लास्टिकको पाइपबाट निर्मित बाँसुरी नफुट्ने र बलियो हुन्छ भन्ने उहाँहरूको तर्क छ । तर्क जायज हुँदाहुँदै पनि यो काठको बाँसुरी भनेको पुर्खाले सिर्जेको कला हो जुन बेसुराको नाममा बिस्थापित नै गरिहाल्नु हुन्न ।

परापूर्वकालदेखि सामान्य तरिकाले बनाइएको काठको बाँसुरी नै सामूहिक रूपमा विवाह, व्रतबन्ध, जंको तथा शुभकार्यहरूमा बजाउँदै गरेको पाइन्छ । यो काठको बाँसुरी केवल यस्तै बेलामा प्रयोग गर्न सकिन्छ । यो बाँसुरी कुनै एकल प्रस्तुति र रेकर्डिङ स्टुडियोको लागि होइन । त्यसको लागि बाँसद्वारा निर्मित बाँसुरी जस्तो राम्रो अरू कुनै हुनै सक्तैन । प्रतियोगितामा पनि काठको बाँसुरीलाई अनिवार्य गराए परम्परादेखि चलिआएको यो बाजा लोप हुने खतराबाट बचाउन सकिन्छ ।

## बाँसुरी केलाई भनिन्छ ?

युरोपियन इतिहासकारहरूको मतअनुसार Flute नै दुनियाँको पुरानो वाद्य हो । यो बाँसबाट बनेको नभई भालुको हड्डीबाट बनेको थियो ।

मानिसहरू बाँसुरीलाई अङ्ग्रेजीमा Flute भनिन्छ तर दुबै वाद्य यन्त्रमा अन्तर छ । Flute कुनै पनि वस्तुबाट बनाउन सकिन्छ । हिजोआज विभिन्न प्रकारका धातुहरूबाट पनि Flute बनाउने चलन छ । तर, बाँसुरी केवल बाँसबाट बनाइन्छ । बाँसमा प्वाल बनाई उक्त प्वालबाट निस्किने सुरिलो ध्वनि भएकैले बाँ+सुरी=बाँसुरी भनिएको हो । भनिन्छ भगवान कृष्णभन्दा पहिले इतिहासमै बाँसबाट बनाइएको बाँसुरी कहीँ कतै उल्लेख गरेको पाइँदैन । तथापि हाल कुनै पनि वस्तुबाट बनाइएकोलाई पनि बाँसुरी नै भन्ने चलन छ ।

त्यसो भए काठबाट निर्माण गरिएको बाँसुरीलाई के भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । नेवारी भाषामा सिधा मुरलीजस्तै गरी बजाइने बाजालाइ 'बये' भन्ने गरिन्छ भने कहीँ कतै छड्के गरी बजाउने बाँसुरीलाई बये भन्ने गरिन्छ ।

हाल चलन चल्तिमा यसलाई बाँसुरी नै भन्ने गरिन्छ। समयको परिवर्तन सँगसँगै काठको बाँसुरीमा पनि विभिन्न खालका बुट्टाहरू भर्न थालिए। हाल दुबै खालका बाँसुरीहरू कलाकारहरूले बजाइ हिंडेको देख्न सकिन्छ। काठको बाँसुरी किन्न पनि महँगो र बेसुरा पनि भएकोले पछिल्लो चरणमा सम्भवतः २०६५ सालपछि छिटपुट रूपमा बाँसको बाँसुरी र प्लास्टिकका बाँसुरी समूहमा बजाउन थालेको देखिन्छ। हाल यसको प्रयोग बढ्दै छ।



हेर्दा बाँसकै जस्तो देखिने प्लास्टिक पाइपको बाँसुरी

काठको बाँसुरी केही बुढापाकाहरूको भनाइअनुसार मल्लकालदेखि चलन चल्तिमा आएको भन्ने गरिन्छ। तर हालसम्म कुनै आधिकारिक दस्तावेजहरू भेटिँदैन जसले गर्दा यही कालबाट भन्न कठिन छ। तर पनि यो बाजा परापूर्वकालदेखि नै बाँसुरी वादकहरूले बजाउँदै आइरहेको भन्ने गरिन्छ। चलन चल्तिको भाषामा कुनै पनि वस्तुबाट निर्माण गरिएको बाँसुरी जस्तै देखिने वस्तुलाई नै बाँसुरी भन्न थालियो।

## बाँसुरीको संरक्षण कसरी गर्ने ?

काठको बाँसुरीको संरक्षण, संवर्द्धन र यसको विकास गर्न जसरी विभिन्न सङ्घ संस्था तथा पालिकाहरूले प्रचार प्रसारमा सक्रियता देखाइरहेका छन् त्यसैगरी सिकाउने गुरूहरूलाई, काठको बाँसुरी बनाउनेहरूलाई साथै वादकहरूलाई सङ्घ संस्था तथा पालिकाहरूले तालिमको व्यवस्था गरिदिनु पर्दछ। बेसुरा र महँगोको नाममा पुर्खाले सिर्जेको कलाकृतिलाई मास्नु हुन्न भनी बाँसुरी बनाउनेहरूलाई प्रशिक्षण दिनुपर्दछ। प्रविधिको जमानामा असम्भवहरू केही छैन। काठको बाँसुरीका प्वालहरू मसिना हुन्छन्। अलिक मोटाइ बढी भएकोले बजाउन असहज हुनु र बेसुरा हुनु यसका मुख्य कारक हुन्। काठको बाँसुरी प्रायः सत्तिसाल र साजको काठबाट बनाउने गरिन्छ। यी नै काठलाई पनि अहिलेको Artificial intelligences (AI) को जमानामा यसै प्रविधिमार्फत राम्रा र सुरिला (अहिलेको काठको बाँसुरी भन्दा) बाँसुरीहरू निर्माण गर्न सकिन्छ। त्यसलाई बाँसकै जस्तो गर्न भित्री भागलाई अलिक खुर्केर पातलो गर्न सकिन्छ। श्रुतिस्वरको आधारमा मापन गरी प्वालहरू खोप्नु पर्छ। लम्बाइ त स्केलअनुसार लामो छोटो गर्न सकिन्छ जसले गर्दा पुरानो भन्दा यस किसिमले बनाएको काठकै बाँसुरी पहिलाको तुलनामा सुरिलो बन्न सक्छ। बाँसुरी सिकाउने गुरूहरूलाई पनि बाँसकै बाँसुरी सरह काठको बाँसुरीमा पनि कसरी राम्रो र सही ढङ्गले बजाउन सिकाउने हो भनी तालिम दिन सकियो भने यो काठको बाँसुरी लोप हुनबाट बचाउन सकिन्छ। पुराना कलाकृति र संस्कृति बचाउन अलिकति मेहनत र खर्चिलो त अवश्य नै हुन्छ। काठको बाँसुरीमा एकपटक लगानी गरेपछि बारम्बार लगानी गरिरहनु पर्दैन किनभने यो बाँसको बाँसुरी जस्तै चर्किने र चाँडै फुट्ने सम्भावना हुँदैन यसले गर्दा एक पटक लगानी गरेपछि धेरै वर्षको लागि ढुक्क हुन्छ। यसलाई खासै महँगो भन्न मिल्दैन। काठको बाँसुरीलाई लोप हुनबाट बचाउन र यसको संरक्षण गर्नको लागि सङ्घ संस्था र पालिकाहरूले खलःका सञ्चालक र बाँसुरी बादकहरू, बाँसुरी सिकाउने गुरूहरू, बाँसुरी बनाउने कालिगढहरू (Flute Maker's) लाई एक ठाउँमा राखी विशेष छलफल गर्नुपर्छ। समयमै लोप हुने क्रमबाट समाधान गर्ने बाटो खोज्न सकियो भने काठको बाँसुरीको पहिचान र यसको संरक्षण, संवर्द्धन र विकास गर्न अवश्य सकिनेछ। तत्पश्चात् महोत्सवहरूमा गरिने बाँसुरीको प्रतियोगितामा काठबाट निर्मित बाँसुरीको महिमा र महोत्सवकै गरिमा बढ्ने छ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# मातृसत्तात्मक, तन्त्र परम्परा र यसका रहस्य



डा. वीरेन्द्रप्रसाद कायस्थ

आध्यात्मिक उन्नति प्रत्येक मनुष्यको परम लक्ष्य हो। धर्मका दुईवटा पाटा हुन्छन्– अध्यात्म र संस्कृति। अध्यात्म धर्मको सार हो, प्राण हो, आत्मा हो भने संस्कृति धर्मको बाह्य रूप हो, शरीर हो। संस्कृति देश वा कालअनुरूप बदलिने विषय हो भने अध्यात्म सनातन सत्य हो र सबै धर्महरूको सार हो। वर्तमान समयमा अध्यात्मलाई उच्चतम आध्यात्मिक ध्यान, साधना र उपलब्धितिर नलागी व्रत–पूजा–पाठ आदि कर्मकाण्डमा मात्र सीमित रहेर, हामी धर्मको सांस्कृतिक रूपमा मात्र अल्झियौँ।

जीवनको उच्चतम सम्भावना परमात्मा प्राप्ति हो। प्रत्येक प्राणीभित्र र समस्त ब्रह्माण्डमा लुकेको चैतन्य नै शिव तत्त्व हो र प्रत्येक मनुष्यले आफ्नो जीवनकालमा यो स्थिति प्राप्त गर्न सक्छ भनेर घोषणा गर्ने पहिलो व्यक्तिको रूपमा उहाँलाई चिनिन्छ। उहाँ ध्यान एवं तन्त्रका प्रणेता हुनुहुन्छ। उहाँको समग्र सन्देश र जीवनदृष्टि अझै हाम्रो चेतनामा आएको छैन। तर, हाम्रो ध्यान भगवान् शिवको बाहिरी रूपमा मात्र गएको छ।

सांस्कृतिक धरोहरका रूपमा उहाँबाट प्रेरित या उहाँमा समर्पित धेरै मठमन्दिर, शास्त्र, पुराण एवं स्तोत्रादि छन् भने अध्यात्मको जगत्मा उहाँका दुई ग्रन्थ **'शिव सूत्र'** र **'विज्ञान भैरव तन्त्र'** लाई मुख्य मानिन्छ। यी दुई ग्रन्थ नै तन्त्र र ध्यानका मूल स्रोत हुन्। शिव सूत्रमा आध्यात्मिक साधनाका बीजहरू दिइएको छ भने विज्ञान भैरव तन्त्र शिवले देवी पार्वतीलाई सिकाएका एक सय बाह्र ध्यान विधिहरूको सङ्कलन हो। विज्ञान भैरवतन्त्रको ध्यान विधि एउटा अचुक उपाय हुने देखिन्छ। विज्ञान भैरवतन्त्र विश्वमा चलेका र साधना गरिने ध्यानको मूलस्रोत हो। यो दस्ताबेज करिब पाँच हजार वर्षअगाडि फेला परेको भन्ने भनाइ छ। (शर्मा एलपी,भानु, अध्यात्मका मूल स्रोत)

तन्त्र शब्दले सन्धि 'विधि र उपाय' लाई जनाएको हुन्छ। विधि या उपाय कुनै सिद्धान्त होइन। सिद्धान्तलाई लिएर मतभेद हुनसक्छ तर 'विधि' को सम्बन्धमा कुनै मतभेद हुन सक्दैन। तन्त्र अथवा आगममा व्यवहार पक्ष नै मुख्य हुन्छ। आगम मतअनुसार देवीका सगुण र निर्गुण रूपको उपासना हुन्छ। शाक्त आगमले तन्त्र साधनाका माध्यमबाट आध्यात्मिक अभ्यास गर्नु र मोक्ष प्राप्त गर्नुलाई मुख्य उद्देश्य मान्दछ। साधना भनेकै आध्यात्मिक अभ्यास हो। यस्ता अभ्यास बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन्। बाह्य ध्यानमा देवीको प्रतिमा स्थापना हुन्छ भने आन्तरिक ध्यानमा योगका माध्यमबाट कुण्डलिनी जगाएर सिद्धि प्राप्त गर्ने गरिन्छ।

शैव सिद्धान्तको 'कायिक आगम' मा यसको अर्थ लाउँदै भनिएको छ, "तन्यते विस्तार्यते ज्ञानम् अनेन, इति तन्त्रम्।"तन्त्र शब्दको निरुक्ति 'तन' (विस्तार गर्नु ) र 'त्र' (त्र्टन) (रक्षा गर्नु ), यी धातु एक ठाउँमा जोड्दा त्यस्तो शास्त्र जसद्वारा ज्ञान विस्तार गर्न सकिन्छ भन्ने बुझिन आउँदछ। 'तन्त्र' को अर्थ लाउँदा जुन साधनाले प्रकृति र परमेश्वरलाई आफ्नो अनुकूल बनाउन सकिन्छ। यहाँ 'तन' पदले प्रकृति र परमात्मा तथा 'त्र' ले स्वाधीनता बताउँदछ ,त्यसकारणले त्यो तन्त्र हो पनि भन्ने गरिएको छ।

तन्त्रको दृष्टिमा शरीर प्रधान मुख्य निमित्त मात्र हो। शरीर बिना चेतनाले उच्च शिखरमा पुग्न सकिँदैन त्यसैकारण तन्त्रको तात्पर्य हो तन को माध्यमले आत्माको त्राण गर्नु। तन्त्रका अन्तर्गत विविध प्रकारका विचार एवं क्रियाकलाप आउँदछन्। सामान्य रूपमा यसरी बुझ्न सकिन्छ:तन्नोती (तानिनु या फैलिनु) र त्र मिलेर बनेको शब्द हो तन्त्र। नाम–रूप (अर्थात् चित्त र शरीर) तानिनु या फैलिनु भनेको ऊर्जासँग सम्बन्धित कुरा हो। पूर्वीय दर्शनमा तीनवटा शरीरको कुरा गरिएको हुन्छ– द्रव्य (भौतिक शरीर), भाव (मनोमय या चित्त शरीर) र ऊर्जा (क्रियाशील शरीर)। बौद्ध दर्शनमा निर्माण काय, सम्भोग काय र धर्म काय उल्लेख गरिएको छ।

तन्त्र एउटा पुरातन रहस्यात्मक विद्या र विशेष अध्ययन र साधना पद्धति हो। जसमा यन्त्रहरूको स्थानमा मानव अन्तरालमा रहने विद्युत शक्तिलाई केही यस्ता विशेषता सम्पन्न बनाइन्छ जसबाट प्रकृतिसँग सूक्ष्म परमाणु त्यसै स्थितिमा परिणत हुने,पदार्थहरको रचना, परिवर्तन र विनाश जस्ता ठूला काम बिना कुनै यन्त्रको सहायता तन्त्रबाटै गर्न सकिन्छ। जस्तै मनुष्यबाट पशु बन्नु , गायब हुनु, एकचोटीमा ५– ५ रूप लिनु, समुन्द्रलाई नाघ्नु, विशाल पर्वतहरूलाई

बोक्नु, करोडौँ मील टाढाको व्यक्तिलाई देख्न सक्नु तथा उनीहरूसँग कुरा गर्नु जस्ता अनेक कार्य यी सबै तन्त्र विद्याबाट मात्रै सम्भव छ। यस साधनाले साधक (योगी) ले मोक्ष प्राप्त गर्न र सिद्धि प्राप्त गर्न सक्ने र जीवजन्तुको उन्मुक्ति पनि तन्त्रबाट गर्न सकिन्छ भन्ने विश्वास गरिन्छ। यस तन्त्रलाई 'सावित्री विज्ञान' तन्त्र-साधना, वाममार्ग आदि नामले चिनिन्छ। (तन्त्र शास्त्र र यसका रहस्यहरू)

नेपाल किराँतकाल देखि तन्त्रप्रधान देशको रूपमा परिचित हुँदै आएका छन्। किराँतीहरूको तन्त्र परम्परा निकै बलियो थियो र जीवन पद्धति तन्त्रमय थियो। पशुपतिनाथलाई किराँतेश्वरका नामले समेत चिनिएका छन्, पुकारिएका छन्। यसबाहेक शिवको छुट्टै एउटा अवतार किराँत अवतारसमेत रहेको छ, जसले पाशुपतास्त्र प्रदान गरेर कुन्तीपुत्र अर्जनलाई महाभारतको युद्धमा विजयी गराएका थिए। (महाभारत वनपर्व)

तन्त्र विद्याबाट नै प्राचीनकालमा घातक किसिमका हतियार जस्तै पाशुपतास्त्र, नागपाश, ब्रह्मास्त्र आदि बनाइन्थ्यो। यसरी तन्त्र विद्याका माध्यमबाट व्यक्ति आरुनो आत्मशक्तिको विकास गरेर कयौँ किसिमका शक्तिहरूबाट सम्पन्न हुन सक्छ। यहीँ नै तन्त्रको उद्देश्य हो।

तन्त्र हिन्दू धर्मका साथै बौद्ध र जैन धर्ममा पनि यो विद्याको प्रचलन छ। तन्त्रलाई मूलतः शैव आगम शास्त्रसँग जोडेर हेर्ने गरिन्छ। त्यसैले तन्त्र शास्त्रका रचयिता एवं वक्ता आदिनाथ भगवान शिव नै हुन्। तन्त्रमा धेरै विद्याहरू छन्। उदाहरणका लागि नाथ तन्त्र, श्री विद्या तन्त्र, त्रिका वा कश्मीर शैवतन्त्र, काली-विद्या, वैष्णव-तन्त्र, सौरा-तन्त्र, गणपत्य-तन्त्र, बौद्ध तन्त्र, जैन तन्त्र र मुस्लिम तन्त्र। यी सबै तन्त्रका विभिन्न हाँगाहरू हुन्छन्।

तन्त्र शास्त्रलाई ३ भागमा विभक्त गरिएको छः १) आगम तन्त्र, २) यामल तन्त्र र ३) मुख्य तन्त्र। आगम तन्त्र सनातन परम्परासँग गाँसिएको तन्त्र हो। जसलाई दक्षिणाचार र वामाचार तन्त्रमा विभाजन गर्न सकिन्छ। १ तन्त्र शास्त्रको मन्त्र र पूजा अलग किसिमका हुन्छन्। तन्त्र-शास्त्रमा जुन पाँच प्रकारका साधना बताइएका छन्, त्यसमध्ये मुद्रा साधन धेरै महत्त्वपूर्ण छ। मुद्रामा आसन, प्राणायाम, ध्यान आदि योगका सबै क्रियाहरू समावेश हुन्छन्।

तन्त्र साधनाहरू : तन्त्र साधनामा शान्ति कर्म, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन र मारण नामक छः तान्त्रिक षट्कर्म हुन्छन्। यसका अतिरिक्त नौ प्रयोगहरूको वर्णन पाइन्छः- मारण, मोहन, स्तम्भन, विद्वेषण, उच्चाटन, वशीकरण, आकर्षण, यक्षिणी साधना, रसायन क्रिया तन्त्रका यी नौ प्रयोग हुन्। उल्लिखित सबै तन्त्र साधनाहरू गर्नका लागि अन्य कैयौँ प्रकारका देवी-देवताहरूको साधना गर्ने गरिन्छ। जस्तैः भैरव, वीर, यक्ष, गन्धर्व, सर्प (नाग), किन्नर, विद्याधर, दस महाविद्या, पिशाचिनी, योगिनी, यक्षिणीहरू आदि। यी सबै तन्त्रमार्गी देवी र देवता छन्। धेरैजसो मानिसहरू भैरव साधना, नाग साधना, पिशाचिनी साधना, यक्षिणी साधना वा रुद्र साधना गर्दछन्। अघोरीहरू यसका लागि शिव साधना, शव साधना र श्मशान साधना गर्दछन्।

तान्त्रिकहरूले मसान, पिशाच, भैरव, छाया, पुरुष, सेबडा, ब्रह्मराक्षस, वेताल, कर्ण-पिशाचनी, त्रिपुर-सुन्दरी, कालरात्रि, दुर्गा आदिका सिद्धि प्राप्त गरेका हुन्छन्। यद्यपि यसको एक निम्न स्तर पनि छ। जस्तैः- यस विद्याका माध्यमबाट आँखा लाग्नु, उन्माद भूतोन्माद, ग्रहहरूको अनिष्ट, खराब दिन, कसैद्वारा प्रेरित अभिचार, मानसिक उद्वेग आदिलाई शान्त पार्नु पनि तन्त्र साधनाअन्तर्गत पर्छ। शारीरिक रोगहरूको निवारण, सर्प, बिच्छी आदिको दर्शन एवं विषालु जीवजन्तुबाट उन्मुक्ति पनि तन्त्रबाट गर्न सकिन्छ भन्ने दाबी गरिएको छ।

विचार, दर्शन, तर्क र बुद्धिमा आधारित धार्मिक अभ्यासहरू पितृसत्तात्मक हुन्छन्। यसैकारण, यिनीहरू मानिसका बिचमा भेदभाव गर्छन्। किनभने, चिन्तन र बौद्धिक मनको चरित्र नै भेदभाव र मूल्याङ्कन गर्नु हो। पितृसत्तात्मक धर्म संस्कारले पुरुषले मात्र मोक्ष निर्वाण पाउँछन् भनेको छ। महिला र तेस्रोलिङ्गीले मोक्ष निर्वाण पाउन निकै कठिन या असम्भव प्रायः छ भनिएको छ । तन्त्रमा भने महिलाले अझ सजिलै मोक्ष निर्वाण पाउँछन् भनिएको छ। सिधै ऊर्जामा काम हुने हुँदा तर्क, विचार, दर्शन, चिन्तनमा अल्झिनुपर्दैन र महिलाको गुण स्वभावले मोक्ष निर्वाण पाउन तुलनात्मक रूपमा निकै सजिलो हुन्छ। (मातृसत्तात्मक छ,तन्त्र परंम्परा लेख)

तन्त्र परम्परा मातृसत्तात्मक छ। किनभने, यसले ऊर्जामा काम गर्छ। ऊर्जाले सबै कुरा सिर्जना गर्छ। त्यसैले यसलाई मातृत्वका रूपमा बुझिन्छ। यिनका आदर्श पात्र वा प्रमुख महिला चित्रित गरिएको छ। यस सम्बन्धमा के मान्यता छ भने तन्त्र साधनामा नारी हुनु अनिवार्य मानिएको छ। जसलाई तन्त्रमा आदिशक्ति भनिएको छ। यो परम्परागत पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) मध्ये एक हो। तन्त्र शास्त्रका अनुसार नारी यहीँ आदिशक्तिको साकार प्रतिरूप हो। (भिक्षु कश्यप,मातृसत्तात्मक छ तन्त्र परम्परा) षटचक्र भेदन र तन्त्र साधनामा स्त्रीको उपस्थिति स्वीकार्य छ, किनभने साधना स्थूल शरीरद्वारा नभएर सूक्ष्म शरीर द्वारा मात्रै सम्भव छ। जस्तैः भक्तपुरको नवदुर्गा देवगणलाई तान्त्रिक

देवताको रूपमा लिने गरिएको छन् । तन्त्रप्रधान नवदुर्गागणको मूल चरित्र र गुप्त रूप महिषासुर मर्दिनी दुर्गा भवानी हुन् । यस तान्त्रिक नाचमा नकीं (घरमुली) को दायित्व र महत्त्वसँगै तिनको भूमिकालाई हरेक दृष्टिले उच्च स्थानमा राखेको छ', ''यसमा नकींले १८ गण सदस्यहरूलाई नवदुर्गा देवगृहमा भित्र्याउनेदेखि लिएर निष्काशन गर्नेसम्मको भूमिका निभाइन्छ।" यस अर्थमा नेवाः समुदायमा र संस्कारमा नकीं (घरमुली) प्रधान भन्ने सन्देश पनि यसबाट पाइन्छ।'' नकीं संयुक्त परिवारको मुली हुनाले परिवारमा मात्रै भए पनि सबै सदस्य समान छन् भन्ने ज्ञानको बोध गराएको छ । तर घरको मुली नभएको घरको धुरीलाई भए पनि सोधेर मात्र काम गर्ने हाम्रो संस्कारले नै हामीलाई ''वडाले जो गर्‍यो काम हुन्छ त्यो सर्वसम्मत भन्ने आदर्शको पाठ सिकाएको छ । हामी आदर्श मानव बन्नु छ । कुनैलाई काखा कुनैलाई पाखा गर्ने र अनुचित शोषण गरी कुम्ल्याउने व्यक्ति देश र जनतासमक्ष नजीर बन्न कदापि सक्दैन, यस्तो गर्नु मानवता पनि होइन भन्ने दिशा–निर्देश यो नाचले गरेको छ । यो नाच प्रदर्शनीको क्रममा नवदुर्गा देवगणका नकींले बिहानपख विधिपूर्वक नित्यपूजा गरी गणेशले नृत्य आरम्भ गर्ने, त्यसपछि क्रमशः ब्रह्मायणी, महेश्वरी, कुमारी, विष्णुवीरलगायतका देवगणहरूले नाच प्रदर्शन गर्ने प्रचलन छ । (कायस्थ, डा.वीरेन्द्र पसाद,मल्लकालीन संस्कृति र चाडपर्व पेज १०५)

नेपालमा किराँतकालदेखि नै शक्ति पूजाको परम्परा रहेको पाइन्छ । मध्यकालमा व्यापकरूपमा शक्ति पूजाको विस्तार भएको पाइन्छ । किराँतकालमा पुजिने हरेक देवीदेवताका आ–आफ्ना गुण र विशेषता छन् । यहाँका ठुलाठुला देवस्थलहरूमा, आगम घरहरूमा, बौद्ध विहारहरूमा पनि तान्त्रिक विधिका पूजा पाठ र तीसँग सम्बन्धित सांस्कृतिक गतिविधिहरू पनि परम्परागत रूपमा जीवितै छन् । यस अर्थमा सबै मानिसहरू शाक्त सम्प्रदायको विचार बोकेर हिँडिरहेका छन् । अर्थात् सम्पूर्ण नेवाः समाज शक्तिपूजक सम्प्रदायको समुच्चय हो । त्यसैले नेपालको हरेक गाउँ र सहरमा देवी (शक्ति) आराधनाका मन्दिरहरू छन् । त्यसैले गुह्येश्वरी, दन्तकाली, वागेश्वरी, कमलाक्षी, छत्रेश्वरी, पाथीभरा, सिंहवाहिनी, छिन्ताङ भगवती, कमलामाई, विन्ध्यवासिनी, सखडा भगवती, तालबाराही, गढीमाई, दक्षिणकाली, शोभा भगवती, पाथीभरा जहाँसुकै होस् शक्तिको आराधना गर्ने श्रद्धालुको भीड लाग्छ ।

शाक्तमत तन्त्र पूजा गर्ने पद्धतिको मार्ग हो । शाक्तमतबाट प्रादुर्भाव भएको कौल मत, जसले आफै अद्वैतवादको मतावलम्बी हुँदाहुँदै पनि शिव र शक्तिलाई समान महत्त्व दिन्छ अर्थात् प्रकृति र पुरुषलाई एक मान्दछ । यसको प्रतीमात्मक रूप षट्कोण हो भने उर्ध्वत्रिकोण शिव र अधोत्रिकोण शक्तिको प्रतिक मानिन्छ । कौल शब्द नै कुल शब्दबाट बनेको हो जसको अर्थ कुण्डलिनी शक्ति हो जुन योगतान्त्रिक साधनाको आधार हो । कुण्डलिनी शक्तिलाई आदिशक्ति मानिएको छ । जुन प्रकारले मेसिनमा क्वाइल्स हुन्छन्, जसको माध्यमबाट विद्युत्धाराहरू गुञ्जन्छन् र ती क्वाइल्सहरू सुनिश्चित क्षेत्रमा सुनिश्चित कार्य गर्दछन् । त्यसै प्रकारले हाम्रो शरीरमा मेरुदण्डको माध्यबाट गएको सुषुम्नानाडीमा जुन क्वाइल्स अर्थात् कुण्डल छन्, त्यसमा प्रवाहित भएको जीवन शक्तिलाई नै कुण्डलिनी शक्ति (Serpent Power) भनिन्छ ।

शाक्त सम्प्रदायको सिद्धान्त त्रिपुरा रहस्य, मालिनी विजय, कुलार्णव तन्त्र आदि ग्रन्थहरूमा उल्लेख छ । कतिपय शाक्तहरू वेद, पुराण, देवीमाहात्म्य, देवी भागवत, चण्डी आदिलाई पनि सिद्धान्तको स्रोत मान्छन् । शक्ति प्राप्त गर्ने इच्छाले निर्माण भएको शक्ति उपासना सार्वकालिक हो । शक्तिकी देवीको पूजा तीन किसिमबाट गरिन्छ १, सौम्य रूप, २, काम्य रूप र ३, उग्र रूप । **सौम्य स्वरूपिणी** देवीको ईश्वरीय प्रतिरूप उमा, पार्वती, कमला, लक्ष्मी आदि हुन् । छठीमाई, अन्नपूर्णा, त्रिपुरासुन्दरी आदि **काम्य रूपका** प्रतीक हुन् भने **उग्र स्वरूप**मा चण्डी, काली, डाकिनी, साकिनी आदि हुन् । त्यस्तै पूजा तीन प्रकारका छन् । ती हुन्– सात्विक, राजस र तामस । चन्दन, अक्षता, फूल, अर्घ, पञ्चामृत र पायसलगायत १६ सामाग्रीले पूजा गर्ने विधिलाई सात्विक भनिन्छ । यसलाई षोडषोपचार पूजा पनि भनिन्छ । पशु तथा पंक्षीको रगत र मासु चढाएर देवदेवीलाई सन्तुष्ट गराउने पूजालाई राजस पूजा भनिन्छ । सात्विक र राजस विधिसहित मदिरासमेत चढाएर गरिने पूजा विधिलाई तामस भनिन्छ ।

जगतको सृष्टि, स्थिति, प्रकृति, जन्म, मृत्यु आदिका बारेमा धर्म वा सम्प्रदायका आफ्नै धारणाहरू हुन्छन् । पुरुष र प्रकृतिको संयोजनबाट सृष्टि र वियोजनबाट प्रलयका क्रियाकलाप निरन्तर चलिरहन्छन् भनेर धर्म र दर्शनमा उल्लेख छ । यो तथ्यलाई भौतिक विज्ञानले पनि नकार्न सक्दैन । परमाणुमा निहित ऋणात्मक र धनात्मक ऊर्जा कुनै वस्तु सञ्चालनमा रहेको हुन्छ । क्वान्टम फिजिक्सपछि स्ट्रिङ थ्योरी (जीवा सिद्धान्त) र वेभ थ्योरी (तरङ्ग सिद्धान्त) ले हरेक वस्तु पदार्थ वा शक्ति दुईमध्ये एक अवस्थामा मात्र अस्तित्त्वमा रहन्छ भनेको छ । पदार्थको स्थितिमा रहेको बेला मात्र कुनै वस्तुलाई हाम्रो आँखाले देख्न सक्छ । शक्तिको स्थितिमा रहेको अवस्थामा हाम्रो आँखाले देख्न सक्दैन । किनभने, मानिसको आँखाले त्रिआयामिक स्थितिमात्र देख्न

सक्छ ।

विज्ञानले सृष्टिको मान्यतालाई जसरी व्याख्या गरे पनि सृष्टिको शक्ति भनेको नारीरूप हो भन्ने शाक्त मतको धारणा हो । अर्थात्, शक्तिलाई प्रधान देवता मानेर पूजा गर्ने सम्प्रदायलाई शाक्त भनिएको हो । शक्ति (देवी) को धेरै प्राचीन कालदेखि पूजा हुँदै आएको छ । अरु सम्प्रदायमा जस्तै शाक्त मतको उद्देश्य पनि मोक्ष नै हो तर शक्तिको सञ्चय गरी बलशाली बन्नु, शक्तिको उपासना गर्नु, शक्ति नै जीवन र सत्य हो भन्नु शाक्त सम्प्रदायको मूल सार हो । उनका निराकार र साकार दुई रूप छन् । यीमध्ये निकार रूपले सृष्टि, स्थिति र प्रलयको व्यवस्थापन गर्छन् भने साकार रूपले तिनलाई कार्यान्वयन गर्छन् । साकार रूपमा एउटा लिङ्ग रूप पर्छन् । यो भनेको चराचर जगत्को आधार हो । **आकाशलाई लिङ्ग र लिङ्ग घेर्ने योनी आकारको घेरा अर्थात् गोलाईलाई पृथ्वी भनिए**को छ । देवीदेवतालगायत चराचर जगत्को आलय र लय हुने स्थान भएकाले लिङ्ग भनिएको हो । सुरुमा आर्यहरू असुरहरूलाई योनी तथा लिङ्गपूजक भनेर घृणा गर्थे तर बिस्तारै उनीहरू पनि यसै धारमा प्रवाहित हुन पुगेका छन् । असुरहरू प्रकृति पूजक तथा तन्त्रवादी थिए, जो यस क्षेत्रमा आर्यहरूको प्रवेशपूर्व बस्दै आएका आदिवासी रैथाने जाति हुन् । (स्कन्दपुराण अवन्तिका खण्ड)

**असुरहरू शैवदर्शनको प्रणेता हुन् भन्ने कतिपय विद्वानको ठहर छ । असुरहरूका इष्टदेव शिव हुनुले यसमा थप बल पुऱ्याएको छ ।** रावणको शिवभक्ति बेजोड छ । वाणासुरको शिवभक्ति पनि उत्तिकै अतुलनीय देखिन्छ । वली, विरोचन र प्रह्लादबाहेक प्रायः सबै असुर सम्राटहरूले शिवलाई कुनै न कुनै रूपमा मानेका छन् । असुरकुल गुरु शुक्राचार्य आफैँ शिवभक्त थिए । शक्ति उपासनामा पनि असुरहरू नै अगाडि देखिन्छन् । दुर्गापूजाकै कुरा गर्ने हो भने पनि आर्येतर पूजा नै हो सुरुका दिनहरूमा, जसलाई निकै पछि मात्र आर्यहरूले अपनाएका थिए ।

सत्ययुगमा कर्णाटकमा सतीदेवीको कर्ण (कान) खसेको हुँदा शक्तिपीठ जयदुर्गा भयो । सतीदेवीको कर्ण परेको स्थल कर्णाटकका बासिन्दा कर्णाट वा कर्णाटकी वा कर्णाटवंशी कहलिए । शासन गर्ने महिषासुरको नामबाट कर्णाटकलाई मैसुर (महिषासुर महिषअसुर-महिसुर-मैसुर वा महिष्पुर-मैसुर) भन्न थालियो ।

सत्ययुगमा दानवराज महिषासुरले आरुनो मैसुर राज्यलाई शक्तिशाली वनाउन माता दुर्गा भगवतीलाई विराजमान गर्न खोजेका थिए । दानवराजलाई ज्ञान थियो कि माता भगवती नै शक्तिकी स्रोत थिइन् । तसर्थ, माता भगवतीलाई आरुनो राज्यमा विराजमान गर्न पाए कुनै पनि शक्तिले उनलाई पराजित गर्न सक्दैनन्, तर त्यो कार्य माता दुर्गा भगवतीले नै **बिफल पारिदिए** र माता भगवतीले **युद्धमा दानवराज** महिषासुरको मैसुर राज्य **साथसाथै सबै राक्षसहरूलाई सखाप पारे** । यसरी महिषासुरले मैसुर राज्यलाई शक्तिशाली बनाउन खाजेका सबै प्रयत्नहरू विफल भए । त्यस्तै त्रेतायुगको अन्त्यमा **लङ्काधिपति** रावणले वरदानमा पाएका शक्तिकी स्रोत जगत्माता पार्वतीलाई **लङ्काराज्यमा** विराजमान गर्न खोजेका थिए । यस्तो खबर वैकुण्ठनाथ विष्णुले थाहा पाई यो ज्यादै अनर्थ हुन लाग्यो भनी तत्काल वायुभन्दा पनि चाँडै गएर भगवान् विष्णुले विफल पारिदिए । फेरि रावणले महादेवको ज्योतिर्लिङ्ग पनि लङ्का लग्न खोजेका थिए । उक्त कार्यलाई श्री गणेशले विफल गरेका थिए । त्रेतायुगको अन्त्यमा लङ्काधिपति रावणले लङ्का राज्यलाई शक्तिशाली बनाउन माता सीतालाई हरेर लगेका थिए । लङ्काधिपति रावणलाई ज्ञान थियो कि माता सीता पनि माता पार्वती जस्तै शक्तिकी स्रोत थिइन् । तसर्थ, माता सीतालाई लङ्कामा विराजमान गर्न पाए कुनै पनि शक्तिले उनलाई पराजित गर्न सक्दैनन् भनी माता सीतालाई हरेर लगेका थिए । तर, त्यो कार्य पनि राजा रामचन्द्रले विफल पारे । राजा रामचन्द्रले युद्धमा लङ्कादेशको साथसाथै सबै राक्षसहरूलाई सखाप पारे । यसरी लङ्काधिपति रावणले लङ्का राज्यलाई शक्तिशाली बनाउन पटकपटक प्रयत्न गरेका थिए तर ती सबै प्रयत्नहरू विफल भए ।

हिन्दू धर्मशास्त्रमा स्त्री-राज्य (वा मातृसत्तात्मक देश) भनेर उल्लेख गरिएको पाइन्छ । स्त्री-राज्यहरू ठ्याक्कै कता पर्छन् भनेर धेरै वर्णन त पाइँदैन । यी स्त्री-राज्यमा वर्णन भएका महिलाको शासन व्यवस्था, मातृसत्ता र विवाहको परम्परा हेर्दा नेपालका थारू समुदायसँग मिल्दो छ । अहिले हराउँदै गए पनि थारू समुदायमा मातृसत्ता थियो । विवाहमा महिलाको सक्रियता र निर्णायक भूमिका हुने कुरा अहिले पनि देख्न पाइन्छ । थारू समुदायको वैवाहिक परम्परा नियाल्दा मातृसत्ताको प्रशस्तै प्रमाण पाइन्छ । जस्तैः घुसपैठ विवाह (पुरुषलाई विवाह गर्न बाध्य पारिने), कज (अपहरण) विवाह, डोला (पैसा दिएर गरिने) विवाह, छुटकुटा (विधवा) विवाह, उद्दारी (प्रेम) विवाह, घञ्जिया (घर ज्वाइँ) राख्ने जस्ता परम्परा हेर्दा थारू समुदाय मातृसत्ताको दरो परम्परा थियो भनेर मान्न सकिन्छ ।

बीपी कोइरालाको उपन्यास सुम्निमामा कोसी टापु वरिपरि बसोबास गरेका किराँत र भिल्ल जातिका समुदायलाई मातृसत्तात्मक भएको समुदायका रूपमा परिचित गराइएको छ । (भिक्षु कश्यप, मातृसत्तात्मक छ तन्त्र परम्परा)

मातृसत्तात्मक राज्य व्यवस्थामा महिलाले नेतृत्व लिएका त हुन्छन् । पितृसत्ताले जस्तो मानवमानवबिच भेदभाव पनि हुँदैन । तर, विविध क्षमता र दक्षताको कदर गर्छ । पितृसत्तामा पुरुषले महिला र अन्य लिङ्गीलाई भेदभाव र दमन गरेको ठीक उल्टो महिलाले पुरुषलाई दमन गर्ने वा भेदभाव गर्ने भन्ने कुरा मातृसत्तामा हुँदैन । लिच्छवि, मल्ल, शाक्य, ठकुरी, शाह, राणालगायत क्षेत्री-ठकुरी-राजाहरूले जित्नुअघि यी थारू, भिल्ल, किन्नर तथा किराँत समुदाय वा राज्यमा स्त्रीले शासनको बागडोर सम्हालेका थिए ।

मातृसत्तात्मक धर्म संस्कृतिले महिलाको जीवनको प्राकृतिक विकास क्रमलाई समेत पुज्दै आएको थियो र छ । कुमारी देवी, कामाख्या-मासिक स्राव) देवी, धुमावती (एकल महिला वा विधवा वा मासिक स्राव बन्द) आदि प्रशस्त उदाहरण छन् । देवी काली आफ्नो अविरल र खुला कपालसहित, पहेँला परेका र लगभग लासजस्तो रूद्रमा विजयी भएर उभिरहेकी छिन् । शास्त्रअनुसार **कपाललाई विचारको प्रतीक मानिन्छ, काली र बज्रयोगिनीको कपाल सधैँ खुला देखाइन्छ । यसको सङ्केत हो- आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र छौँ र कसैको विचारमा बाँधिनु छैन ।** उनी पराजित शत्रुहरूको टाउको, रातो जिब्रो र रगतले भरिएको हत्केलाले क्रोधित छिन् । तान्त्रिक प्रतीकका रूपमा निष्क्रिय (चेतन)मा, क्रियाशील (स्त्री) ऊर्जाको नृत्यले मात्र अस्तित्त्व सम्भव छ भन्ने देखाउँछ । (स्त्री) ऊर्जाबिना (पुरुष) चेतना मरेको लाससरह हो भन्ने पनि सङ्केत गर्छ यो चित्रले ।

किराँती शासन पनि मातृसत्तात्मक व्यवस्था हो । त्यसैले यस शासन व्यवस्थामा किराँती बडामहारानी नै सर्वेसर्वा हुन्छ । उदाहरणको लागि कार्तिक कृष्ण औँसी तिथिका दिन काठमाडौँ उपत्यकाका नेवाःहरूले कुनै मूर्ति पूजा नगरी चित्रकारले लेखेको चित्र टाँसेर पूजा गर्छन् । उक्त चित्रमा यक्षिनी, कुवेर,ब्याक र प्रशासक हुन्छन् । उक्त चित्रले किराँतकालको शासन व्यवस्थाबारे चित्रन गरेको पाइन्छ । कुबेर र ब्याक यक्ष हो भने किराँती बडामहारानी नै यक्षिनी हो । अर्थात् यक्ष यक्षिनी भनेकै किराँती हो । यक्षिनी शब्दबाट पछि लक्ष्मी भएको मानिन्छ । तन्त्रशास्त्रअनुसार यक्षिणी साधनामा, शीघ्र सिद्धि प्रदान गर्ने अपार क्षमता हुन्छ । त्यसैले भौतिक सिद्धि एवं समृद्धिको लागि तथा अन्य समस्या समाधानको निमित्त यक्षिणी - साधना निश्चित फलदायी हुन्छ ।

**जैमिनी भारतमद्वारा रचित महाभारतमा, अश्वमेघ पर्वमा पाण्डवहरूले छाडेको अश्वमेघ यज्ञको घोडाको रक्षाको जिम्मा** लिएका पाण्डवहरू तराईसम्म आएको कुरा नकार्न सकिन्न । तर, अश्वमेघ यज्ञका लागि **घोडाको रक्षाको जिम्मा** लिएका अर्जुनको भेट स्त्री-राज्यकी महारानी प्रमिलासँग हुन्छ । उनी अर्जुनसँग विवाह गर्न चाहन्थिन् र अर्जुनलाई आफैँसँग राख्न चाहन्थिन् । अर्जुन पहिले त मान्दैनन् । तर प्रमिला र उनका महिलाले अश्वमेघ यज्ञको घोडा नियन्त्रणमा लिन्छन् र छाड्न मान्दैनन् । तब अर्जुन हार मान्छन् र विवाह गर्न तयार हुन्छन् । तर उनले केही सर्त राख्छन्– प्रमिलासँग जीवनभर बस्न बाध्य नहुने, बाँकी जङ्गल पार गर्न प्रमिलाले अर्जुनको साथ-सुरक्षा दिनुपर्ने र घोडा हस्तिनापुर पुगेपछि मात्र प्रमिला घर फर्किने । प्रमिलाले सर्त स्वीकार गर्छिन् । (भिक्षु कश्यप, मातृसत्तात्मक छ तन्त्र परम्परा)

मत्स्येन्द्रनाथ र गोरखनाथका कथाहरूमा पनि स्त्री-राज्यबारे उल्लेख छ । एक राजकुमारीले एकपटक एक गन्धर्व आकाश मार्गबाट (उडेर) कतै जाँदै गरेको देख्छिन् । उनी गन्धर्वमाथि जोरले हाँस्न थाल्छिन् । तब गन्धर्वले श्राप दिन्छन् । तिमी र तिम्रा साथीहरू टाढाको कदली वन (केरा घारी) मा बस्ने छौ र कुनै पनि पुरुष तिमीहरू भएको ठाउँमा आएमा उसको तुरुन्त मृत्यु हुनेछ । श्राप लागेपछि जङ्गलमा ती महिलाहरू पुरुषको प्रेमसम्बन्धबाट वञ्चित भएर बस्न बाध्य हुन्छन् । लामो समयपछि एकपटक ती महिलाले कुनै पुरुषले गुनगुनाएको सुन्छन् । उसको आवाजमा शक्ति यति हुन्छ कि महिलाहरूले आवाजद्वारा नै गर्भधारण गर्छन् । महिलाहरू गर्भवती भएपछि उनीहरूले हनुमानको प्रार्थना गरी एउटा पुरुष पठाइदिन भन्छन् । यस्तो पुरुष हुनुपर्‍यो जसले गन्धर्वले दिएको श्राप थेग्न सकोस् । ती हुन् गुरु मत्स्येन्द्रनाथ ।

मत्स्येन्द्रनाथ स्त्री-राज्यका दुई महारानी, कमला र मङ्गलाको जादुमा फस्छन् । कदली वन क्षेत्रबाट बाहिर निस्कन सक्दैनन् । धरै वर्षपछि उनका शिष्य गोरखनाथले महिलाको भेष धारण गरी स्त्री-राज्य पुग्छन् । ध्यान-साधनामा उच्चस्तरका गुरु भएकाले गन्धर्वको श्रापले उनलाई पनि छुँदैन । गोरखनाथ डमरू बजाउँदै स्त्री-राज्यका गोरेटोहरूमा 'मत्स्येन्द्र ध्यान देऊ, गोरख आइपुग्यो' भन्दै हिँड्छन् । मत्स्येन्द्रनाथले सुन्छन् र उनको होस खुल्छ । उनीहरू दुबै स्त्री-राज्यबाट भाग्छन् ।

महायान बौद्ध धर्मको एक कथा (तारानाथ, तारातन्त्रको उत्पत्ति) अनुसार, एकपटक देवी ताराले ध्यान साधनामा गरेको प्रगति देखेर एक बौद्ध भिक्षु आएर भनेछन् नानी तिम्रो ध्यान-साधना एकदम राम्रो छ । तर दुःखको कुरा, तिमी महिला योनीमा जन्म लिएका कारण तिम्रो निर्वाण हुन सक्दैन । कामना गर, अर्को जन्ममा पुरुष भएर जन्मने ताकि तिमीले निर्वाण सजिलै प्राप्त गर्न सकोस् । देवी


तारालाई यो कुरा उचित लागेन र भनिन्- यहाँ वास्तवमा कोही पुरुष छैन। नारी छैन। आत्मा छैन। वस चेतना र ऊर्जा छ। (भिक्षु कश्यप,मातृसत्तात्मक छ तन्त्र परम्परा)

विज्ञानले विश्व ब्रहमाण्ड तथा जीवन उत्पति र यसको विकासलाई आत्मा र मन वा मानसिकताबाट स्वतन्त्र राखी अध्ययन, अनुसन्धान र विश्लेषण गर्दछ। आत्मा, चेतना, स्थूलवस्तु, त्यसको उत्पति र आधार पञ्चतत्त्व हुन्। पृथ्वी, जल, तेज, वायु र आकाश तत्त्वबिना मानिसको अस्तित्त्व नै हुँदैन। तसर्थ, शरीरका हरेक तत्त्वहरूको आ-आफ्नै महत्त्व रहेको हुन्छ। त्यसैले प्रत्येक वर्ष कार्तिक शुक्ल प्रतिपदाको दिन 'म्ह पुजा' आत्मा वा आन्तरिक शक्तिलाई पुजिने गरिन्छ। ईश्वरको पनि ईश्वर हुन् त्यो हो आत्मा। आत्मा नै परमात्मा हो। जल, वायु र पृथ्वी भूगोल नै परमात्माको देन हो। त्यसैले, साक्षात देवीदेवताहरूले पनि सर्वप्रथम परमात्माको प्रार्थना गर्ने गर्छन्। हाम्रो शरीरभित्र पनि आत्मा छ। तर, हामीले सर्वप्रथम ईश्वरको पूजा गर्छौं, तर कहिले पनि परमात्माको प्रार्थना गर्दैनौं।

भगवान् कृष्णले पनि गीतामा वृक्षहरूमा पीपल, नदीहरूमा गंगा एवं धनुर्धारीहरूमा रामझैं सम्पूर्ण प्रतिभामा म निवास गर्छु भन्नुहुन्छ। त्यस्तै भगवान् शिवले मनुष्यलाई आफैंभित्र लुकेको परम सत्य चिन्ने र आन्तरिक एवं बाह्य जीवनलाई शान्त, सुखी एवं सम्पन्न बनाउने ज्ञान दिनुभएको छ।

भौतिक यथार्थ आत्मा र मनबाट स्वतन्त्र भएको बुझेर नै विज्ञानले खोज, अनुसन्धान र प्रयोग तथा परीक्षण गर्ने गरेको हो। यो विश्व संसारमा भौतिक पदार्थ नै प्राथमिक हो,आत्मा त त्यसको विकासको उपज हो। आत्मा भौतिक शरीरबाट अलग भई अस्तित्त्वमा रहँदैन र जीवनको अवसानपछि आत्मा समाप्त हुन्छ भन्ने बुझाइ भौतिकवादको छ। तसर्थ, भौतिकवाद दर्शन, आध्यात्मवादको विपरीत छ। तर,विज्ञान दर्शन र पद्धति दुबै हो। दर्शन मात्र बोक्नु वा पद्दति मात्र बोक्नुले विज्ञान अपूर्ण हुन्छ।

चित्रमा जस्तै आत्मा दीर्घवृताकार मार्गमा चक्कर लगाउँदा दुई बलले (force) कार्य गर्दछन्। त्यो हो F2 / F1, त्यो बलले आत्माको चक्रमार्गलाई सन्तुलन राख्छ। दुवै बल बराबर र विपरीत हुन्छन्। जव F2 बल F1 बलभन्दा कम हुन्छ। तव आत्माले त्यो मार्ग छोडेर शरिरबाट बाहिर निस्किन्छ। यी दर्शनमा संसार बन्धन हो, बन्धनका कारण अविद्या हो। अविद्याले राग, द्वेष र मोहको क्लेशमा हामी फसाइराखेको हुन्छ। निर्वाण या मोक्ष सम्भव छ, विद्या या प्रज्ञाले निर्वाण प्राप्त हुन्छ।




अन्तमा, तन्त्रशक्तिलाई प्रयोग गर्न जाने विभिन्न लाभ लिन सकिन्छ। नान्यदेवले राक्षस लगाएर सिम्रौनगढ सहर निर्माण गराएका थिए। मन्त्र र तन्त्र बलकै कारण गोरखालीहरूले सिन्धुलीबाट अङ्ग्रेजलाई लखटे। तन्त्रशक्तिकै प्रयोग गरी गोरखनाथले नरेन्द्रदेवको शासनकालमा मृगस्थलीमा नागको आसन कसी १२ वर्षसम्म पानी पर्न दिएनन्। शङ्कराचार्यसँग शास्त्रार्थ हुँदा अमरसिंहले पाशुपतक्षेत्रमा तन्त्रद्वारा सरस्वतीको मूर्तिलाई बोल्ने बनाइदिएका थिए। यसरी आर्यवर्तमा तन्त्रको ठूलो महत्त्व छ।

नेपालको वास्तुकलामा तन्त्रको राम्रो प्रभाव छ। जस्तै ५५ अङ्कले श्रेष्ठ वा राजालाई बुझाउँछ, त्यसैले ५५ झ्याले दरबार बनाइयो। ५४ ले रानीलाई बुझाउँछ, ५३ ले प्रधानमन्त्री, ५२ ले प्रधानसेनापति र ५१ ले जनतालाई बुझाउँछ। शत्रुमाथि विजय प्राप्त गर्न कुशल शासकले कूटनीति, सैन्यबल, शब्दबल (तन्त्रबल) लगायतलाई प्रयोग गर्दथे। शब्दबल (तन्त्र) ले काम गरेको कसैले थाहा पाउँदैनथे। राष्ट्रलाई अप्ठेरो पर्दा राजाले शत्रु राजा, प्रधानमन्त्री वा सेनापतिलाई सिध्याउन विषकन्या पठाउँथे। (सोडारी, हरिप्रसाद, बोक्सीको जिम्मा कसले लिने ?)

एउटा शान्त, आनन्दित एवं गतिशील व्यक्तिबाटै समृद्ध र सफल परिवार, समाज एवं राष्ट्रको निर्माण सम्भव छ। आजको अध्यात्म भनेको 'काम छोडेर हरेरामतिर भाग्नु' नभई 'कर्म नै धर्मको सिँढी हो' भन्ने सत्यलाई जीवनमा स्थापित गर्नु हो। **ध्यान, ज्ञान र प्रेमरूपी** तीनवटा प्रमुख साधनको प्रयोगबाट अध्यात्मले हाम्रो अन्त हृदयको रूपान्तरण गरी ईश्वरीय जीवन जिउने कला सिकाउँछ। साधारण धर्मले मृत्युपछि स्वर्ग दिलाउने आश्वासन दिन्छ भने अध्यात्मले यही जीवनलाई नै स्वर्ग बनाउने अद्भूत कला प्रदान गर्छ। (शर्मा एलपी, भानु, अध्यात्मका मूल स्रोत)

# बनवासाको हैरानी

## रविन

जाडो मौसममा साँझ साढे ५ बजे पनि अँध्यारो भइसक्छ । त्यसमाथि शीतलहरको कारण चिसो र बाक्लो हुस्सुले गर्दा ५ मिटर पर केही पनि नदेखिने ।

नेपालको पश्चिमी सिमाना गड्डाचौकीबाट पश्चिमतिर भारतीय सीमा सुरक्षा पोस्टमा महाकाली नदीपारि बनवासा बजारबाट नेपाल फर्केकाहरू चेकजाँचका लागि लाइन लागिरहेका थिए । भित्र चेकजाँच निकै ढिलो भएकोले हो कि, बाहिर चिसोमा लाइन बसेकाहरू शङ्खेकीराको चालमा अगाडि बढिरहेका थिए ।

“कति दुःख दिएका भारतीय सेनाले हाम्लाई ? मर्न नसकेका मुर्दाहरू” उमेरले साठी नाघेकी बायाँ हातले कम्मरमा एउटा प्रेसरकुकरको बाकस बोकेकी र दायाँ हातले सामानसहितको सानो बोरा घिसार्दै गरेकी बुढी आमा मधुरो स्वरमा कराउँदै थिइन् । भारतीय सेनाले सुन्ला भन्ने डर पनि होला । चेकजाँचका नाउँमा गरिएको दुर्व्यवहारले मुर्मुरिएकी पनि होलिन् ।

उनको पछाडि त्यस्तै उमेरका बुढो बा पनि बोरामा रहेको सामान बोक्न नसकेर भुइँमा घिसार्दै थिए । उनी लाइनमा मौन उभिरहेका थिए । बुढी आमा निरन्तर फट्फटाइरहेकी थिइन् ।

म उनीहरूको पछाडि लाइनमा थिएँ । मसँग सानो हातेब्याग मात्र थियो ।

“आमालाई गाऱ्हो भए म बोकिदिउँ त ?” पछाडि फर्केर मतिर हेर्दै बुढी आमाले भनिन्, “तमिले बोकेर क्या गर्चौ नानी ? यी मुर्दाहरूले दुःख दिएर पो रिसाएकी । चिसामा बुढाबुढीलाई उभ्याएर कति दुःख दिएका यिनले । औताली होइजाओस् (मरिजाओस्) यिनीहरू ।” उनले धारे हात लगाउँदै भारतीय सेनालाई गाली गरिन् ।

“अघि अटोमा हाम्ले ल्याएका सबै सामान ओराल्न लगाए । अलि अलि अन्नपात ल्याएको, हामीले बोक्न सक्दैनौं, बरु यही चेकजाँच गर्नु भनेको । मुर्दाहरू रिसाएर सबै भारी बोक्न लगाए । अलिकति पनि माया नाइँ यिनीहरूमा ।” साँझको अँध्यारो भए पनि बुढी आमाको चाउरी परेको अनुहारमा रिस भने प्रष्टै देखिन्थ्यो ।

साँच्चै लाइन त एकदम धिमा गतिमा अघि बढिरहेको थियो । आधा घण्टापछि बल्ल चेकजाँच गर्ने कोठाको बाहिर पुगेँ । यसो चियाएँ । तीन जना भारतीय खाकी ड्रेस लगाएका भारतीय सेनाहरू उभिरहेका थिए । अगाडिको सेनाले सबैका जीउ छामछुम गरिरहेका थिए । पछाडि मेचमा बसेकाले झोला, बोरालगायतका सामानहरू विमानस्थलमा जस्तै टेबुलमाथि ट्रलीसहितको कालो बाकसमा गुडिरहेको स्क्यान गर्दै थियो । ऊ चिच्याइरहेको थियो । सँगै उभिरहेको अर्को सेनाले हाते झोलाहरू खोल्न लगाएर कसैको ल्यापटप त कसैको मनी ब्याग सर्च गरिरहेको थियो ।

हाम्रो पालो आयो । बुढी आमासँग प्रेसर कुकरको बील मागियो । ‘ह्या..., एउटा जाबो कुकरको पनि बील दिन्छ त ? उनको साथमा रहेको बोरा स्क्यान गर्दा भारतीयलाई शङ्का लागेर हो कि बोरा खोल्न लगायो । आमा झन् रिसाइन् । ‘सानो कट्टा (बोरा) त हो नि । के सारो दुःख दिया ?

भारतीय सेना के मान्थ्यो । उसले बोरा खोल्न लगायो । भित्र दालको पोका, मिठाइको पोका, एक थान साडी र एक थान कुर्ताको कपडा अनि एक थान इन्डक्सन हिटर थियो ।

हिटरको पनि बील मागियो । बिचरी आमाले बील कहाँबाट ल्याउनु ? सेना र आमाको बिचमा भनाभन नै भयो । एउटाले हिन्दी भाषा मात्र बोल्ने, अर्कोले पश्चिमी गाउँले भाषामा बोल्ने । सायद दुवैले एक अर्काको कुरा बुझेका थिएनन्, तैपनि दुवै रिसाउँदै कराइरहेका थिए । अति भएपछि नजिकैको भारतीय साथीले इसारा गर्दै बुढीलाई छोड्न भनियो । बुढी आमा फट्फटाउँदै बोरा बाँध्न लागिन् र त्यहाँबाट गइन् ।

मेरो पनि ब्याग खोल्न लगाइयो, ल्यापटप र किताबहरू ओल्टाइपल्टाइ हेरियो । भारतीय सेनाले मेरो मुखमा हेर्दै नागरिकता माग्यो । मैले लाइसेन्स देखाएँ । लाइसेन्स हेर्दै मेरो नाम सोधियो । मैले भनेको र लाइसेन्समा उल्लेखित विवरण मिल्छ कि मिल्दैन भनी परीक्षण गरिएको हुन सक्छ ।

चेकजाँच कक्षबाट बाहिर निस्कँदा बुढी आमा मलाई कुरिरहेकी थिइन् । ‘मेरो हात दुख्यो बा । यो कट्टा अटोसम्म बोक्देओ न नानी ।’

‘हवस् आमा ।’ बोरा काँधमा बोकेर म उनीसँगै हिँडें । करिब ५ मिनेटको दुरीमा हिँड्दै गर्दा उनले सोधिन्,‘तमि पहिलो पटक आया हौ ?’

मैले टाउको हल्लाएपछि उनले आफ्नै धुनमा भन्दै गइन्, ‘तमिलाई थाहा नाइँ, पहिला महाकाली नदीमा बन्या शारदा ब्यारेजको बिचमा हाम्रो देश र भारतको झन्डा राखिएको मैले देख्या । पछि नदीको वारि नेपाली भूमिमा

भारतीय चेकजाँच गर्ने पोस्ट राखिया। अहिले त आधा किलोमिटर वारि हाम्रो भूमिमा पक्की घर र गेट बनाएर हाम्रो भूमिमा भारतका झन्डा समेत राख्या छन्। विस्तारवादी मुर्दार भारत !'

आमाको कुरा सुनेर म छक्क परेँ। बोल्ने क्रममा उनले 'विस्तारवादी' भन्ने राजनैतिक शब्द प्रयोग गरिन्। मैले सोधिहालेँ, 'आमा विस्तारवादी भनेको के हो ?'

"ल, तमिलाई थाहा नाइँ ? विस्तारै हाम्रो जमिन खानेलाई विस्तारवादी भन्च नि। गाउँमा आमसभा हुँदा एउटा नेताले भाषण गरेको सुन्या हुँ नानी।"

आमाको कुराले म हाँसेँ। 'मैले गलत बोलेँ कि क्या हो ? बड्डाले त्यसै भन्या सुन्या हुँ।' उनले भनिन्।

अटो रिक्सा भएको ठाउँमा पुगेपछि उनको सामान राखिदिएँ। उनले मलाई पनि त्यही रिक्सामा चढ्न भनिन्। हामी सँगै एउटै रिक्सामा नेपाली चौकीनेर पुग्यौँ।

नेपाली प्रहरीले पनि हाम्रा सबै सामानहरू खोल्न लगाएर चेकजाँच गऱ्यो। अलि पर सशस्त्र प्रहरीको टोलीले हामीलाई फेरि रोक्यो। फेरि सामानको चेकजाँच भयो। सशस्त्रले पनि आमासँग प्रेसर कुकर र इन्डक्सन हिटरको बील माग्यो। आमा जङ्गिइन्, "अघि पनि भारतीयले यसरी नै दुःख दियो, अब तिमीहरूले पनि दुःख दिएको। किन चाहियो बील ? जाबो दुइटा सामानको पनि बील माग्ने ? उता भारतीय सेना नेपाल पस्दा केही भन्नु नाइँ ? हामीलाई मात्र दुःख दिने !"

"नियममा त बस्नु पऱ्यो नि आमा।" सशस्त्र जवानले सुस्तरी भन्यो।

"केका नियम ? हाम्रो भूमि मिच्दा तिम्रा नियम कानुन कहाँ गया ? सारा नेपालीको करबाट तलब खाएका तमिहरू कानमा गुइँथा र आँखामा कालोपट्टि हालेर बस्याथ्यौ ?" आमाका कुरा खस्रा र वचन तीखा थिए। सही कुरा बोलेकी थिइन् उनले।

सशस्त्र प्रहरीले केही जवाफ दिएन। म पनि चुपचाप कुरा सुनिरहेँ।

## प्रेरणीय

### सम्पत्ति थुपार्न किन मरिहत्ते ?

एकपटक गुरु नानक यात्राका क्रममा एउटा नौलो राज्यमा पुगे। त्यहाँका राजा जनतालाई सताउने, उनीहरूको सम्पत्ति हडप्नेजस्ता कार्यमा अलि बदनाम छन् भन्ने उनले सुनेका थिए। राजाले पनि गुरु नानकको नाम र महानताबारे सुनेका थिए। त्यसैले, उनी गुरु नानकलाई भेट्न उनी बसेकै स्थानमा आए।

कुराकानीका क्रममा गुरु नानकले राजासित केही पत्थर धरौटी राखेर आफूलाई रकम दिन अनुरोध गरे। गुरु नानकको अनुरोध सुनेपछि राजाले भने– "हुन्छ महात्मा, तपाईँले भनेजस्तै धरौटी राखेर रकम दिन कुनै समस्या छैन, म व्यवस्था मिलाइदिन्छु। तर, हजुर यी पत्थर लिन कहिले आउनुहुन्छ ?"

गुरु नानकले भने– "म फकिरजस्तो मानिस, घुम्दाघुम्दै कता पुग्छु पत्तो हुँदैन। म यो फिर्ता लिन आउन भ्याउँदिनँ। म तपाईँभन्दा अगाडि नै यो संसार छाडेर गइसकेको हुनेछु। त्यसैले, जब तपाईँ यो संसार छाडेर आउनुहुन्छ अनि मेरा यी पत्थर पनि उतै ल्याइदिनु, म उतै लिउँला नि हुन्न ?"

गुरु नानकका कुरा सुनेपछि छक्क पर्दै राजाले भने– "हजुर के भन्दै हुनुहुन्छ गुरु ? कहीँ मरेर गएका मानिसले पनि साथमा यी पत्थर, धनसम्पत्ति लिएर जान सक्छन् त ?" राजाका कुरा सुनेपछि हल्का मुस्कुराउँदै गुरु नानकले भने– "मरेर जाँदा साथमा लान नसकिने भए तपाईँ अहिले सम्पत्ति थुपार्न किन यत्रो मरिहत्ते गर्दै हुनुहुन्छ त ?" गुरु नानकका कुरा सुनेपछि राजा झसङ्ग भए। उनले गुरु नानकसित माफी मागे र त्यस दिनदेखि उनले जनतालाई कहिल्यै सताएनन्।

नगरपालिका नगरवासीहरूको संस्था हो।
करदाताहरूले समयमै कर बुझाऔँ
नगरको विकासमा सघाऔँ।

# भक्तपुर नगरपालिकामा नवदुर्गाको 'ङालाकेगु' जात्रा सुरु



नारायणमान बनमाला

विश्व प्रसिद्ध भक्तपुरको नवदुर्गाको ङालाकेगु जात्रालाई नेपालको सबभन्दा लामो समय सञ्चालन हुने जात्राको रूपमा लिइन्छ। भक्तपुरको नवदुर्गा मन्दिर भक्तपुर नगरपालिका वडा नं. ९ गछेँ टोलमा अवस्थित छ। मानव समाजमा आधारित भक्तपुरको नवदुर्गाको ङालाकेगु जात्रा भक्तपुर जिल्लामा मात्र नभई काठमाडौँ र काभ्रे जिल्लामा पनि निरन्तर सञ्चालन भइरहेको छ। यस जात्रा सञ्चालन गर्न नेवार समुदायको उजाजु (बनमाला) जातिको महत्त्वपूर्ण भूमिका देखिन्छ।

सांस्कृतिक नगर भक्तपुरको ऐतिहासिक नवदुर्गाको ङालाकेगु जात्रा भक्तपुर नगरपालिकामा पुस २९ गतेदेखि सुरु भइको छ। ङालाकेगु जात्रामा निम्न अनुसारका नाच, गतिविधि तथा जात्राहरू हुने गरिन्छ। ङालाकेगु जात्रा हुने स्थानमा टोल परिक्रमा सकेपछि राति ङालाकेगु स्थानमा सम्पूर्ण देवगणहरूको खःप्याखं प्रदर्शनी हुने, मुःवाहा जात्रा र चाःप्याखं (रात्रि नाच) हुने गर्दछ। भोलिपल्ट बिहान बाराही प्याखं; सिम्ह दुम्हको प्याखं तथा ङालाकेगु जात्रा हुन्छ। दिउँसो महाकाली प्याखं; साँझ महाकाली र श्वेत भैरवको गा तोकेगु प्याखं (खास्तो निकाल्ने नाच) हुन्छ। त्यसपछि सिम्ह दुम्ह र श्वेत भैरवको ना होलेगु प्याखं (पानी निकाल्ने नाच) सँगै श्वेत भैरवको ङालाकेगु जात्रा हुन्छ। ङालाकेगु जात्रा सकेपछि सिम्ह दुम्ह र श्वेत भैरवको प्वास्याकेगु प्याखं (पेट दुखाउने नाच), बालकुमारी (इन्द्रायणी) र श्वेत भैरवको मतिना प्याखं (मायाको नाच), सिम्ह दुम्ह र श्वेत भैरवको वस हियेगु प्याखं (लुगा धुने नाच), श्वेत भैरवको वस हियेगु प्याखं र अन्तमा श्वेत भैरवको प्याखं प्रदर्शनी गरिन्छ।

हरेक वर्ष भक्तपुर नगरपालिकाको विभिन्न २१ स्थानमा नवदुर्गाको ङालाकेगु जात्रा गरिन्छ। भक्तपुर नगरपालिका वडा नं ९ सूर्यमढी (त्वचा) मा पुस २९ गते वापी पाछाकिगु जात्राबाट ङालाकेगु शुभारम्भ भएको छ। माघ १ गते साँझ भक्तपुरको सूर्यमढी टोल परिक्रमा गरी राति सूर्यमढी डबली अगाडि खःप्याखं (नाच) प्रदर्शन हुने र च्याम्हासिंह क्षेत्रमा मुःवाहा जात्रा हुनेछ। माघ २ गते सूर्यमढीमै ङालाकेगु जात्रा हुनेछ। माघ २ गते मध्यराति नै तचपाल टोल परिक्रमा गरी दत्तात्रय मन्दिर अगाडि खः प्याखं प्रदर्शन हुने र महेश्वरी पीठ पूर्व क्षेत्रमा मुःवाहां जात्रा हुनेछ। माघ ३ गते तचपालमा ङालाकेगु जात्रा हुनेछ। सोही राति क्वाठण्डौ टोल परिक्रमा गरी खः प्याखं प्रदर्शनी र कमलविनायक पोखरी परिसरमा मुःवाहां जात्रा हुनेछ। माघ ४ गते क्वाठण्डौ टोलमा ङालाकेगु जात्रा हुनेछ। त्यस्तै, माघ ५ गते गछेँ टोल परिक्रमा गरी गछेँ नारायण मन्दिर अगाडि खःप्याखं (नाच) प्रदर्शनी हुने र ६ गते ङालाकेगु जात्रा हुनेछ।



भक्तपुर नपाको चार स्थानमा ङालाकेगु जात्रापछि माघ ११ गते बिहान काठमाडौँको साँखुमा नवदुर्गा प्रस्थान हुने र साँझ त्यहाँका टोलहरूको परिक्रमा हुनेछ। माघ १२ गते पनि साँखुको विभिन्न टोलहरू परिक्रमा गरी शाखा टोलमा खः प्याखं हुने र मुःवाहां जात्रा हुनेछ। माघ १३ गते सोही टोलमा ङालाकेगु जात्रा सम्पन्न गरी सोही राति साँखुकै क्वाख टोल परिक्रमा गरी खःप्याखं प्रदर्शन हुनेछ। माघ १४ गते क्वाख टोलमा ङालाकेगु जात्रा सम्पन्न गरी माघ १५ गते बिहान साँखुबाट चाँगुनारायण मन्दिरतर्फ प्रस्थान हुनेछ। चाँगुनारायणमा बिहान टोल परिक्रमा गरी चाँगुनारायण मन्दिर परिसरमा खःप्याखं प्रदर्शनी तथा मुःवाहा जात्रा हुनेछ। माघ १६ गते ङालाकेगु जात्रा सम्पन्न गरी साँझ भक्तपुर फर्किने छ।

माघ २४ गते बिहीबार दथु टोल परिक्रमा गरी दथु टोल चोकमा खःप्याखं प्रदर्शनी हुने र माघ २५ गते ङालाकेगु जात्रा हुनेछ। माघ २६ गते शनिबार इनाचो टोल परिक्रमा

गरी इनाचो स्वँगल्वहँते खःप्याखं प्रदर्शन हुने र महेश्वरी खेल मैदानमा मुःवाहा जात्रा हुनेछ। माघ २७ गते डालाकेगु जात्रा सम्पन्न भएपश्चात् सोही राति गोल्मढी टोल परिक्रमा गरी गोल्मढीमा खःप्याखं प्रदर्शनी तथा भेलुखेलमा मुःवाहां जात्रा हुनेछ। माघ २८ गते गोल्मढीमा डालाकेगु जात्रा हुनेछ। माघ २९ गते मङ्गलबार याछेँ टोल परिक्रमा गरी याछेँ गणेश मन्दिर अगाडि खःप्याखं हुने र महाकालीस्थान ख्यःपुखुचा क्षेत्रमा मुःवाहां जात्रा हुनेछ। माघ ३० गते याछेँमा डालाकेगु जात्रा सम्पन्न भएपछि राति नवदुर्गा मन्दिरको चोकमा पहिलोपल्ट आरती नाच हुनेछ।

फागुन १ गते बिहीबार बिहान भक्तपुर र काभ्रे जिल्लाको सिमानामा पर्ने साँगा नवदुर्गा देवगणहरू प्रस्थान हुने र साँफ टोलहरू परिक्रमा गरी खःप्याखं प्रदर्शन हुनेछ र नारायणस्थानमा मुःवाहां जात्रा हुनेछ। फागुन २ गते डालाकेगु जात्रा सम्पन्न भएपछि राति नै भक्तपुर फर्किने छ। फागुन ३ गते शनिबार टौमढी टोल परिक्रमा गरी भैरवनाथ मन्दिर अगाडि खःप्याखं प्रदर्शन हुनेछ र ४ गते डालाकेगु जात्रा हुनेछ। सोही राति तालाक्व टोल परिक्रमा गरी खःप्याखं प्रदर्शनी गर्ने र सूर्यविनायक चोक क्षेत्रमा मुःवाहां जात्रा हुनेछ। फागुन ५ गते तालाक्वमा डालाकेगु जात्रा गरिनेछ। फागुन ६ गते मङ्गलबार नासमना न्हेस टोल परिक्रमा गरी राति नासमनामा खःप्याखं प्रदर्शन गर्ने र बाराही पीठमा मुःवाहां जात्रा गर्नेछ। फागुन ७ गते नासमनामा डालाकेगु जात्रा हुनेछ। फागुन ८ गते गःहिटी टोल परिक्रमा गरी गःहिटीमा खःप्याखं प्रदर्शन गर्ने र ल्योसिंखेलमा मुःवाहां जात्रा गरिनेछ। फागुन ९ गते गःहिटीमा डालाकेगु जात्रा गरिनेछ। फागुन १० गते शनिबार क्वाछेँ टोल परिक्रमा गरी क्वाछेमा खःप्याखं प्रदर्शन गर्ने र भगवतीस्थानमा मुःवाहां जात्रा गरिनेछ। फागुन ११ गते क्वाछेँमा डालाकेगु जात्रा सम्पन्न भएपछि मन्दिर फर्किने र राति नै टिबुक्छेँ तथा चासुखेल टोल परिक्रमा गर्न लाने, टिबुक्छेँमा खःप्याखं प्रदर्शन गर्ने र ल्योसिंखेल उत्तरतर्फ क्षेत्रमा मुःवाहां जात्रा गरिनेछ। फागुन १२ गते टिबुक्छेँमा डालाकेगु जात्रा सम्पन्न भएपछि नवदुर्गा मन्दिरको चोकमा दोस्रो आरती नाच प्रदर्शन गरिनेछ। फागुन १३ गते बिलाछेँ भण्डारखाल टोल परिक्रमा गरी लायकु (दरबार स्क्वायर) मा खःप्याखं प्रदर्शन हुनेछ र फागुन १४ गते डालाकेगु जात्रा हुनेछ। फागुन १५ गते खौमा टोल परिक्रमा गरी खौमा प्रवेशद्वार अगाडि खःप्याखं प्रदर्शन हुनेछ र मिबा (भक्तपुर औद्योगिक क्षेत्र परिसर) मा मुःवाहां जात्रा हुनेछ। फागुन १६ गते खौमामा डालाकेगु जात्रा गरिनेछ। फागुन २० गते मङ्गलबार इटाछेँ टोल परिक्रमा गरी इटाछेँ



चवडा गणेश द्यःछेँ अगाडि खःप्याखं र फागुन २१ गते डालाकेगु जात्रा हुनेछ।

फागुन २३ गते शुक्रबार बिहान काभ्रे जिल्लाको नालामा नवदुर्गा देवगणहरू प्रस्थान हुनेछन्। नाला पुगेपछि साँफ नालाका टोलहरू परिक्रमा गरिनेछ। फागुन २४ गते नालाको लायकुमा मुःवाहां जात्रा हुनेछ, पुनः टोलहरू परिक्रमा गरी नाला भगवती मन्दिर अगाडि राति खःप्याखं प्रदर्शन गरिनेछ। फागुन २५ गते नालामा डालाकेगु जात्रा सम्पन्न गरी फागुन २६ गते सोमबार बिहान धुलिखेल प्रस्थान हुनेछ। दिउँसो धुलिखेलका टोलहरू परिक्रमा गरी राति तवली चोकमा खःप्याखं र फागुन २७ गते डालाकेगु जात्रा सम्पन्न गरिनेछ। डालाकेगु जात्रा सकेपछि जात्राखेल चोकमा मुःवाहां जात्रा हुनेछ। त्यसपछि बिदाइ पूजा गरी धुलिखेलमा हुने नवदुर्गाको सम्पूर्ण जात्रा सम्पन्न गरिन्छ। फागुन २८ गते बिहान नवदुर्गा गण धुलिखेलबाट श्रीखण्डपुरमा प्रस्थान हुनेछ। त्यहाँ बिहान गणेश, कुमार, सिम्हे, दुम्हे (प्यम्हाद्यो)/(चार जना देवगण) को नाच प्रदर्शन हुनेछ। दिउँसो चौकोट भन्ने स्थानमा प्यम्हाद्योको नाच प्रदर्शन गरी जात्रा सम्पन्न गरिन्छ। त्यसपछि श्रीखण्डपुरबाट भक्तपुर फर्किनेछ।

पाहाँ चरे तिथिपछि भक्तपुरको बालाखु टोल, मातातीर्थ औँसी तिथिमा काभ्रेको बनेपा र पनौती नगरपालिकामा डालाकेगु जात्रा हुने गर्छ। त्यसपछि भक्तपुरकै तुलाछेँ र चोछेँमा डालाकेगु जात्रा हुन्छ। सितिनखाको आठ दिनपश्चात् भक्तपुर दरबार क्षेत्र इछु टोलमा यस वर्षको अन्तिम डालाकेगु जात्रा गरिन्छ।

(लेखक नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाका सल्लाहकार हुनुहुन्छ।)

निबन्ध लेखन प्रतियोगिता

# भक्तपुर र पर्यटन

सभ्यताको मिर्मिरदेखि नै निर्माण भएको एक विशाल सांस्कृतिक सङ्ग्रहालय हो – भक्तपुर । सांस्कृतिक सम्पदाहरूको छटाले भरिपूर्ण एक बिछट्टै सुन्दर टुक्रा हो भक्तपुर । प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूको मूल फुटेको मुटुको स्पन्दन हो भक्तपुर । मानव सभ्यता र मानव जीवन जत्तिकै पुरानो विषय 'पर्यटन' हो । ऐतिहासिक, दर्शनीय र महत्त्वपूर्ण स्थानमा रमाउन हेर्न र मन बहलाउन देश विदेशमा गरिने भ्रमण नै पर्यटन हो । यदि पर्यटनको आत्म पर्यटकको मन बहलाउने ऐतिहासिक, दर्शनीय र महत्त्वपूर्ण सम्पदाहरू भक्तपुरमा नै छन् ।

पर्यटन भने बित्तिकै पर्यटकका लागि भक्तपुर पनि अचानक भुण्डिएर आउने गर्छ । पर्यटकहरू नेपाल भ्रमण गर्ने क्रममा भक्तपुर नघुमेर जाँदा आफ्नो भ्रमण खल्लो भएको जस्तो मान्छन् । त्यसैले त भक्तपुरमा पर्यटकहरू दोहोरो भ्रमण गरेर जाने गर्दछन् । आ. व. ५०/५१ देखि ७९/८० को असार मसान्तसम्म कुल ४५ लाख ५६ हजार ८२७ पर्यटकहरूले भक्तपुरका सम्पदाहरूको अवलोकन गरेका छन् । आ. व. ७९/८० मा भक्तपुरमा मात्र सार्क राष्ट्र र चीनबाट ८१३१४ पर्यटक र गैरसार्क राष्ट्रबाट ८६३३४ गरी जम्मा १ लाखभन्दा बढी पर्यटकहरूले भक्तपुरमा भ्रमण गरेका छन् ।

काठमाडौँभन्दा लगभग १३ कि.मि. पर रहेको भक्तपुरको छुट्टै इतिहास छ । त्यसैले त पर्यटकहरू त्यही इतिहास बुझ्न उत्सुकता बढाउँदै भक्तपुरमा आगमन गर्छन् । भक्तपुर पर्यटकको आकर्षण केन्द्र भएकोले पर्यटन भूमिमा यहाँ माटो उर्वर छ । यहाँको कला संस्कृति हेरेर सकिँदैन । पोखरीहरू हेरेर रित्तिँदैनन् । जात्रा पनि हेरेर विलुप्त हुँदैन ।

भक्तपुरका पाइलैपिच्छे मन्दिर र पोखरी छन् । नेपालकै अग्लो मन्दिर ङातापोल्हँको आफ्नै इतिहास छ । त्यति मात्रै होइन विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार क्षेत्रमा पुग्दा गोल्डेन गेटले सूर्यको किरणले टल्काउँदै लजालु मुस्कानमा स्वागत गर्छ । जब गोल्डेनगेटबाट बाहिर निस्कन्छौँ तब पचपन्न झ्यालले दरबारले हामीलाई चियाइरहेको जस्तो महसुस हुन्छ । अनि जब पचपन्न झ्याले दरबार छेउमा पुग्छौँ घरको कौसीबाट शिर उठाई पाँचतले मन्दिरले हामीलाई नै हेरिरहेको जस्तो देखिन्छ । त्यसैले त पर्यटकहरू यी क्षेत्रलाई नछुट्टाएर भ्रमण गर्दछन् । यति मात्र होइन चाँगुनारायण मन्दिर विश्व सम्पदा सूचीमा सूचिकृत वाकुपति नारायण, सूर्यविनायकका मन्दिर पनि उत्तिकै चर्चा परिचर्चामा छन् ।

पर्यटकहरूलाई स्वागत गर्न ब्यासी ध्वाका, भार्वाचो ध्वाका, च्याम्हासिंह ध्वाका इत्यादि सधैँ मिठो मुस्कानमा तत्पर रहन्छन् । यी सम्पदालाई देखाउने मार्ग पनि हुन् । भक्तपुरका सम्पदा भ्रमण गर्न र मनोरञ्जन लिने विश्वभरका पर्यटकहरू लालायित रहन्छन् । यहाँ सिद्धपोखरीबाट दुई पाइला अगाडि पुग्दा नः पुखूले स्वागत गर्छ र दुई पाइला पछाडि मोड्दा न्हु पुखू (रानी पोखरी) स्वागत गर्न मार्ग छेउमै बसिरहेको हुन्छ । त्यसैले त पर्यटकहरूको भक्तपुरको पर्यटनप्रति लालायित हुन्छन्न् । भक्तपुरका पोखरीहरू प्रकृतिदेवीले सौन्दर्य पिउन चाहने हरेक पर्यटकहरूका मन–मस्तिष्कका ढुकढुकी बनेका छन् । यी पोखरी र सम्पदा देखेर पर्यटकहरू जिब्रो टोक्दै आश्चर्यचकित हुन्छन् ।

भक्तपुरमा भिन्न–भिन्न कलासंस्कृतिबाट एउटा सौन्दर्य ज्योतिको निर्माण भएको छ । यहाँका जात्राहरू पनि पर्यटन गर्ने पर्यटकका लागि आकर्षणका रूपमा रहेका छन् । गाईजात्राले मानिसभित्र रहेका दुःख पीडा र करुणालाई सुखी र मनोविनोदमा रूपान्तरित गरिदिन्छ । त्यतिमात्र होइन रथ तान्दा आपसी भाइचारा मेलमिलाप र सद्भावको भावना जागृत हुन्छ, आफ्नै पूजालाई पर्व मान्ने म्हा पूजाले यस सृष्टिमा मानव जातिको महत्त्वलाई उजागर गरेको छ । त्यस्तै योमरी पुन्हीलगायतका विभिन्न संस्कृतिहरूले गर्दा नै भक्तपुर एक छुट्टै ऐतिहासिक नगरको रूपमा परिचित भई पर्यटकहरू भ्रमण गर्न आउँछन् ।

भक्तपुर जीवित सङ्ग्रहालयको, रूपमा परिचित छ । नाचगानको सहर भनेर पनि भक्तपुरलाई चिनिने गरिन्छ । भक्तपुरमा रहेको सङ्ग्रहालयमा प्रस्तर कला, काष्ठकला र हस्तकलाले पनि पर्यटन गर्ने पर्यटकहरूलाई आश्चर्य चकित पारिदिएका छन् । यी कलाले भक्तपुरको इतिहासलाई जगेर्ना गरी प्रतिबिम्बित गरिदिएका छन् । भक्तपुरमा रहेको चित्रकलाको पनि आफ्नै छुट्टै महत्त्व छ । स्थानीय सामग्रीहरूबाट भक्तपुर सजिएको छ ।

भक्तपुरको अर्को आकर्षणको रूपमा रहेको पर्यटकहरूले रुचाउने यहाँको स्थानीय नाचगान पनि हो । भक्तपुरमा स्थानीय नाचगानले रमझम पारिदिएका छन् । ख्यालले ख्याल र ख्यालमै राजनीतिज्ञ र भ्रष्टाचारीहरूको छाती चस्काउँछ । यहाँको नाटकले वर्तमान अवस्थामा हुने राजनीतिक र सामाजिक विसङ्गतिलाई झल्काउने र गल्ती महसुस गराई सुधार गर्नका लागि मौका दिन्छ । माक

प्याखं, गाईचा प्याखं, फाकंदली प्याखं इत्यादि नाचले पर्यटकलाई मनोरञ्जनका साथसाथै स्थानीय नाचगानको आवश्यकताको महसुस गराउँछ ।

भक्तपुरका स्थानीय गीतहरू पनि पर्यटकको आकर्षण बनेका छन् । भक्तपुरमा होलिमा होलिम्ये (गीत) मा रङ्ग खेलिन्छ । सिनाज्या गीतले धान रोपाइँको समयमा हरेकका खेत खेतमा रमाइलोपन ल्याइदिन्छ । सितला माजु गीतले उपत्यका छाड्न बाहृय नेवारीको पीडा र वेदना समेटेको छ । यी स्थानीय गीत सङ्गीत पनि हरेक पर्यटकका कानका धुन बनिसकेका छन् ।

स्थानीय औषधि कोंले विदेशी केसियलभन्दा बढ्ता काम गर्छ । साराँ (अचार) ले चाइनिज अचार र इटालियन पिज्जाभन्दा मिठो स्वाद दिन्छ । थ्वँ (जाँड) ले विदेशी रक्सी ह्विस्कि र बियरभन्दा मिठो स्वाद दिन्छ । जुजु धौले भक्तपुर नै मग मग भएको छ । यी स्थानीय खानेकुरा पनि पर्यटकका जिब्रोका स्वाद भइसकेका छन् । भक्तपुरको आफ्नो स्थानीय उत्पादनले पूरा नेपाल घुम्न आउने विश्वका हरेक पर्यटकलाई चकित पारिदिएको छ ।

सांस्कृतिक रूपमा मात्रै होइन प्राकृतिक रूपमा पनि भक्तपुर उत्तिकै महत्त्वपूर्ण छ । उकाली ओराली गर्न नगरकोट र सूर्यविनायक छन् । यहाँ ढुङ्गा ढुङ्गामा देवता छन् र मूर्तिमा प्राण छन् । क्षेत्रफलले सानो छ तर सुन्दर र सुसंस्कृत स्वर्गजस्तो छ । भक्तपुरलाई पर्यावरणीय हिसाबले हेर्दा नेपालको मस्तिष्कको रूपमा हेर्न सकिन्छ । पर्यटकहरू भक्तपुरका चार तलाका घरमाथि गएर हेर्दा डाँडाहरू पनि गौतमबुद्धका आकारमा शान्तरूपले ठडिएका देख्छन् । यसले शान्तिका दूत गौतम बुद्धको सम्झना गराउँछ । ती डाँडाहरू पनि पर्यावरणीय दृष्टिकोणले महत्त्वपूर्ण छन् ।

नगरकोटको डाँडा र सूर्यविनायकको बोकचगडी छेउमा रहेको पृथ्वीनारायण शाहको सालिक छेउमा बसे एक चुट्की चिया मात्र पिउन पाउँदा जो कोही पनि हर्षले प्रफुल्लित हुन्छन् र फेरि फेरि यहाँ भ्रमणका निम्ति आउँछन् । भक्तपुरका यस्तै सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको प्रचार प्रसार, संवर्द्धन र प्रवर्द्धन गर्न भक्तपुर महोत्सव २०५४, पदयात्रा महोत्सव, योमरी महोत्सव 'सडक महोत्सवलगायत हाल भक्तपुर महोत्सव २०८१ पनि भनपाले सञ्चालन गर्दै छ ।

भक्तपुरमा रहेका प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूले भक्तपुरको विकास कार्य गर्न आर्थिक अवस्था उचालिदिएको छ । पर्यटन नै आर्थिक अवस्था प्रवर्द्धन गर्ने एक ढुकढुकी हो । त्यसैले भक्तपुरमा रहेका हाकुपटासी, भादगाउँले टोपी र जुजु धौको विश्वव्यापी रूपमा चर्चा र परिचर्चा गर्न आवश्यक छ ।


हामीले पर्यटकहरूलाई ठुलाठुला महल र सोफाको आनन्द त दिन नसकौँला तर जुजुधौ, योमरी र सम्पदाको सुख भने अवश्य दिन सक्छौँ । त्यसको लागि भक्तपुर नगरपालिकाले योमरी पाउने स्थान, जुजु धौ पाउने स्थान इत्यादि स्थानीय सामग्रीका लागि छुट्टाछुट्टै स्थानको व्यवस्था गर्न सके अझै पर्यटकहरू आकर्षित हुन्छन् ।

यहाँका प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न जरूरी छ । यसले विश्वलाई सुख प्राप्त गर्छ । आनन्द प्राप्त गर्न भक्तपुर सधैँ तत्पर हुनुपर्छ अनि पर्यटनको क्षेत्र अझै माथि बढ्छ ।

पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भएको भक्तपुर महोत्सव २०८१ को प्रचारार्थ 'भक्तपुर र पर्यटन' विषयमा भएको निबन्ध लेखन प्रतियोगितामा वागीश्वरी मा.वि.का प्रकाश रोकायाको प्रथम भएको निबन्ध)*

# हाम्रो स्थानीय तह




## काठमाडौँ मनपा, काठमाडौँ

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | २५४२९२ | २३८९६६ |
| जनसङ्ख्या | ९७५४५३ | ८६२४०० |
| परिवार आकार | | ३.६१ |
| लैङ्गिक अनुपात | | १०३.३३ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | -१.१८ |
| जनघनत्व | | १७४४० |
| साक्षरता दर प्रतिशत | | ९०.४७ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

# भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्र, व्यस्त दम्पतीको सहारा बन्दै



बबिता तामाङ

काठमाडौँ । भक्तपुरको दुवाकोट बस्ने सन्दीप कार्की मार्केटिङको जागिर गर्छन् । कार्कीकी श्रीमती नर्समा जागिरे छिन् । दुवैजना जागिरे त्यसमा पनि एकल परिवार भएकोले सन्दीप दम्पतीले आफ्नो सन्तानलाई समय दिन पाउँदैनन् । उनीहरूले आफ्नो नानीलाई नगरपालिकाले सञ्चालन गरेको नजिकैको शिशु स्याहार तथा बाल विकास केन्द्रमा भर्ना गरे ।

शिशु स्याहार केन्द्रमा बच्चालाई राखेर ढुक्कले काम गर्न पाएको कार्की बताउँछन् । उनले भने, “हामीले एक वर्षदेखि नानीलाई शिशु स्याहार केन्द्रमा राखेका छौँ, शिशु स्याहार केन्द्रमा नानीलाई राख्दा हामीले ढुक्कले काम गर्न पाएका छौँ ।”

भक्तपुर दूधपाटी बस्ने उर्मिला प्याथ सहकारीमा जागिर गर्छिन् । श्रीमान् पनि काममा व्यस्त हुँदा उनी काम गर्न नपाउने हो कि भन्ने चिन्तामा थिइन् । उनले पनि आफ्नो बाबुलाई नगरपालिकाले नै सञ्चालन गरेको शिशु स्याहार केन्द्रमा भर्ना गरेपछि जागिर गर्न पाएकी छिन् । बाबुलाई शिशु स्याहार केन्द्रमा राख्न थालेको एक महिनामात्रै भएको उनले सुनाइन् ।

केन्द्रको सेवाप्रति निकै सन्तुष्टि छिन् उर्मिला । निजी संस्थाले सञ्चालन गरेको स्याहार केन्द्रमा भन्दा यस स्याहार केन्द्रमा धेरै राम्रो स्याहार र सुविधा भएको उनले बताइन् । “प्राइभेटमा भन्दा यहाँ धेरै राम्रो लाग्यो, यहाँ बच्चालाई खेल्ने ठाउँदेखि खानाको पनि राम्रो व्यवस्था छ, बच्चालाई केही भइहाल्ने हो कि भन्ने कुरामा चिन्ता लिनुपर्दैन । बेलाबेला स्वास्थ्य जाँच पनि गराइरहेको हुन्छ । शुल्क पनि न्यून छ,” उनले भनिन् ।



माथि प्रस्तुत गरिएका प्रसङ्ग केही प्रतिनिधि पात्रमात्रै हुन् । अहिले एकल परिवार, त्यसमा पनि श्रीमान्/श्रीमती दुवैजना जागिरे हुने चलन बढ्दै गएको छ । गाउँघरमा यस्तो चलन कम देखिए तापनि सहर बजारमा भने प्रशस्तै भेटिन्छन् ।

कमाउनका लागि दम्पती नै जागिर गर्न जाँदा सन्तानलाई समय दिन अभिभावक असमर्थ हुन्छन् । यस्तो अवस्थामा बच्चालाई समय दिनकै लागि दम्पतीमध्ये एक जना विशेषगरी महिलाहरूले आफूले गरिरहेको जागिर छाड्नुपर्ने बाध्यता छ ।

यो अवस्थामा पनि विस्तारै परिवर्तन हुँदै आएको छ । पछिल्लो समय आफ्नो सन्तानको हेरविचारको लागि भनेर जागिर नै छाडेर बस्नुपर्ने बाध्यता छैन । अहिले साना बच्चाहरूको हेरविचारको लागि विभिन्न बाल स्याहार केन्द्र सञ्चालनमा आइसकेका छन् ।

## बढ्दै शिशु स्याहार केन्द्रको प्रभावकारिता

आजभन्दा २५ वर्ष अर्थात् वि.सं. २०५६ सालअघि शिशु स्याहारको अवधारणा आइसकेको थिएन । अहिलेजस्तो व्यावसायिक रूपमा छ्यापछ्याप्ती शिशु स्याहार केन्द्रहरू पनि खुलेका थिएनन् । त्यतिबेला दम्पतीमध्ये एक जनाले बच्चा हेर्नैपर्ने बाध्यता थियो । त्यसैलाई मध्यनजर गरेर भक्तपुर नगरपालिकाले शिशु स्याहार तथा बाल विकास केन्द्रको अवधारणा अघि सारेको हो ।

जागिर गर्ने महिलाले बच्चाकै कारण कामबाट वञ्चित हुन नपरोस् भन्ने सोचले शिशु स्याहार केन्द्र सञ्चालनमा ल्याइएको नगरपालिकाका प्रवक्ता **दामोदर सुवाल** बताउँछन् ।

उनले भने, “विशेषगरी आर्थिक अवस्था कमजोर र एकल परिवारलाई लक्षित बनाएर सुरु गरेका हौँ । आजको दिनसम्म आइपुग्दा यसको प्रभावकारिता बढ्दै गएको छ ।”

यो केन्द्र सञ्चालनमा ल्याएपछि यसबाट धेरै जना दम्पती लाभान्वित भएको प्रवक्ता सुवालले जानकारी दिए । यो केन्द्रमा आफ्ना बच्चालाई राखेर आमाहरूले ढुक्कले काम गर्न, पढ्न पाएका छन् । यसले नगरबासीको स्वास्थ्य र आर्थिक स्थितिमा टेवा पुगेको सुवालले बताए ।

उनका अनुसार केन्द्रबाट हालसम्म पाँच हजारभन्दा बढी बालबालिका लाभान्वित भइसकेका छन् । केन्द्रमा भर्ना गरिएका धेरै शिशु अहिले डाक्टर, इन्जिनियर, नर्सलगायत विभिन्न पेसामा जागिरे भइसकेको प्रवक्ता सुवालले बताए ।

केन्द्रका शाखा प्रमुख **दीपेन्द्र प्रजापति** जागिरे दम्पतीमात्रै नभएर कृषिमा आबद्ध परिवारलाई पनि सहज होस् भन्ने हिसाबले यो कार्यक्रम सुरु भएको बताए ।

“जागिरे महिला मात्रै नभएर कृषि व्यवसाय गर्नेहरूलाई पनि समस्या हुन्छ । बच्चालाई घरमा एक्लै छाड्न नमिल्ने,

खेतमा सँगै लगेर जान पनि नमिल्ने। शिशुलाई केन्द्रमा भर्ना गरेपछि आमाबुबाले ढुक्कले खेतमा काम गर्न पाएका छन्" उनले भने।

नगरपालिकाभित्र ६ वटा शिशु स्याहार केन्द्र सञ्चालनमा छन्। प्रजापतिका अनुसार भार्वाचो, मङ्गलतीर्थ, गोल्मढी, खँचा, भोलाछेँ र लिबाली वडा कार्यालय भवनमा सञ्चालन भइरहेका छन्। १८ महिनादेखि ३ वर्षसम्मका बच्चाहरूलाई यस केन्द्रमा राख्न सकिन्छ।

एउटा केन्द्रमा २ जना आया (सहयोगी) दिदी र २ जना शिक्षिकाको व्यवस्था गरिएको छ। ६ केन्द्रमा २४ जना कर्मचारी खटिएका छन्। एउटा केन्द्रमा ४० जना मात्रै शिशुको कोटाको व्यवस्था गरिएको छ।

'एक जना शिक्षिकाले १० जना विद्यार्थीलाई कभर गर्न सक्छन् भन्ने मान्यताले प्रत्येक केन्द्रमा ४० जनाको कोटा व्यवस्था गरेको शाखा प्रमुख प्रजापतिले बताए। हाल नगरभित्रको ६ वटा शिशु स्याहार केन्द्रमा २४० जना शिशु छन्।

## न्यून शुल्कमा उत्कृष्ट सेवा

नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार केन्द्रमा एक जना शिशु बराबर एक हजार रूपैयाँमात्रै शुल्क निर्धारण गरिएको छ। मासिक एक हजारमै बच्चाहरूले खाजादेखि लिएर सबै सुविधा पाउने शाखा प्रमुख प्रजापतिले बताए।

## अरू केन्द्रभन्दा पृथक

सरकारी स्कूल, निजी विद्यालय तथा सङ्घसंस्थाले सञ्चालन गरेको शिशु स्याहार केन्द्रभन्दा नगरपालिकाले सञ्चालन गरेको केन्द्रमा धेरै भिन्नता रहेको प्रजापति दाबी गर्छन्। उनका अनुसार नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार केन्द्र पूर्णरूपले शिशु स्याहारलाई मात्रै ध्यान दिने गरेको छ, जुन कुरा अरू ठाउँमा कम हुन्छ।

## बढ्दो आकर्षण

आजभोलि नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहारको अभ्यास र यसको आकर्षण बढ्दै गएको छ। २०७४ सालअघि भने शिशु स्याहार केन्द्रमा यस प्रकारको आकर्षण थिएन। त्यसबेला अभिभावकको विश्वास जित्न केन्द्रलाई ठूलो चुनौती भएको प्रजापतिले स्मरण गर्दै भने।

"त्यतिबेला अभिभावकको विश्वास जित्न निकै कठिन परिस्थिति थियो। केन्द्रमा बच्चालाई स्याहार नहुने हो कि, केही पो भइहाल्ने हो कि भन्ने शङ्का उपशङ्काले अभिभावकले केन्द्रमा शिशु छाड्न डराउँथे। केन्द्र पनि अहिलेजस्तो व्यवस्थित बनाउन सकेका थिएनौँ," उनले भने।

## केन्द्रलाई सञ्चालन गर्न नियमावली

अहिले नगरपालिकाले ६ ओटै केन्द्रमा शिक्षिका, आया दिदी नियुक्त गर्नुका साथै शिशुका लागि आवश्यक सबैखाले सुविधा व्यवस्थित गरेको छ। केन्द्रलाई थप व्यवस्थित बनाउन शाखा नै बनेको छ। त्यस्तै शिशु स्याहार केन्द्र सञ्चालन गर्ने नियमावली बनेको छ। नगरपालिकाले शिशु स्याहार केन्द्रहरूमा नियमित अनुगमन गर्ने र छलफल गर्दै आइरहेको छ। बच्चाहरूलाई समय-समयमा स्वास्थ्य जाँचदेखि लिएर अभिभावक कार्यक्रमहरू पनि केन्द्रले सञ्चालन गर्दै आइरहेको छ।

केन्द्रमा बच्चाहरूका लागि भौतिक पूर्वाधार, खेल्ने, बस्ने ठाउँ सबै व्यवस्थित छ। बच्चाहरूको स्वास्थ्यलाई मध्यनजर गरेर दिनको दुईपटक स्वच्छ खानाको व्यवस्था गरिएको छ। तालिम प्राप्त शिक्षिकामार्फत बच्चालाई श्रव्यदृश्यमार्फत सिकाउने, खेलाउने, सुताउने गतिविधिहरू नियमित रूपमा केन्द्रमा हुने गरेको छ।

## बाहिरी जिल्लाका लागि पनि सुविधा

यसबाहेक नगरपालिकाले सुरुवातमा नगरभित्र बसोबास गर्ने स्थायी बासिन्दाको लागि मात्रै यो कार्यक्रम सञ्चालन गरेकोमा अहिले बाहिर जिल्लाबाट आएर बसोबास गर्नेहरूले पनि आफ्नो बच्चालाई भर्ना गर्नसक्ने व्यवस्था छ। यसैले अहिले अभिभावकको शिशु स्याहार केन्द्रप्रतिको विश्वास बढेको शाखा प्रमुख प्रजापतिले बताए।

उनका अनुसार केन्द्रमा आफ्नो शिशु राखिदिनुपर्‍यो भनेर धेरै अभिभावक नगरपालिकामा अनुरोध गर्न आउँछन्। एउटा केन्द्रमा ४० जनाको मात्रै कोटा हुँदा नगरपालिकाले सबैलाई सम्बोधन गर्न नसकेको हुँदा आगामी दिनमा केन्द्रहरू थप गर्दै लैजाने योजना रहेको प्रजापतिले बताए।

केन्द्रमा खटिने आया दिदी र शिक्षिकाहरू बच्चाहरूको सेवा गर्न पाउँदा खुसी भएको महसुस गर्छन्। विगत दुई वर्षदेखि शिशु स्याहार केन्द्रमा सेवा गर्दै आएकी रोशनी साखकर्मी बच्चाहरूसँग समय बिताउँदा रमाइलो हुनुका साथै नयाँ कुरा सिक्ने अवसर पाउने बताउँछिन्।

यसअघि पनि शिक्षण पेसामा आबद्ध भइसकेकी साखकर्मी बच्चाहरूको सेवा आफ्नो जागिरभन्दा पनि जिम्मेवारी हो भनेर लिने गरेकी छिन्। उनले भनिन्, "हामीलाई अभिभावकले विश्वास गरेर साना शिशुहरूलाई हाम्रो जिम्मामा छोडिदिनुहुन्छ, हामीले पनि उहाँहरूको विश्वास दिलाउने गरी काम गरिरहेका छौँ।"

साखकर्मीमा अनुसार केन्द्रमा बच्चाहरूको शारीरिक, मानसिक र स्वास्थ्य सबैलाई ध्यानमा राखेर त्यही खालको क्रियाकलापहरू हुने गर्छन्। केन्द्रको सेवाप्रति अभिभावकले सकारात्मक प्रतिक्रिया दिने गरेको उनले बताइन्।

"यहाँ केन्द्रमा भर्ना गरेपछि उहाँहरूले आफ्नो बच्चामा धेरै परिवर्तन देख्नुहुन्छ, यो देखेर उहाँहरू खुसी हुनुहुन्छ। हामीलाई पनि यसैले खुसी मिल्छ," उनले सुनाइन्।

*(विकास न्युज, २०८१ पुस २३ गते)*

'नेपाल भ्रमण वर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को शुभारम्भको अवसरमा भएका गतिविधिहरुको केही झलक


















*"Creation of predecessors - Our art and culture"*



















**कथा**

# चना र गहुँ

**शक्तिधर जोन्छेँ**

एउटा गाउँमा कृषकले चना र गहुँ एक प्लटमा मिसाएर छरेछ। कृषकले एकदम मेहनतका साथ मल जल गरी हुर्काछ। कृषक अरू बालीहरूको हेरचाह गरेझैं सधैंजसो चना र गहुँ छरेको प्लटमा जाने गर्दथ्यो। जब चना र गहुँ ठूलो भई बाला लाग्नेबेला भयो सधैंझैं बिहान पख हेर्न जान्थ्यो। त्यस्तै चनाको फूल फुल्ने बेलामा र गहुँको बाला लाने बेलामा खेतमा एकपटक जानु पर्‍यो भनी कृषक पहिला चना र गहुँ छरेको ठाउँ (खेत)मा गयो। चना र गहुँको बोट हेर्दा कसैले बिगारेको जस्तै देखियो। कृषकले यहाँ को आयो ? किन मेरो बाली नोक्सान गरियो भन्दै चना र गहुँको बोटलाई परालले मुठा मुठा पारी घरमा गयो। उसको मनमा कसले यस्तो नचाहिने काम गर्‍यो, जनावर आएको भए सबै प्लटमा हुँदैन, ऊ चलेको ठाउँमा मात्र हुनुपर्ने हो अब भोलि बिहानै हेर्न जानु पर्ला भनी सोचेर निदाएछ। भोलिपल्ट कृषक खेतमा हेर्न जाँदा हिजोको जस्तै सबै चना र गहुँ छताछुल्ल भएको देखियो केही जनावर आएर कुस्ति गरेजस्तै। उसले हिजो बाँधेर गएको सबै फुस्किएकोले ऊ त अचम्म परेछ। उसले फेरि चना र गहुँलाई परालले मुठा मुठा पारेर बाँधेर गयो।

भोलिपल्ट कृषक त्यही प्लटमा गएर हेर्दा उसले बाँधेर गएको सबै छताछुल्ल परेको देख्यो। त्यो अवस्था देखेर ऊ हैरान भयो र अब राति यहाँ को आउने रहेछ, राति एकपल्ट हेर्न आउनु पर्‍यो, मेरो बालीलाई यसरी गर्ने को रहेछ हेरौंला; म कहाँ बाँकी राख्छु भन्दै ऊ घरतिर लाग्यो। कृषक राति १२ बजेतिर खेतमा जाँदा त्यहाँको माहोल (परिस्थिति) देखेर कृषक अचम्म भयो।

त्यहाँ के भएको रहेछ भने चना भन्छ, तिमीभन्दा म ठूलो। गहुँ भन्छ, तिमीभन्दा म ठूलो। चनाले भन्छ, तिमी भन्दा म ठूलो किनभने तिमी सस्तोमा बिक्री हुन्छ र म महँगोमा। फेरि म तिमीभन्दा मान्छेलाई बढी तागत् दिन्छु, मलाई केही मिठाइ वेसनहरू बनाएर बिक्री गरेमा महँगो हुन्छ र जुनसुकै व्यक्तिले खाए पनि हुन्छ। फेरि तिमीलाई काँचै खान मिल्दैन। मलाई त काँचै खाए पनि मिल्छ। मलाई आज भोलि धेरैजसो मान्छेहरूले व्यायाम गरेपछि चना भिजाएर राखेको पानी नै नफाली खान्छन्। त्यही भएर तिमीभन्दा म ठूलो भनेर बोट बोट उसले उसलाई उसले उसलाई पिट्यो। फेरि गहुँ भन्छ के फुइँ गरिरहेको ? तिमीभन्दा म ठूलो किनभने मलाई मान्छेले मिठाइ बनाउने, बिरामीलाई रोटी बनाएर ख्वाउने र बिरामी नभएका व्यक्तिले पनि खाने र गरिबले पनि किनेर खान सकिन्छ किनकि तिमीभन्दा म सस्तो छु। त्यस्तै मलाई विभिन्न परिकारहरू बनाएर मानिसले खाने गर्दछ। त्यही भएर म तिमीभन्दा ठूलो छु भनेर एक आपसमा झगडा गरिरहेको देख्यो।

त्यो देखेर कृषकले केही भन्न सकेन र अब एक पटक गाउँको जे.टी.ए. लाई बोलाएर भन्नु पर्‍यो भनी सोचेर ऊ घरतिर गयो।

भोलिपल्ट कृषक १०.०० बजे गाउँको कृषि कार्यालय (कृषि शाखा) मा गएर जे.टी.ए. लाई भेटेछ। उसले जे.टी.ए. लाई आफूले छरेको गहुँ र चना भएको प्लटमा ल्यायो। त्यहाँको परिस्थिति देखायो र हिजोराति चना र गहुँको झगडा गरेको सम्पूर्ण वृत्तान्त सुनायो। सो सुनाएपछि जे.टी.ए.ले भन्यो, यसमा त पहिलो कुरो तपाईले चना र गहुँ एकै ठाउँमा होइन भिन्न भिन्न प्लटमा छर्नुपर्ने हो। उनीहरूको झगडामा को सानो को ठूलो भन्ने कुरामा जे.टी.ए. भन्यो, ठूलोमा चना छ भने सानोमा गहुँ हो। यो जे.टी.ए. को कुरा सुनेर चनाले नाक फुलायो भने गहुँले मन दुखायो। त्यही भएर चनाको नाक फुलेको र गहुँको मन दुखेर बिचमा चिरा परेको हो।


## हार्दिक श्रद्धाञ्जली



**स्व. हेलबहादुर सुजखु**

**जन्म : २००३ कार्तिक ०९ | निधन : २०८१ माघ १०**


भक्तपुर नगरपालिकाका कर्मचारी रामसुन्दर सुजखुका पूजनीय पिता **हेलबहादुर सुजखुको** दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

## Gorky in America (VI)



# The City of the Yellow Devil




Maxim Gorky

This is Coney Island.

On Mondays the city's newspapers triumphantly inform the reader:

"Yesterday 300,000 people visited Coney Island. Twenty-three children were lost."

It is a long journey by streetcar through the dusty, noisy streets of Brooklyn and Long Island to the dazzling splendor of Coney Island. And, indeed, as soon as a man stands before the entrance to this city of lights he is blinded. It flings hundreds of thousands of cold white sparks into his eyes, and for a long time he cannot make out anything in the dazzling dust; everything about him is a stormy maelstrom of fiery froth, everything whirls, glitters and beckons. The man is stunned at once, his mind is blotted out by all this brilliance, all thought is driven out of his head and he becomes a particle of the crowd. Their minds reeling, people wander aimlessly amid the scintillating lights. An opaque white mist penetrates their brain, a teeing of eager anticipation lays a viscid shroud over the soul. Dazzled by the glitter, the crowd of people pours, a dark stream, into the motionless pool of light hemmed in on all sides by the dark frontiers of the night.

Tiny lamps shed a cold dry light over everything: they are attached to all the poles and walls, to the window frames and cornices of buildings, they stretch in even rows along the tall chimney of the power station, they burn on all the roofs, they scratch at the eyes of the people with sharp needles of lifeless brilliance—the people blink and smiling stupidly, drag themselves slowly over the ground like the heavy links in some tangled chain....

It takes a great effort of will for a man to find himself in this crowd, crushed by wonder in which there is no delight or joy. And he who does find himself sees that these millions of lamps shed a dreary, denuding light that, while hinting at the possibility of beauty, Jays bare the stupid, dismal ugliness all around. A phantom from afar, the magic city is now seen as a meaningless labyrinth of straight lines in wood, cheap, hastily-built structures put up to amuse children, the considered work of some old pedagogue who is worried by the escapades of the children and wants to teach them humility and meekness even through their toys. There is an ugly variety about the dozens of white buildings, and not one of them has even a hint of beauty. They are made of wood, covered with peeling white paint, and all seem to be suffering from the same skin disease. The tall towers and low colonnades stretch in two deadly even lines and huddle tastelessly together.

Everything is stripped bare and robbed by the impartial glitter of the lights; it is everywhere, and there are no shadows. Every building stand like some gaping fool with its mouth hanging open, and within one glimpse a cloud of smoke, hears the raucous howls of brass and the whining of the organ, and sees

the dark figures of people. People eating, drinking and smoking.

But Man is not heard. The air is filled with the even his sing of the arc lights, ragged fragments of music, the pious whining of wooden pipes and the thin, incessant whistle of braziers. All this merges in an irritating hum as of some invisible string, thick and taut, and when a human voice does invade this incessant hum it sounds like a frightened whisper. Everything glitters insolently, baring its dismal ugliness....

The soul is gripped by a burning desire for a live, red, flowering flame that would deliver people from the bondage of this mottled boredom that deafens and blinds....

One would wish to set fire to all this prettiness, and to dance in wild abandon, to shout and sing in the boisterous play of the colourful tongues of a living flame, to revel in a voluptuous feast of destruction of the lifeless magnificence of spiritual poverty....

Coney Island has indeed hundreds of thousands of people in its thrall. They swarm like clouds of Wack flies over the whole of its vast area, closely packed with white cage like structures and in all the halls of the buildings. Pregnant women placed carry the weight of their bellies before them. Children walk along gaping in silence and staring with dazzled eyes around them so intently and gravely that one aches with pity for them, because they nourish their souls with ugliness which they mistaken for beauty. The clean-shaven faces of the men, looking strangely alike, are stolid and heavy. Most of them have brought along their wives and children, and they regard themselves as the benefactors of their families for providing them not only with bread but with magnificent spectacles besides. They themselves like this glitter, but they are too serious to give vent to their feelings and hence they all compress their thin lips and narrow their eyes and frown with the air of persons whom nothing can impress. Yet behind this outward composure born of mature experience one feels a burning eagerness to taste all the pleasures the magic town has to offer. And so these respectable people, with deprecating smiles calculated to hide the glow of pleasure that lights up their eyes, climb onto the backs of the wooden horses and elephants of the electric merry-go-round, and, swinging their legs, wait in excited anticipation for the keen pleasure of being whirled over the rails, tossed up- wards and dropped down again whistling through the air. This bumpy journey completed, they stretch the skin tightly over their faces again and move on to other pleasures...

भ.न.पा. वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजा, रत्नकाजी नायोभारी, वडा सदस्य श्यामसुन्दर मातां, मञ्जु लाखाजुले भक्तपुर महोत्सवको बारेमा चर्चा गर्नुका साथै वडाका विभिन्न सहकारी, विद्यालय, दाफा भजन, स्थानीय महिला समूह, स्वयम्सेवकलगायत सम्पूर्णमा धन्यवाद प्रमाणपत्र वितरण गरिएको थियो ।

## भक्तपुर महोत्सव : भक्तपुरका मूर्त अमूर्त सम्पदा प्रदर्शन गर्ने माध्यम

भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा भक्तपुर महोत्सव २०८१ को समीक्षा तथा महोत्सव सफल पार्न सहयोग गर्नेहरूलाई धन्यवादज्ञापन कार्यक्रम पुस २५ गते सम्पन्न भयो ।

कार्यक्रममा उहाँले महोत्सव सफलतापूर्वक सम्पन्न



गर्न सहयोग पुऱ्याउने सबैमा धन्यवादज्ञापन गर्दै महोत्सवले धेरै कुराहरू सिक्ने अवसर प्रदान गरेको बताउनुभयो ।

उहाँले भक्तपुरका मूर्त अमूर्त सम्पदा प्रदर्शन गर्ने माध्यम महोत्सवले दिएको स्पष्ट पार्दै महोत्सवमा जनताको सक्रिय सहभागिताले नपालाई धेरै उत्साह मिलेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरले शिक्षा, स्वास्थ्य तथा विकास निर्माणमा गरेका कामहरू देशकै लागि अनुकरणीय भएको उल्लेख गर्दै जनताको एकताले जस्तोसुकै काम पनि सम्भव छ भन्ने उदाहरण भक्तपुरले देखाएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले महोत्सव अवधिभर भक्तपुरबासी जनताको साथ र सहयोग उत्साहप्रद भएको औँल्याउँदै महोत्सवका कमी कमजोरीबाट सिक्दै अगाडि बढ्ने हौसला मिलेको बताउनुभयो ।



भक्तपुर महोत्सव सचिवालयका संयोजक **गौतमप्रसाद लासिवा**ले भक्तपुर महोत्सव सफल पार्न भक्तपुरबासी जनताको महत्त्वपूर्ण देन भएको बताउँदै महोत्सवमा १० हजारभन्दा बढी नगरबासीहरू परिचालन भएको र ७ देखि ८ लाख पर्यटकहरूले महोत्सव अवलोकन गरेको बताउनुभयो ।

कार्यक्रममा भनपा ८ का **लक्ष्मीनारायण दुवाल**, पूर्ववडाध्यक्ष **महेन्द्र खायमली**, ख्वप इ. कलेजका प्राचार्य **सुजन माक**, वडा सदस्य **सुमित्रा बोहजु** र **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो

कार्यक्रममा प्रमुख प्रजापतिले महोत्सवमा सहभागीहरूलाई धन्यवादपत्र प्रदान गर्नुभयो ।

## नगर प्रमुख प्रजापतिद्वारा स्वयम्सेवक तथा खेलाडीहरूलाई धन्यवादपत्र प्रदान

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गते सम्पन्न भक्तपुर महोत्सवमा स्वयम्सेवक र विभिन्न खेल प्रदर्शनीमा सहभागी खेलाडीहरूलाई धन्यवादज्ञापन कार्यक्रम पुस २६ गते सम्पन्न भयो । प्रमुख प्रजापतिले महोत्सव अवधिभर परिचालन भएका स्वयम्सेवक र खेलाडीहरूलाई धन्यवादपत्र प्रदान गर्नुभयो ।



कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर महोत्सवलाई भक्तपुरबासीहरूको साझा महोत्सवको रूपमा विकास गर्न सफल भएको बताउँदै महोत्सवले जनतामा स्वयम्सेवी भावनाको विकास भएको छ भन्नुभयो ।

महोत्सव अवधिभर जनताले स्वयम्स्फूर्त सहयोग गरेको उल्लेख गर्दै उहाँले सामाजिक क्षेत्रमा कार्य गर्नेहरू राजनैतिक क्षेत्रमा पनि क्रियाशील रहने बताउनुभयो ।

महोत्सवमा दैनिक १० हजारभन्दा बढी नागरिकहरू परिचालन हुनु आफैमा गौरवको विषय भएको बताउँदै ५ दिनमा दैनिक करोडौँ रूपैयाँ बराबरको आर्थिक कारोबार भएको उल्लेख गर्नुभयो ।

भनपा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर महोत्सव २०८१ मा ८ वटा विभिन्न विधाका खेलहरू प्रदर्शन भएको र महोत्सव व्यवस्थापनको लागि वडागत रूपमा स्वयम्सेवक परिचालन भएको बताउनुभयो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले भक्तपुर महोत्सव नेपालकै लागि नमुना भएको प्रतिक्रियाहरू प्राप्त भएको चर्चा गर्दै भक्तपुर नपाले खेलकुदलाई मानव जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने प्रयत्न गरिरहेको बताउनुभयो ।



भक्तपुर महोत्सव सचिवालय संयोजक गौतमप्रसाद लासिवाले महोत्सव आयोजनाको उद्देश्यमाथि प्रस्ट पार्नुभयो ।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष

विनोदचरण रायले महोत्सवकै अवसरमा नेपालमै पहिलोपटक सिटिङ भलिबल प्रतियोगिता गरेको र महोत्सवमा सम्पूर्ण खेलहरू उत्साहजनक ढङ्गले सम्पन्न भएको छ भन्नुभयो।

कार्यक्रममा खेलकुद समितिका सदस्य रञ्जना त्वाती र सुनिता अवालले पनि बोल्नुभएका थियो।

## भक्तपुर महोत्सवका सहयोगीहरूलाई धन्यवादज्ञापन




भक्तपुर नगरपालिका वडा नं. ४ वडा समितिको आयोजनामा पुस २८ गते धन्यवाद कार्यक्रम सम्पन्न भयो।

भक्तपुर महोत्सवमा सहयोग गर्ने वडावासीहरूलाई धन्यवाद ज्ञापन गर्न आयोजित उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरवासीहरूको सक्रिय सहयोगको कारण भक्तपुर महोत्सव भव्यरूपमा सफल भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "पुर्खाले सिकाएर गएको सीप, संस्कृति र परम्पराको प्रदर्शनी भक्तपुर महोत्सवमा भएको थियो। भक्तपुर नगरपालिकाले जनताको साथ समर्थन लिएर काम गर्दै आएको छ।"

भक्तपुर नगरपालिका उदाहरणीय नगर बन्न सक्नुमा नगरवासीको सहयोग र अपार माया रहेको उपप्रमुख जोशीले बताउनुभयो।

भक्तपुर महोत्सव सचिवालय समितिका संयोजक



गौतमप्रसाद लासिवाले जनताको महोत्सव जनताले नै सम्पन्न गर्ने मान्यताअनुसार भक्तपुर महोत्सव सफल भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "भक्तपुरलाई अध्ययनको केन्द्र बनाउने लक्ष्यअनुरूप भक्तपुर महोत्सव आयोजना गरिएको हो। लक्ष्यअनुसार नै कार्यक्रम सफल भयो।"

वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा पशुपति प्रजापति, वडा सदस्य कृष्णसुन्दर प्रजापति र पूर्व वडा सदस्य कृष्णलक्ष्मी दुवालले पनि बोल्नुभएको थियो।

## पाक्षिक सरसफाइका झलकहरू

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको हनुमानघाट परिसरमा माघ १ गते सरसफाइ कार्यक्रम आयोजना गरिएको थियो। सरसफाइ कार्यक्रमका केही झलकहरू








## भक्तपुरमा सहकारी अनुगमन चालु

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिले माघ ३ गते भक्तपुरको घलाते अवस्थित बचत तथा ऋण सहकारी संस्था लि. मा अनुगमन गऱ्यो ।

भक्तपुर नगरपालिकाका सहकारी अनुगमन समितिका सदस्य कृष्णगोपाल चौगुठीको नेतृत्वमा समितिका सदस्यहरू हरिरत्न गोर्खाली, श्यामसुन्दर मातांसहितको टोलीले उक्त सहकारी संस्थामा अनुगमन गऱ्यो ।

अनुगमनका क्रममा उक्त सहकारी संस्थाबाट केही ऋण उठाइएको र बचतकर्ताहरूलाई बचत फिर्ता गरिएको देखिन्छ ।

उक्त अनुगमनको क्रममा अनुगमन समितिले सहकारी संस्थाले गर्नुपर्ने सुधारहरूबारे संस्थालाई जानकारी गराएको थियो ।

सहकारी संस्थाको तर्फबाट ऋण उठेका ऋणीहरूको विवरण, रकमसहित बचत फिर्ताको नाम, रकम र सम्पर्क नम्बरसहितको विवरण भक्तपुर नगरपालिकामा पेस गर्न समितिले निर्देशन दियो ।

सहकारी संस्थाको नयाँ सञ्चालक समिति चयन गर्न पुरानो सञ्चालक समितिसहितको साधारणसभाबाट मात्र नयाँ सञ्चालक समिति गठन गर्न सकिने प्रावधान रहेको अनुगमनको क्रममा जानकारी गराइयो ।

## भक्तपुरको ऐतिहासिक वानेलायक्कुको सांस्कृतिक महत्त्वबारे विज्ञहरूबिच अन्तरसंवाद




"नेवाः जाति नभई सभ्यता र संस्कृति हो भने ख्वप नेवा सभ्यताको केन्द्र हो । कथंकदाचित ख्वप भएन भने नेवाः सभ्यता र संस्कृतिको तीनचौथाइ अंश समाप्त हुन्छ ।"

भक्तपुरको ऐतिहासिक वानेलाय्कुको सांस्कृतिक महत्त्वबारे माघ ४ गते विज्ञहरूबिच भएको अन्तरसंवाद कार्यक्रममा उक्त भावना अभिव्यक्त भएको हो । भनपा ९ दत्तात्रय मन्दिर परिसरको दक्षिण पश्चिममा पर्ने वाने लाय्कु चोकमा नगरपालिकाले पुरातत्वविद्, प्राज्ञ तथा संस्कृतिविद्हरूको उपस्थितिमा स्थानीय जनतासँग अन्तरसंवाद गरेको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले सम्पदाले संस्कृति र सभ्यताको प्रतिबिम्बित गर्ने हुँदा मूर्त र अमूर्त सम्पदाको संरक्षण र प्रवर्द्धनमा नगरपालिका लागिरहेको बताउनुभयो । उहाँले आफ्नो अध्ययनकालमा वाने लाय्कुको कार्यपत्र तयार गरेको स्मरण गर्दै यसबारे आधिकारिक लेख र सन्दर्भ सामग्रीको अभावले सही सूचना सम्प्रेषण हुन नसकेकोमा दुःख व्यक्त गर्नुभयो । नयाँ पुस्तालाई इतिहास र संस्कृतिबारे सूचित गराउँदा सम्पदा संरक्षणमा अपनत्व कायम हुनेमा जोड दिँदै उहाँले कार्यक्रमले वाने लाय्कुबारे सही सूचना प्रवाह गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

इतिहासविद् **प्रा.डा.पुरुषोत्तम लोचन श्रेष्ठ**ले भक्तपुरमा ख्वप लाय्कु, बलम्पु लाय्कु र वाने लाय्कु गरी तीनवटा लाय्कु रहेको चर्चा गर्दै तत्कालीन त्रिपुर दरबारबाट पूर्वतिरको राजकुल वा राजदरबार भएकोले वाने लाय्कु भनिएको प्रस्ट पार्नुभयो । उहाँले भन्नुभयो, "लाय्कुको अर्थ राजदरबार त हो नै, त्यसका साथै सत्ता, शक्ति, संस्कृति र सुरक्षाको पनि केन्द्र हो ।"

त्रिभुवन विश्वविद्यालय नेपाल भाषा केन्द्रीय विभागका प्रमुख **राजनलाल जोशी**ले वाने लाय्कुको इतिहास र यससँग सम्बन्धित संस्कृतिबारे अध्ययन अनुसन्धान नभएकै कारण उपेक्षाकृत भएको उल्लेख गर्दै ऐतिहासिक कालखण्डमा वानेलाय्कुमाथि पटक पटक आक्रमण भएकोले यहींको भग्नावशेष इँटाबाट ख्वप लाय्कुमा तलेजु मन्दिर निर्माण गरिएको तथ्य उजागर गर्नुभयो । उहाँले राजकुलको पहिलो विकास भएको थलो नै वाने लाय्कु हो भन्नुभयो ।

सहप्राध्यापक **विश्वमोहन जोशी**ले शासकवर्गले कुनै पनि समाजलाई ध्वस्त पार्न त्यहाँको शिक्षा र संस्कृतिमाथि आक्रमण गर्ने गरेका ऐतिहासिक तथ्यहरू प्रकाश पार्दै भक्तपुर नगरपालिकाले नेवाः संस्कृति र जीवनशैलीको पुनः जागरण अभियान थालेको बताउनुभयो ।

दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय भक्तपुरका प्रमुख **अरुणा नकर्मी**ले तथ्यले प्रमाणित गरेको किंवदन्तीले इतिहास बोल्ने चर्चा गर्दै चाँगुबाट कलश यात्रा

भक्तपुरमा नल्याई मल्ल कालमा हनुमानढोका, शाह कालको पछिल्लो समयमा नारायणहिटी र गणतन्त्रपछि हाल शीतल निवास लग्नु सत्ता र शक्तिकै खेल हुनसक्ने र इतिहासलाई यसरी बङ्ग्याउन नहुनेमा जोड दिनुभयो।

संस्कृतिका अध्येता **विनोदराज शर्मा**ले वाने लाय्कुको जलद्रोणीमा ने.सं ७६८ मा पद्मराज राजोपाध्याय उल्लेख गरिएको चर्चा गर्दै वाने लाय्कुबाट बर्सेनि हुने पूजाविधिबारे जानकारी गराउनुभयो।

त्यस्तै भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले वाने लाय्कुको इतिहास र यसको सांस्कृतिक महत्त्व थाहा पाउन सके पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष **रविन्द्र ज्याख्व**ले कार्यक्रमको औचित्यताबारे प्रस्ट पार्दै सम्पदाको महत्त्व नबुझ्दा एउटा पुस्ताले पुरातात्त्विक महत्त्वका थुप्रै सम्पदाहरूलाई खेलौना बनाई नष्ट गरेको बताउनुभयो। उहाँले वाने लाय्कुको ऐतिहासिक महत्त्वबारे सर्वसाधारण जनतालाई समेत सरल भाषामा अवगत गराउन सके यसको संरक्षणमा स्थानीयको अपनत्व बढ्ने बताउनुभयो।

अन्तरसंवाद कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरू, पूर्वजनप्रतिनिधिहरू, इतिहास र संस्कृतिका अध्येताहरू, स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षक तथा विद्यार्थीहरू, पर्यटन व्यवसायी तथा स्थानीय जनताको सहभागिता रहेको आयोजकले जनाएको छ।

## भक्तपुर नगरपालिकाले यस वर्ष अन्तरनगर जिम्नास्टिक प्रतियोगिता गर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र प्रतिनिधिसभाका सांसद एवम् नेपाल जिम्नास्टिक सङ्घका अध्यक्ष ध्रुवबहादुर प्रधानबिच माघ ९ गते भेट भयो।

भेटमा उहाँहरूबिच भक्तपुर नगरपालिकाको आयोजनामा चैतको अन्तिम सातामा सञ्चालन हुने अन्तर नगर जिम्नास्टिक प्रतियोगिताबारे आवश्यक तयारी र समन्वयबारे छलफल भयो।

सोही क्रममा प्रमुख प्रजापतिले अध्यक्ष प्रधानलाई भक्तपुर नपामा स्वागत गर्दै भक्तपुर नपाको सत्रौँ नगरसभाले यस वर्ष अन्तर नगर जिम्नास्टिक खेलकुद प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको बताउनुभयो।

भक्तपुर नपाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै प्रत्येक वर्ष विद्यालयस्तरीय खेलकुद प्रतियोगिता र अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुभयो।

भक्तपुर नपाले सबै वडाहरूमा छिकोङ शारीरिक व्यायाम सञ्चालन गर्नुका साथै विभिन्न खेलहरूको प्रशिक्षण सञ्चालन गर्दै आएको बताउनुभयो।

नेपाल जिम्नास्टिक सङ्घका अध्यक्ष ध्रुवबहादुर प्रधानले अन्तरनगर जिम्नास्टिक प्रतियोगिताको आयोजना गर्ने घोषणाको लागि नेपाल जिम्नास्टिक सङ्घको तर्फबाट धन्यवाद दिँदै प्रतियोगिता सञ्चालनको लागि नेपाल जिम्नास्टिक सङ्घले आवश्यक प्राविधिकलगायत आवश्यक सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले देशका विभिन्न पालिकाहरूलाई सहभागिताको लागि आवश्यक समन्वय गरी दिने समेत वचन दिनुभयो।

भेटमा नेपाल जिम्नास्टिक सङ्घका प्रतिनिधि तथा भक्तपुर नपा खेलकुद समितिका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

## वडा नं. ३ मा धन्यवादज्ञापन



भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गते सम्पन्न भक्तपुर महोत्सव सफल रूपमा सम्पन्न गर्न योगदान गर्नुहुने वडाका संस्कृतिकर्मी, दाफाभजन, स्थानीय महिला समुदाय, टीम क्लब, स्वयम्सेवकलगायत सहयोग गर्ने सम्पूर्णमा धन्यवादज्ञापन कार्यक्रम माघ ९ गते सम्पन्न भयो।

## छिकोङ खेलको तालिम उद्घाटन




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित छिकोङ खेलको प्रशिक्षक प्रशिक्षण तालिम उद्घाटन कार्यक्रम माघ ९ गते भयो ।

## सल्लाघारीस्थित १०८ रोपनी परिसरमा सरसफाइ



भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत भनपा १ स्थित १०८ रोपनी परिसरमा सरसफाइ कार्यक्रम माघ १५ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका कार्यबाहक प्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले सरससफाइ कार्यक्रम संस्कारको रूपमा गर्दै आएको उल्लेख गर्दै सरसफाइले भक्तपुर नगरलाई सुन्दर नगरको रूपमा परिचित गराउन सफल भएको चर्चा गर्नुभयो । उहाँले वर्तमान समयमा वातावरण प्रदुषण गर्ने प्रमुख कारक तत्व प्लास्टिकजन्य सामग्री रहेकोले यसलाई व्यवस्थित गर्नु सबै नगरबासीको कर्तव्य हो भन्नुभयो ।

कार्यक्रममा भनपा ४ का वडाध्यक्ष एवं वातावरण समितिका सदस्य उपेन्द्र सुवालले पञ्चायत कालदेखिनै भक्तपुर नपाले सरसफाइलाई प्राथमिकता दिँदै आएको बताउँदै विश्व तापमान वृद्धि र वातावरण प्रदूषणका कारण हिमालमा हिउँ देखा नपरेको समेत जानकारी गराउनुभयो ।

त्यसैगरी भनपा ६ का वडाध्यक्ष हरिराम सुवालले स्थानीय निर्वाचन, २०७९ को नेपाल मजदुर किसापन पार्टीको घोषणापत्रमा विश्वविद्यालय स्थापना गर्न पहल गर्ने उल्लेख गरेअनुसार १०८ रोपनी परिसरमा विश्वविद्यालय सञ्चालनको लागि भक्तपुर नगरपालिकाले नेपाल ट्रस्टसँग अनुरोध गरिरहेको जानकारी दिनुभयो ।



कार्यक्रमका सभापति एवं भनपा १ का कार्यवाहक वडाध्यक्ष सूर्यप्रसाद श्रेष्ठले भक्तपुर नगरलाई स्वच्छ, सुन्दर ऐतिहासिक पर्यटकीय नगरको रूपमा विकास गर्न २०७४ सालदेखि नै प्रत्येक महिनाको १ र १५ गते नगरका विभिन्न ठाउँहरूको पाक्षिक सरसफाइ कार्यक्रम आयोजना गर्दै आएको जानकारी दिनुभयो ।



सरसफाइ कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, नगर प्रहरीहरू, विद्यालयका विद्यार्थीहरू र स्थानीय जनताको उत्साहजनक सहभागितामा रहेको थियो । संस्थागत सहभागिताअन्तर्गत सन्तति आधारभूत विद्यालय, उदय आधारभूत विद्यालय, ज्ञानविजय आधारभूत विद्यालय, अक्फोर्ड प्राक्टिकल स्कूल, मोर्डन कलेज/स्कूल, सूर्यविनायक इङ्लिश स्कूल, सल्लाघारी तेक्वान्डो डोजाङ, नपनी सिर्जना सेवा समाज परिवार, चोडा गणेश सल्लाघारी महिला दिदीबहिनी समूह, चोडा गणेश विकास संस्था, मुपुज्व सल्लाघारी टोल सुधा समिति, सल्लाघारी छिकोङ समूह, नपनी छिकोङ समूह रहेका थिए ।

# शैक्षिक गतिविधि

## ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, ख्वपक कलेज अफ ल र शारदा क्याम्पस माध्यमिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम सम्पन्न




ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, ख्वप कलेज अफ ल र शारदा क्याम्पस माध्यमिक विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम पुस २७ गते काभ्रेपलाञ्चोकको धुलिखेल र पनौतीमा सम्पन्न भयो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित) ले संसारमा सबभन्दा बढी छापिने किताबहरूमा बाइबल, अमेरिकी स्वतन्त्रता आन्दोलन र रूसी अक्टोबर क्रान्तिको विषय रहेको जानकारी दिनुभयो।

बिनाप्रमाण र अनुमानको आधारमा बोल्न नहुने सुझाव दिँदै उहाँले भन्नुभयो, "अध्ययन दक्षता हासिल गर्ने उद्देश्यका साथ हुनुपर्छ। हामीले प्रमाणका साथ बोल्नुपर्छ।"

"विद्यार्थीहरूलाई नयाँ विषय र नयाँ नयाँ विषयवस्तुबारे जानकारी दिन नसके शिक्षकको योग्यतामा नै प्रश्न चिह्न उठ्ने भएकोले शिक्षकहरू अध्ययनशील हुनुपर्छ, शिक्षकहरूले राष्ट्रिय/अन्तर्राष्ट्रिय विषयमा नियमित छलफल र अन्तरक्रिया गर्नुपर्ने जरूरी छ", अध्यक्ष बिजुक्छेँले सुझाव दिनुभयो।

उहाँले देशमा हुने क्रान्ति र विद्रोहको खतरालाई पार लगाउन विभिन्न प्रलोभन दिई युवाहरूलाई विदेश पठाइरहेको छ भन्नुभयो।

आलोचना र आत्मालोचनाको बानी बसाल्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "आलोचना गर्नेसँग गहन अध्ययन हुनु जरूरी छ। आलोचनालाई कमजोरी औँल्याएको सम्झनु हुन्न; सचिने मौका दिएको सम्झनुपर्छ।"

पैसालाई बढी महत्त्व दिएकै कारण दुर्गुणहरू निम्तिएको धारणा राख्दै उहाँले पुँजीपतिहरू पैसाको निम्ति जे कुकर्म गर्न पनि तयार हुन्छ भन्नुभयो।

योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त भए धेरै हदमा भ्रष्टाचार न्यून हुने धारणा अध्यक्ष बिजुक्छेँले राख्नुभयो।

उहाँले भन्नुभयो, "साम्यवादी समाजमा मात्र पुँजीवादका सम्पूर्ण दुर्गुण निमिट्यान्न हुनेछ। समाजवाद भनेको साम्यवादमा पुग्ने सङ्क्रमणकालीन अवस्था हो। समाजवादी व्यवस्थामा भ्रष्टाचारलगायत पुँजीवादका दुर्गुणहरू बाँकी रहने गर्छ – जसरी भर्खर जन्मेको बच्चाको शरीरमा रगतको टाटा हुन्छ।"

नयाँ पुस्तालाई विद्यार्थी कालदेखि नै असल संस्कार, व्यवहार र देशभक्तिको भावना दिन सक्यौँ भने देशको प्रगति हुनेछ, अध्यक्ष बिजुक्छेँले बताउनुभयो।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई महत्त्व दिनुका साथै नमुना नगर बनाउने उद्देश्यले काम गरिरहेको चर्चा गर्दै आजको भक्तपुर बन्नुमा कैयौँ अदृश्य सहयोगीहरूको हात रहेको छ भन्नुभयो।

ख्वप सर्कलका शैक्षिक संस्थाहरू स्थानीय निकायबाट सञ्चालित नेपालको पहिलो मावि भएको, ख्वप माविकै जगमा सञ्चालित ख्वप सर्कलका सात वटा कलेजहरूमा ७७ जिल्लाका सात हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको र



नेपाल मजदुर किसान पार्टीको दूरदर्शी नेतृत्वको कारण यी शैक्षिक संस्थानहरू सफलतापूर्वक सञ्चालन भइरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

विद्यार्थीको रोजाइअनुसारको विषय पढ्न नपाउनु, विश्वविद्यालयका कोर्सहरू पुरानो हुनु, योग्यताअनुसार काम नपाउनु, बन्द–हडताल बारम्बार भइरहनु, परीक्षाको नतिजा समयमा प्रकाशित नहुनु र परीक्षामा अनियमितता हुनुजस्ता कारण देशको विश्ववद्यालयप्रति विद्यार्थीहरूको रूचि घट्न गई उच्च शिक्षा अध्ययनको नाममा नेपाली युवाहरू बिदेसिने क्रम बढिरहेको हो, उहाँले स्पष्ट पार्नुभयो ।

विद्यार्थी अभावका कारण यो वर्षमात्र ५०४ वटा कलेज बन्द हुने स्थितिमा पुगेको र महिनाको ९ हजार जनाको हाराहारीमा युवाहरू विदेश गइरहेको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

प्रतिभाशाली विद्यार्थी देशमा नबसेपछि र प्रतिभाशाली विद्यार्थीबिना देशको भविष्य कसरी उज्यालो हुन्छ भन्ने प्रश्न गर्दै उहाँले भन्नुभयो, "सधैँ यस्तो परिस्थिति रहनेछैन, युवाहरूमा धैर्य आवश्यक छ, परिवर्तनको लागि हामी निरन्तर लाग्नुपर्छ ।"

देशको आवश्यकताअनुसार पाठ्यक्रम तयार गरी स–साना विश्वविद्यालय सञ्चालन गर्नु अहिलेको आवश्यकता हो भन्दै प्रमुख प्रजापतिले उत्पादनमूलक र अनुसन्धानकेन्द्रित शिक्षामा जोड दिनुपर्ने बताउनुभयो ।

भनपाद्वारा सञ्चालन हुने ख्वप विश्वविद्यालयले दिने शिक्षा अनुसन्धानमूलक हुने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "भनपाले शिक्षा र स्वास्थ्यमा गरेको प्रगति देशभरिका स्थानीय तहको लागि उदाहरण बनेजस्तै ख्वप विश्वविद्यालयले दिने शिक्षाले विश्वको ध्यान आकृष्ट गर्नेमा हामी विश्वस्त छौँ । निराश हुनुपर्ने कारण छैन ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** ख्वप सर्कलका कलेजहरूप्रति विदेशी प्रतिनिधिहरूले समेत तारिफ गर्ने गरेको, जुन हाम्रो लागि ऊर्जा भएको र यस्तो ऊर्जालाई पुँजीकृत गरी अगाडि बढ्दै जानुपर्ने बताउनुभयो ।

नेपालको राजनीतिलाई नेमकिपाले दिशानिर्देश दिइरहेको धारणा राख्दै उहाँले भन्नुभयो, "वैचारिक रूपमा नेमकिपाको उद्देश्य स्पष्ट छ । पार्टीले लिएको सिद्धान्तअनुसार नेमकिपाले कार्य गर्दै आएको छ ।"

शासक पार्टीहरूमा सामन्तवादको प्रवृत्ति अहिले पनि बाँकी रहेको चर्चा गर्दै उहाँले सामन्ती प्रवृत्तिको हरेक हिसाबले विरोध गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले ख्वप सर्कलका शैक्षिक संस्थानहरू बौद्धिक विकासको केन्द्र र शैक्षिक चिन्तनको चौतारी बनिरहेको धारणा व्यक्त गर्नुभयो ।

संरा अमेरिकी प्रभुत्व र हैकमवादकै कारण संसारमा युद्ध भड्किरहेको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "रूसविरूद्ध युक्रेनलाई उचालेर युरोपको व्यापार कब्जा गर्ने दाउ संरा अमेरिकाको रहेको छ ।"

विश्वको अर्थतन्त्र बहुध्रुवीकरण हुँदै जानु विकासशील र तेस्रो विश्वको लागि आशाको अवस्था रहेको धारणा व्यक्त गर्दै उहाँले विश्व शक्तिलाई सन्तुलनमा ल्याउन ककग्लोबल साउथ' र ककब्रिक्स' आवश्यकता छ भन्नुभयो ।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले ख्वप मोडेलका कलेजहरू देशभरि विस्तार हुन सके सर्वसाधारण जनताले सहजरूपमा उच्च शिक्षाको अवसर पाउने बताउनुभयो ।

ख्वप सर्कलका कलेजहरूको विशेषता भनेकै भ्रष्टाचारशून्य र पारदर्शिता भएको स्पष्ट पार्दै उहाले गुणस्तर वृद्धिको लागि सामूहिक प्रयासका साथ ख्वप कलेजहरू लागिपरेको बताउनुभयो ।

ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले स्वागत र ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले धन्यवाद व्यक्त गर्नुभएको कार्यक्रममा बीए तथा एमए इन्चार्ज **कमिनिका न्याइच्याई**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अमेरिकी स्वतन्त्रता आन्दोलन, फ्रान्सेली राज्य क्रान्ति र अक्टोबर समाजवादी क्रान्तिबारे शिक्षकद्वय **केशव तमखु** र **राजु लासिवा**ले प्रस्तुतीकरण गर्नुभएको थियो ।

## ख्वप ई. कलेजद्वारा रू. ३५ लाखभन्दा बढी छात्रवृति प्रदान



ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक सत्र २०७६, २०७७ र २०७८ मा भर्ना भई गरिब तथा जेहनदार छात्रवृत्ति पाएका विद्यार्थीहरूको छात्रवृत्ति रकम पुस २९ गते वितरण भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका सदस्य एवं भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले छात्रवृत्ति रकमलाई सदुपयोग गर्नुपर्ने र छात्रवृत्ति रकम अधिकारको कुरो होइन, सुविधाको अवसर भएको बताउनुभयो ।

छात्रवृत्ति रकम विद्यार्थी वा अभिभावकहरूबाट तिरेको शुल्कको रकम भएकोले छात्रवृत्तिलाई अधिकतम प्रयोग गरी छात्रवृत्ति रकमको महत्त्व दर्साउन विद्यार्थीहरू सचेत र सजग हुनुपर्नेमा जोड दिँदै उहाँले लुटको धन फुपूको सराद्ध भनेको जस्तो गर्न हुँदैन भन्नुभयो ।

कलेजका विद्यार्थीहरू अनुशासित, लगनशील र अध्ययनशील भएकोमा खुसी व्यक्त गर्दै उहाँले समाजलाई बुद्धिजीवीकरण गर्न विद्यार्थीहरू पनि लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यार्थीहरू देश र जनताप्रति बफादार हुनुपर्ने आवश्यकता दर्साउँदै उहाँले युवाहरू बिदेसिनुबाट हटाउन विद्यार्थीहरूको पनि ठूलो योगदान आवश्यक छ भन्नुभयो । देश बालबच्चा र वृद्धवृद्धाको देशमा परिणत भएपछि देश अन्धकारमा रूपान्तरण हुने बताउँदै उहाँले ख्वप विश्वविद्यालय स्वीकृति भएपछि कम शुल्कमा उत्पादनमूलक शिक्षा दिन सकिन्छ भन्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले छात्रवृत्तिको महत्त्वबारे चर्चा गर्दै विद्यार्थीहरूको शैक्षिक उन्नतिको लागि कलेजले गहिरिएर अध्यापन गराइराखेको र पूर्वाञ्चल विश्वविद्यालयले कलेजको आगामी शैक्षिक सत्रबाट सुरु गराउन बीसीए, बीआईटी र एआई शैक्षिक कार्यक्रम स्वीकृत गरेको जानकारी दिनुभयो ।

७७ जना विद्यार्थीहरूको लागि रु. ३५ लाख २८ हजार १७ रूपैयाँ छात्रवृत्ति रकम वितरण भएको उक्त कार्यक्रममा लेखा प्रमुख काजीबहादुर पञ्चले पनि छात्रवृत्तिको सदुपयोय र महत्त्वबारे बोल्नुभएको थियो ।

## ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङमा भूकम्प इन्जिनियरिङबारे राष्ट्रिय सम्मेलन सम्पन्न

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको




आयोजनामा भूकम्प दिवसको अवसर पारेर भूकम्प इन्जिनियरिङको चौथो राष्ट्रिय सम्मेलन माघ ४ गते एक कार्यक्रमबीच उद्घाटन भयो । सम्मेलनको उद्घाटन नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले गर्नुभएको थियो ।

सम्मेलनको उद्घाटन गर्दै सांसद सुवालले देशको सन्तुलित विकासले गरिबी उन्मूलन सम्भव हुने र देशमा शान्ति आवश्यक छ भन्नुभयो ।

बस्ती विकास गर्दा स्थानीय तहहरूले भूकम्प र विपद् जोखिम न्यूनीकरण गरी आवश्यकताअनुसारको आवास क्षेत्र विकास गर्नुपर्नेमा जोड दिँदै उहाँले भौतिक संरचना निर्माणमा हुने कमी कमजोरी र लापरबाहीका कारण विपद्मा धेरै हानि नोक्सानी पुऱ्याउने हुँदा अनुगमनलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुवालले उपभोक्ताबाट हुनुपर्ने काम ठेकेदार र कन्सलटेन्टमार्फत सञ्चालन हुँदा सरकार निरीह र कमजोर हुँदै गएको बताउँदै उहाँले ठेकेदारहरूबाट हुने काम कमसल पनि हुने गरेको बताउनुभयो ।

भूगर्भशास्त्रीहरूका अनुसार उपत्यकाको माटो झन्झन् कमजोर हुँदै गएको र गह्रौं संरचनाको भारी उपत्यकाले ठेग्न नसक्ने अवस्थामा पुगेको बताउँदै उहाँले इन्जिनियर, प्राविधिक र भूगर्भशास्त्रीले यस विषयमा अध्ययन अनुसन्धानतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

भूकम्पीय क्षति न्यूनीकरणको लागि निर्माण सामग्रीहरूको गुणस्तर जाँच हुनु आवश्यक रहेको उल्लेख गर्दै उहाँले निर्माण क्षेत्रमा लाग्ने व्यापार व्यवसायीहरू इमानदार हुनुपर्ने र दक्ष जनशक्तिको खाँचो रहेको बताउनुभयो ।

देश कमजोर हुनुमा कन्सल्लटेन्ट र ठेकेदारहरू पनि दोषी रहेको बताउँदै देशको सन्तुलित विकासले पनि देशको

अर्थतन्त्रलाई पनि बलियो पार्ने धारणा सांसद सुवालले व्यक्त गर्नुभयो ।

कुनै पनि क्षेत्र र संरचना निर्माण गर्दा त्यसको जग नै बलियो पार्नुपर्नेतर्फ जोड दिँदै उहाँले राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्मेलनमा संसारकै जोखिम न्यूनीकरणबारे छलफल र चर्चा हुनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले अध्ययन अनुसन्धानलाई अगाडि बढाउँदै वैज्ञानिक शिक्षामा जोड दिँदै आएका बताउनुभयो । यी कलेजहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गरी भूकम्पबाट हुने जनधनको क्षति न्युनीकरणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो ।



भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि सम्पूर्ण पूर्वाधारहरू तयार गरिसक्दा पनि सरकारले विश्वविद्यालय सञ्चालन स्वीकृति दिन ढिलाइ गरिरहेको बताउँदै उहाँले सस्तो र गुणस्तरीय शिक्षामा जोड दिँदै आएको भक्तपुर नगरपालिका विश्वविद्यालय सञ्चालन गर्न प्रस्ताव गर्ने नेपालकै पहिलो नगरपालिका भएको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले कलेजले आयोजना गरेको राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलन गरी समाजको मात्र नभई सिङ्गो देशकै गरिमा बढाउने कार्य गर्दै आएको बताउनुभयो । विनाशकारी भूकम्पपश्चात यी कलेजहरूले भक्तपुरको पुन:निर्माण कार्यमा धेरै योगदान पुऱ्याएको उल्लेख गर्दै उहाँले भूकम्प विनास सँगसँगै नयाँ नयाँ कुरा सिक्ने अवसर पनि भएको बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगका कार्यक्रम अफिसर दिनेश प्रजापतिले आयोगले शैक्षिक क्षेत्रको विकास र उन्नयनमा गरिरहेको क्रियाकलापहरूबारे अवगत गराउँदै भूकम्पको हिसाबले नेपाल अति संवेदनशील देश भएको र विपद्को प्रभावकारी समाधान विकास गर्न सम्मेलन उपयुक्त माध्यम बन्ने विश्वास व्यक्त गर्नुभयो ।



# स्वास्थ्य सेवा

## नसर्ने रोगबारे अभिमुखीकरण






सहरी स्वास्थ्य कार्यालय भक्तपुरको आयोजनामा सहरी स्वास्थ्य कार्यक्रम लागु भएको स्थानीय तहका प्रतिनिधिहरूसँग नसर्ने रोगबारे अभिमुखीकरण कार्यक्रमअन्तर्गत भक्तपुर नगरपालिकाका जनप्रतिनिधि तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रम माघ ७ गते सम्पन्न भयो ।

## सांसद प्रेम सुवालद्वारा बेखाल स्वास्थ्य सेवा केन्द्र उद्घाटन



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभाका सांसद **प्रेम सुवाल**ले भक्तपुर नगरपालिका वडा नं. १० स्थित बेखाल स्वास्थ्य सेवा केन्द्रको माघ १० गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो ।

स्वास्थ्य सेवा केन्द्रको उद्घाटनसँगै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बेखाल स्वास्थ्य सेवा केन्द्रबाट स्वास्थ्य सेवाको शुभारम्भ भएको छ ।




कार्यक्रममा सांसद सुवालले नगरपालिकाद्वारा सञ्चालित स्वास्थ्य सेवा केन्द्र जनताको साझा संस्था भएकोले यसको संरक्षण र संवर्द्धनमा जनताको सहभागिता आवश्यक भएको बताउनुभयो ।

जनताको निःस्वार्थपूर्वक सेवा गर्ने उद्देश्यले नेपाल मजदुर किसान पार्टीको स्थापना भएको स्पष्ट पार्दै उहाँले सरकारले जनताको सहभागिता र अमानतमा काम गराउनु नै सामाजिकीकरणको नीति लिएको ठहर्ने बताउनुभयो ।

राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनामा ब्याप्त भ्रष्टाचारका कारण आयोजनाको काममा ढिलाइ भइरहेको उल्लेख गर्दै उहाँले भारतनिर्भर अर्थतन्त्रले नेपालको कहिल्यै हित नहुने बताउनुभयो ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकालाई स्वर्णिम युगमा प्रवेश गरेको घोषणा गरी अहङ्कार प्रदर्शन गरिरहेको विचार व्यक्त गर्दै उहाँले विश्व स्वास्थ्य सङ्गठन

र पेरिस सम्झौताबाट बाहिरिने घोषणाबाट ट्रम्पको विश्वव्यापी रूपमा आलोचना भइरहेको बताउनुभयो। उहाँले विश्वलाई नै एकसाथ माथि उठाउने नीतिमा अमेरिकाले आफ्नो आवाज बुलन्द बनाउनुपर्ने बताउनुभयो।



नेपालले उत्पादन गरेको बिजुली आफैले खपत गर्ने रणनीति बनाउनुपर्ने आवश्यकता औँल्याउँदै सांसद सुवालले सस्तोमा नेपालको बिजुली भारतलाई बेचेर महँगोमा भारतीय उत्पादन किन्ने नीतिले देशको कहिल्यै भलो नहुने बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पद र पैसाको लोभ नगरी कामदारवर्गलाई शासकवर्गको रूपमा उठाउने उद्देश्यका साथ नेमकिपाको स्थापना भएको बताउनुभयो।

भक्तपुर नपाले लामो समयदेखि प्रतिक्षारत ख्वप विश्वविद्यालय स्थापनाको लागि संसदबाट विधेयक पारित गराउन निरन्तर जोड दिँदै आएको स्पष्ट पार्दै भक्तपुर नपाले हाल ६ वटा वडामा स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरिसकेको बताउनुभयो।

स्वास्थ्य क्षेत्रमा भक्तपुर नमुनाको रूपमा विकास भइरहेको बताउँदै उहाँले सरकारले सामुदायिक र सरकारी अस्पतालबाट मात्र स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले भक्तपुर नपाले चुनावी घोषणापत्रअनुसार कामदारवर्गको हितमा काम गरिरहेको उल्लेख गर्दै भक्तपुर नपा जनताका आधारभूत समस्याहरू समाधानको निम्ति प्रयासरत रहेको बताउनुभयो।

स्वास्थ्य केन्द्र व्यवस्थापन वडाबासीहरूको साझा कर्तव्यअन्तर्गत पर्ने उल्लेख गर्दै उहाँले भक्तपुर नपाबाट सञ्चालित सीपमूलक तालिमबाट धेरै नगरबासीहरू लाभान्वित भएको बताउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले बेखाल स्वास्थ्य सेवा केन्द्र हाललाई दिउँसो ३ बजेदेखि ६ बजेसम्म सञ्चालन गरी आगामी दिनहरूमा विशेषज्ञ सेवा थप गर्दै लाने बताउनुभयो।

स्वास्थ्य बीमा बोर्डले ख्वप अस्पताललाई रु. २५ करोडभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको उल्लेख गर्दै उहाँले स्वास्थ्य बीमाको भुक्तानी नपाउँदा अस्पताल सञ्चालन र व्यवस्थापनमा समस्या भएको बताउनुभयो।

कार्यक्रममा **लक्ष्मीप्रसाद चवाल** र वडा सदस्य **जितेन्द्र मुनंकर्मी**ले पनि बोल्नुभएको थियो।



कार्यक्रमको उद्घाटनपश्चात् प्रमुख अतिथि सुवाल र नगर प्रमुख प्रजापतिलगायतले बेखाल स्वास्थ्य केन्द्रको स्थलगत निरीक्षण गर्नुभएको थियो।


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Poush Report

## 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2522 | 11.24 |
| 10-14. | 770 | 3.43 |
| 15-19 | 770 | 3.43 |
| 20-59 | 13746 | 61.29 |
| ≥60 | 4621 | 20.60 |
| Total | 22429 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 490 | 2.18 |
| General | 3468 | 15.46 |
| Insurance | 18471 | 82.35 |
| Total | 22429 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Dang | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Okhaldhunga | 1 | 0.01 |
| Dhanusa | 1 | 0.01 |
| Chitwan | 1 | 0.01 |
| Gorkha | 1 | 0.01 |
| Accham | 2 | 0.01 |
| Bara | 2 | 0.01 |
| Bardiya | 2 | 0.01 |
| Saptari | 2 | 0.01 |
| Sarlahi | 2 | 0.01 |
| Solukhumbu | 2 | 0.01 |
| Udhayapur | 2 | 0.01 |
| Dailekh | 2 | 0.01 |
| Kailali | 3 | 0.01 |
| Parasi | 3 | 0.01 |
| Jhapa | 4 | 0.02 |
| Kalikot | 4 | 0.02 |
| Morang | 5 | 0.02 |
| Rautahat | 5 | 0.02 |
| Salyan | 5 | 0.02 |
| Khotang | 6 | 0.03 |
| Dhading | 7 | 0.03 |
| Kanchanpur | 8 | 0.04 |
| Rolpa | 9 | 0.04 |
| Sindhuli | 10 | 0.04 |
| Dolkha | 13 | 0.06 |
| Lalitpur | 13 | 0.06 |
| Manwanpur | 15 | 0.07 |
| Surkhet | 17 | 0.08 |
| Ramechap | 34 | 0.15 |
| Jumla | 37 | 0.16 |
| Sindhupalchowk | 59 | 0.26 |
| Kavrepalanchok | 82 | 0.37 |
| Kathmandu | 100 | 0.45 |
| Bhaktapur | 21968 | 97.94 |
| Total | 22429 | 100.00 |
| Madhyapur Thimi | 158 | |
| Suryabinayak | 1226 | |
| Changu | 3962 | |
| Bhaktapur | 16622 | |
| Total | 21968 | |

| Department | Number | In Percentage |
|---|---|---|
| ICU | 1 | 0.01 |
| Neuro Surgery | 49 | 0.22 |
| CHRP- Respiratory Medicine | 119 | 0.53 |
| Psychiatric | 183 | 0.82 |
| General Ward | 200 | 0.89 |
| Cardiologist | 269 | 1.20 |
| Laboratory | 349 | 1.56 |
| Dermatology | 577 | 2.57 |
| General Surgery OPD | 721 | 3.21 |
| Internal Medicine | 739 | 3.29 |
| MDGP | 847 | 3.78 |
| Physiotherapy | 1146 | 5.11 |
| Emergency Ward | 1152 | 5.14 |
| Dental | 1269 | 5.66 |
| ENT | 1298 | 5.79 |
| Obs. & Gynaecology | 1721 | 7.67 |
| Paediatric | 1837 | 8.19 |
| Orthopedic | 2310 | 10.30 |
| General OPD | 7642 | 34.07 |
| Total | 22429 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 200 |
| Discharge | 178 |
| LAMA | 0 |
| Refer | 8 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2295 |
| Total Cataract Surgery | 132 |

### Operation

| | |
|---|---|
| Major | 120 |
| Minor | 59 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 11190 | 49.89 |
| Male | 11239 | 50.11 |
| Total | 22429 | 100.00 |

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८१ पुस महिनाको सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## स्थानीय सरकारमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरूको टोलीद्वारा भक्तपुर नपाको अध्ययन भ्रमण



नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको सहजीकरणमा स्थानीय सरकारमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरूको एक टोलीले माघ ९ गते संस्थागत अध्ययन भ्रमणअन्तर्गत भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गरी यहाँको सङ्गठनको संरचना, रणनीति, प्रणाली, साझा मूल्य मान्यताहरू, नेतृत्वशैली, मानव स्रोत एवम् उपलब्ध सीपबारे जानकारीसहितको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले टोलीलाई स्वागत गर्दै संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गरी त्यसको कार्यान्वयन र व्यापक जनताको हितमा काम गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य जस्ता विषयहरूमा न्यून शुल्कमा गुणस्तरीय सेवा प्रदान गर्दै जनताको सेवा गर्दै आएको प्रस्ट पार्दै उहाँले शिक्षा र स्वास्थ्यमा राम्रो काम भए जनताको आधा समस्या समाधान हुने बताउनुभयो।

प्रमुख प्रजापतिले उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताका विषयहरू नि:शुल्क, योग्यता अनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, व्यक्तित्व विकासमा समान अवसर समाजवादका विशेषताहरू भएको बताउँदै संविधानले निर्दिष्ट गरेबमोजिम समाजवादउन्मुख काम गर्नु सबै पालिकाको जिम्मेवारी र कर्तव्य हो भन्नुभयो।

स्थानीय तह अधिकार सम्पन्न र बलियो बनाउनेतर्फ सरकारले जोड दिनुपर्ने बताउँदै उहाँले जिल्ला समन्वय समिति खारेज गर्नु नै देशको हितमा हुने बताउनुभयो।

भक्तपुर नपाले शिक्षा क्षेत्रमा विभिन्न शैक्षिक संस्थाहरू सञ्चालन, शैक्षिक ऋण र छात्रवृत्ति वितरण गर्दै आएको र स्वास्थ्यमा १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो।

अन्तरक्रिया कार्यक्रममा उपस्थित प्रमुख प्रशासकीय अधिकृत प्रतिनिधिहरूले ख्वप अस्पतालको आर्थिक व्यवस्थापन, भक्तपुर नगरपालिकाको प्रशासनिक निर्णय, बजेट व्यवस्थापन तथा खर्च, आन्तरिक नियन्त्रण प्रणाली, खरिद प्रक्रिया आदिबारे जिज्ञासा राखेका थिए। उहाँहरूले भक्तपुरले गरेको कामबारे आफूहरूले सुन्दै आएको र भक्तपुर नपाको अध्ययन भ्रमण गरी यहाँको गतिविधिबारे जानकारी हासिल गर्न पाउँदा नपाप्रति आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, प्रशासकीय अधिकृत दामोदर सुवाल, सम्पदा प्रमुख रामगोविन्द श्रेष्ठलगायतको उपस्थित रहेको थियो भने अध्ययन भ्रमणमा ज्वालामुखी गाउँपालिका धादिङ, गोलमजोर गाउँपालिका सिन्धुली, फिक्कल गाउँपालिका सिन्धुली, महांकाल गाउँपालिका ललितपुर, सूर्यगढी गाउँपालिका नुवाकोट, पञ्चकन्या गाउँपालिका नुवाकोट, लो-घेकर दामोदरकुन्ड गाउँपालिका मुस्ताङ, नार्पा भूमि गाउँपालिका मनाङका प्रमुख प्रशासकीय अधिकृतहरूको सहभागिता रहेको थियो।

# Word Search

**Major World Lakes**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| O | B | K | Y | G | E | P | I | N | N | I | W |
| N | A | S | I | E | U | G | N | I | R | O | U |
| E | I | I | U | O | O | O | C | Y | A | D | R |
| G | K | I | A | P | G | E | A | V | A | E | M |
| A | A | A | U | O | E | A | S | I | H | S | I |
| G | L | O | E | Y | T | R | P | C | U | U | A |
| R | A | M | U | A | I | R | I | T | O | L | T |
| E | G | I | H | R | T | U | A | O | L | A | O |
| A | O | C | U | A | I | D | N | R | R | C | N |
| T | D | H | R | L | C | O | S | I | A | H | T |
| B | A | I | O | A | A | L | E | A | R | A | A |
| E | L | G | N | A | C | F | A | I | A | D | R |
| A | T | A | N | G | A | N | Y | I | K | A | I |
| R | I | N | A | T | E | R | I | E | A | A | O |

CASPIAN SEA
SUPERIOR
VICTORIA
HURON
MICHIGAN
ARAL
TANGANYIKA
BAIKAL
GREAT BEAR
NYASA
CHAD
ERIE
WINNIPEG
ONTARIO
LADOGA
ONEGA
TITICACA
RUDOLF
URMIA
KIOGA

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

# भेटघाट

## दार्चुलाको अपिहिमाल गाउँपालिकाका अध्यक्षसहित जनप्रतिनिधि र कर्मचारीहरूको टोली भनपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर नगरपालिकाको अध्ययन अवलोकनको लागि आउनुभएका दार्चुलाको अपिहिमाल गाउँपालिकाका अध्यक्ष भक्तसिंह ठेकरे बोहरासहितको टोलीले भनपा सभाकक्षमा पुस २२ गते भेट गऱ्यो ।

भेटको क्रममा भनपा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइको क्षेत्रमा गरिरहेको कार्य देशकै निम्ति उदाहरणीय रहेको बताउँदै भक्तपुर नगरपालिकाले नगरलाई पर्यटकीय गन्तव्य बनाउन मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर महोत्सव आयोजना गरी देश विदेशका करिब ८ लाख आन्तरिक र बाह्य पर्यटकहरूले महोत्सव अवलोकन गरेको जानकारी दिनुभयो ।

उहाँले स्थानीय तहअनुसार विविधता हुने उल्लेख गर्दै भक्तपुर नगरको विशेषता सांस्कृतिक र ऐतिहासिक सम्पदायुक्त पर्यटकीय नगर भएकोले यहाँको प्रमुख आम्दानीको स्रोत पर्यटन रहेको बताउनुभयो ।

अपिहिमाल गाउँपालिकाका अध्यक्ष बोहराले अपिहिमाल गाउँपालिका क्षेत्रफलको हिसाबले भक्तपुरभन्दा ठूलो भएता पनि जनसङ्ख्याको हिसाबले थोरै जनसङ्ख्या भएको पालिका र हिमाली जडिबुटीको प्रचुर सम्भावना भएको गाउँपालिका भएको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा गरिरहेको कार्य अन्य स्थानीय तहको लागि उदाहरणीय रहेको स्पष्ट पार्दै भक्तपुर नपाले मौलिक शैलीमा पुरातात्त्विक सम्पदा निर्माण गर्न अपिहिमाल गापाका प्राविधिकहरूलाई सोसम्बन्धी तालिम दिई सहकार्य गर्न सकेमा उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा गरिरहेको कार्यबारे जानकारी दिनु भएको थियो ।

कार्यक्रममा, भनपा-९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, भनपा-८ का वडाध्यक्ष कृष्णप्रसाद कोजू, भनपाका प्रमुख प्रशासकीय अधिकृत बसन्त भट्टराईलगायत जनप्रतिनिधिहरूको उपस्थिति थियो ।

## प्रमुख प्रजापति र राप्ती नपाका प्रमुख शमशेर लामाबिच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग चितवनको राप्ती नगरपालिकाका प्रमुख शमशेर लामाले पुस २५ गते भक्तपुर नपाको सभाकक्षमा भेट गर्नुभयो ।

प्रमुख प्रजापतिले प्रमुख लामासहितको टोलीलाई खादा र भादगाउँले टोपीले स्वागत गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षालाई उत्पादन श्रमसँग मिलाई दक्ष जनशक्ति तयार गर्ने उद्देश्यसहित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप कलेज अफ ल सहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजलगायत कला, संस्कृति, विज्ञान, अर्थशास्त्र, प्रविधि, चिकित्साशास्त्र, शिक्षा, व्यवसायिक विषय तथा अन्य विषयमा समेत अध्ययन अध्यापन गर्न ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर जोड दिँदै आएको बताउनुभयो ।

शैक्षिक क्षेत्रमा सरकारले राम्रो व्यवस्थापन गर्न नसक्दा विद्यार्थीहरू विदेश पढ्न जाने क्रम बढिरहेको उल्लेख गर्दै उहाँले नेपालमा प्राविधिक शिक्षा मात्रै नभई अन्य धेरै विषयहरू अध्यापन हुने कलेजहरू बन्द हुने क्रम जारी रहेको बताउनुभयो ।

सोही क्रममा राप्ती नपाका प्रमुख शमशेर लामाले भक्तपुरको कार्यशैलीबाट आफूहरू निकै प्रभावित भएको स्पष्ट पार्दै भक्तपुरको सिकाइ उपलब्धिबाट आफूहरूले पनि सिक्न चाहेको बताउनुभयो ।

राप्ती नपाले पनि स्नातक र स्नातकोत्तर तहको कलेज सञ्चालन गर्न लागेको र सोको लागि भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेजको विधान र सञ्चालन प्रक्रियाबारे जानकारी लिने उद्देश्यले भक्तपुर भ्रमणमा आएको उल्लेख गर्दै उहाँले राप्ती नपा कृषिमा धेरै सम्भावना भएको नपा रहेको बताउनुभयो ।

प्रमुख प्रजापतले प्रमुख लामालाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो भने टोलीले नपाबाट सञ्चालित शैक्षिक संस्था र अस्पतालको समेत निरीक्षण गरेको थियो ।

## प्रमुख प्रजापति र धुलिखेल नपाका प्रमुख भेट



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र धुलिखेल नपाका प्रमुख अशोककुमार ब्याञ्जु श्रेष्ठबिच माघ ८ गते भेट भयो ।

## भक्तपुरका नगर प्रमुख सुनिल प्रजापति रौतहटको माधवनारायण नगरपालिका अध्ययन भ्रमणमा




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई रौतहटको माधवनारायण नगरपालिकाका नगर प्रमुख वैजनाथप्रसाद यादवले माघ १५ गते उहाँको कार्यकक्षमा स्वागत गर्नुभयो ।

विभिन्न स्थानीय तह अध्ययन भ्रमणको क्रममा रौतहट पुग्नुभएका प्रमुख सुनिल प्रजापति र प्रमुख यादवबिच भएको भेटमा उहाँहरूबिच नेपालको कृषि क्षेत्रको विकास र सम्भावना, दुई स्थानीय तहले गरिरहेका गतिविधिबारे अनुभव आदानप्रदान भयो ।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको उल्लेख गर्दै भक्तपुर भ्रमण गर्ने पर्यटकहरूबाट उठेको पर्यटन शुल्क र राजस्वबाट नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायत विकास निर्माणमा खर्च गर्दै आएको बताउनुभयो ।

माधवनारायण नपाका प्रमुख यादवले ९ वटा वडामा विभाजित माधवनारायण नपामा ५ वटा मावि, २ वटा निमावि र १२ वटा प्राथमिक विद्यालयहरू रहेको बताउनुभयो । ५० हजार जनसङ्ख्या भएको उक्त नगरपालिकाका जनताको मुख्य पेसा कृषि रहेको बताउँदै उहाँले विद्यार्थी सङ्ख्या बढी भए पनि शिक्षक दरबन्दी अपुग रहेको बताउनुभयो ।

सिंचाइमा उचित व्यवस्थापन नहुँदा यहाँका कृषकहरूले राम्रो उब्जनी गर्न नसकिरहेको उल्लेख गर्दै उहाँले माधवनारायण नपाको आन्तरिक स्रोत मालपोतबाहेक अरु केही नभएको बताउनुभयो । आन्तरिक स्रोतको सुनिश्चितता विना स्थानीय तह घोषणाले धेरै स्थानीत तहहरूले समस्या भोगिरहेको बताउनुभयो ।

## नगर प्रमुख प्रजापति र गरुडा नगरपालिकाका प्रमुख कलवारबीच भेटघाट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र रौतहटको गरुडा नगरपालिकाका प्रमुख कन्थमणिप्रसाद कलवारबिच माघ १५ गते गरुदा नपामा भेटघाट भयो। गरुदा नपाका प्रमुख कलवारले नगर प्रमुख प्रजापतिसहितको टोलीलाई खादा ओढाई नगरपालिकामा स्वागत गर्नुभयो।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर मूर्त र अमूर्त सम्पदाहरूले भरिएको नगर भएको चर्चा गर्दै भक्तपुर नपाले शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेर काम गर्दै आएको बताउनुभयो।

उहाँले भक्तपुर नपाले उच्च शिक्षा अध्ययनको लागि विद्यार्थीहरूलाई शैक्षिक ऋण र छात्रवृत्ति प्रदान गर्दै आएको स्पष्ट पार्दै नपाबाट सञ्चालित ख्वप अस्पतालले सस्तोमा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो।

गरुडाका प्रमुख कलवारले शिक्षामा राजनीतिक चलखेल बढिरहेको हुँदा तराईको शिक्षा विकास धेरै पछाडि परेको बताउनुभयो। उहाँले ६० हजार जनसङ्ख्या भएको गरुडाको मुख्य आम्दानीको स्रोत मालपोत र अन्य करमा आधारित रहेको बताउनुभयो।

गरुडा नपाले ४० वटा ऐन कानुन निर्माण गरी राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याइसकेको उल्लेख गर्दै उहाँले नपाको आफ्नै प्रशासकीय भवन नभएको हुँदा त्यसको निर्माणमा ध्यान दिइरहेको र नगरबासीहरूको लागि आवश्यक सीपमूलक तालिमहरू सञ्चालनमा जोड दिइरहेको बताउनुभयो।

भेटघाटपश्चात् नगर प्रमुख प्रजापतिले नपाका महत्त्वपूर्ण प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो। नगर प्रमुख प्रजापतिले भक्तपुर नपाको आयोजनामा चैत २३ देखि २६ गतेसम्म हुने अन्तरनगर जिम्नास्टिक प्रतियोगितामा सहभागिताको लागि अनुरोध गर्नुभयो।

## नगर प्रमुख प्रजापतिलाई गाईघाटको त्रियुगा नगरपालिकामा स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई उदयपुर जिल्ला गाईघाटको त्रियुगा नगरपालिकाका प्रमुख वसन्तकुमार बस्नेतले माघ १८ गते स्वागत गर्नुभयो।



नगर प्रमुख प्रजापतिको स्वागतमा आयोजित कार्यक्रममा दुई स्थानीय तहबिच आवश्यक समन्वय र सहकार्यबारे अनुभव आदानप्रदान भयो।

प्रमुख प्रजापतिले विभिन्न स्थानीय तहहरूको अध्ययन भ्रमण तथा अनुभव आदानप्रदानको सिलसिलामा गाईघाट पुगेको बताउँदै यस्ता अनुभव आदानप्रदानले जनप्रतिनिधिहरू अझ परिष्कृत भएर अगाडि बढ्ने प्रेरणा मिल्ने बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिएर यहाँको विकास निर्माणमा जोड दिँदै आएको उल्लेख गर्दै प्रजातन्त्रको जग बलियो बनाउन सरकारले स्थानीय तहलाई अधिकार सम्पन्न बनाई नेपालको संविधान र सङ्घीयताको भावना र मर्मअनुसार काम गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नपाले खोज तथा अनुसन्धान र सस्तोमा गुणस्तरीय मेडिकल शिक्षा प्रदान गर्न ख्वप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्य राखेको उल्लेख गर्दै उहाँले नेपाल मजदुर किसान पार्टीको नेतृत्वको दूरदर्शी सोचका कारण भक्तपुर नगरपालिकाले जनताको हितमा काम गरिरहेको बताउनु भयो।

उच्च शिक्षा अध्ययनपश्चात् रोजगारी नपाउने, विश्वविद्यालयमा बन्द हडताल र परीक्षा समयमा नहुँदा युवा विद्यार्थीहरू विदेसिन बाध्य बनिरहेको औँल्याउँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले गरिब तथा जेहनदार विद्यार्थीहरूको लागि शैक्षिक ऋण र छात्रवृत्ति प्रदान गर्दै आइरहेको बताउनुभयो।

प्रमुख प्रजापतिलाई स्वागत गर्दै त्रियुगा नपाका प्रमुख वसन्तकुमार बस्नेतले भक्तपुरका नगर प्रमुखसहितको टोलीलाई त्रियुगा नपामा स्वागत गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउँदै स्थानीय तहबिचको अनुभव आदानप्रदानले एकापसमा सहयोगको पनि आदानप्रदान हुने विश्वास व्यक्त गर्नुभयो।

साढे ३ लाख जनसङ्ख्या बसोबास रहेको त्रियुगाा नगरपालिकाले पनि शिक्षा, स्वास्थ्य, सरसफाइलगायतको क्षैत्रमा भक्तपुरजस्तै बनाउने रहर यहाँका नागरिकहरूको चाहना रहेको बताउनुभयो।

प्रमुख बस्नेतले त्रियुगाले कक्षा ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको,विद्यालयस्तरीय खेलकुद प्रतियोगिता र अतिरिक्त क्रियाकलापमा जोड दिँदै आएको उल्लेख गर्दै नगरपालिकाले प्रदेशअन्तर्गत सञ्चालित जिल्ला अस्पताललाई पाँचवटा डाइलासिस मेसिन प्रदान गरिसकेको र थप पाँचवटा मेसिन सहयोगको लागि पहल गर्दै आएको

बताउनुभयो ।

त्रियुगाले आफ्नै नगर अस्पताल सञ्चालन गर्दै आइरहेको अवगत गराउँदै उहाँले नपाले ३२ करोडको राजस्व सङ्कलन गर्ने लक्ष्य लिए पनि वार्षिक १२।१३ करोड मात्र राजस्व सङ्कलन हुने गरेको बताउनुभयो ।

२०५३ सालमै नगरपालिकाका घोषणा भएको त्रियुगाले उल्लेख्य विकास निर्माणको काम अगाडि बढाउन नसकेको औँल्याउँदै प्रमुख बस्नेतले त्रियुगााका जनप्रतिनिधि छिट्टै भक्तपुर नगरपालिकाको अध्ययन भ्रमणमा आउने तयारीमा रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले नगर प्रमुख बस्नेतलाई भक्तपुर नपाको आयोजनामा २०८१ चैत २३,२४,२५,२६ गते सम्म हुने अन्तरनगर जिम्नास्टिक प्रतियोगितामा सहभागिताको लागि पत्र हस्तान्तरण गर्नुभयो । प्रमुख प्रजापतिले उहाँलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

## प्रमुख प्रजापति र कटारीका उपप्रमुख खड्काबिच भेटघाट




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र कटारी नगरपालिकाका उपप्रमुख गीता खड्काबिच कटारीमा माघ १८ गते भेटघाट भयो ।

## प्रमुख प्रजापति मकवानपुर चित्लाङ्गका साथीहरूसँग भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मकवानपुर चित्लाङ्गका साथीहरूसँग माघ १९ गते भेट गर्नुभयो ।




## हार्दिक श्रद्धाञ्जली



**स्व. नविना घोला**

जन्म : २०३७ भादौ ०१ | निधन : २०८१ मङ्सिर १३

भक्तपुर नगरपालिकाका कर्मचारी **नविना घोला**को दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

## संक्षेपमा

# नगर प्रमुख प्रजापतिद्वारा सिर्सियास्थित सुख्खा बन्दरगाह अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १४ गते वीरगञ्जको सिर्सियास्थित सुख्खा बन्दरगाह अवलोकन गर्नुभएको छ ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले वीरगञ्जको सिर्सियास्थित सुख्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालसँग भेटघाट गरी भन्सार कार्यालयबाट देशको अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे जानकारी लिनुभयो ।

भेटघाटको क्रममा प्रमुख प्रजापतिले कृषिप्रधान देश नेपालमा बर्सेनि अरबौं रूपैयाँको खाद्यान्न विदेशबाट आयात हुनु विडम्बनाको भएको बताउनुभयो ।

नेपालमै मनग्य उत्पादन गर्न सकिने मकै, धान, गहुँ, कोदोलगायतका खाद्यान्न छिमेकी देश भारत, अष्ट्रेलिया, जापान, अमेरिकालगायत विभिन्न देशबाट समेत आयात गर्नुले नेपाल कृषिजन्य वस्तुमा समेत परनिर्भर हुँदै गएको उल्लेख गर्दै परनिर्भरताले देशको अर्थतन्त्रको विकास हुन नसक्ने उहाँले बताउनुभयो ।

भन्सार अधिकृत बरुवालले वीरगञ्जको सिर्सिया सुख्खा बन्दरगाह भन्सारले दैनिक १३ देखि १४ करोडको राजस्व सङ्कलन गरिरहेको प्रकाश पार्दै यस भन्सारबाट नेपाल सरकारले ६० अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको भए पनि लक्ष्यअनुसार राजश्व सङ्कलन गर्न कठिन हुने बताउनुभयो ।

प्रमुख बरुवालले मुलुकको अर्थतन्त्र आयातमुखी अर्थतन्त्रमा निर्भर भएको बताउनुभयो । आयात वस्तु तथा सामानको कमी हुनासाथ राजस्व सङ्कलनमा पनि कमी आउने गरेको बताउँदै उहाँले उक्त भन्सारबाट विशेषतः मल, दाना, खाद्यान्न, फलाम, कोइला, सवारीसाधन, लत्ताकपडा आदिको आयात हुने गरेको जानकारी दिनुभयो ।









# विविध समाचार

## उपत्यकाको सुन्दर भविष्यको लागि स्थानीयबाहेकलाई घरजग्गा खरिद बिक्री बन्द गर्ने कानुनी व्यवस्था आवश्यक



सहरी विकासमन्त्री **प्रकाशमान सिंह**को अध्यक्षतामा काठमाडौँ उपत्यकाका नगर प्रमुख एवम् उपप्रमुखहरूसँग प्रस्तावित वाग्मती कार्ययोजना (२०२४-४४) माथि छलफल कार्यक्रम पुस २३ गते सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख तथा उपप्रमुखहरूले उपत्यकाको सुन्दर भविष्यको लागि स्थानीयबाहेकलाई घरजग्गा खरिद गर्न रोक लगाउने कानुन निर्माण गर्नुपर्ने, वाग्मती कार्ययोजना प्रकृतिमैत्री रूपमा अघि बढाउनुपर्नेमा जोड दिँदै वाग्मती करिडोरलाई व्यवस्थित गनुपर्ने तथा हरियाली कायम हुने ढङ्गले कार्ययोजना निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा उपप्रधानमन्त्री सिंहले २० वर्षे वाग्मती कार्ययोजनालाई मूर्त रूप दिन सरोकारवाला निकायहरूबिच आवश्यक छलफल गरी छलफलबाट प्राप्त सुझावहरूलाई समेटेर अगाडि बढ्ने योजना रहेको बताउनुभयो।

वाग्मती कार्ययोजना कार्यान्वयनको सिलसिलामा प्रकृतिमैत्री प्रविधिको प्रयोग गरी अगाडि बढ्नुपर्ने बताउँदै उहाँले पुर्खाले प्रयोग गरेका प्रविधिहरू पनि प्रयोग गर्न सकिने धारणा राख्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले काठमाडौँ उपत्यकामा बस्ती विकास नियन्त्रणबिना वाग्मती सफाइ अभियान सफल नहुने बताउँदै उपत्यकामा बाहिरका मानिसले घर जग्गा खरिद गर्न नपाउने कानुनी व्यवस्था गर्नुपर्ने र समयअनुसार सङ्घीय राजधानी दाङ जिल्लामा सार्नुपर्ने धारणा राख्नुभयो।

वाग्मती सभ्यताको लागि अरबौँ खर्च भए पनि उपलब्धिमूलक काम हुन नसकेको उल्लेख गर्दै उहाँले खोला सफा राख्न नगरकोट र शिवपुरीजस्ता पानीको स्रोत भएको क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गरी त्यसको सुरक्षाको जिम्मा नेपाली सेनालाई दिइनुपर्ने बताउनुभयो।

अनियन्त्रित ढङ्गले अव्यवस्थित प्लटिङको विकास र अध्ययनबिना निजी प्लानिङ गर्नेलाई स्वीकृति दिँदा खोलाहरूमा प्रदूषण बढिरहेको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले सरसफाइ ऐनबमोजिम विभिन्न कानुन निर्माण गरी काम गरिरहेको बताउनुभयो।

ललितपुर महानगरपालिकाका प्रमुख **चिरिबाबु महर्जन**ले कार्ययोजनामा उपत्यकाका सांस्कृतिक सम्पदाहरू संरक्षण गर्ने विषय पनि समावेश हुनुपर्नेमा जोड दिँदै खोला सुरक्षाको लागि निर्माण भएका रिटेनिङ वालहरूले विपद् निम्त्याइरहेको बताउनुभयो।

वैदेशिक ऋणबाट मुलुकलाई विकास गर्ने नीतिले मुलुक डुब्ने खतरा भएको बताउँदै उहाँले ललितपुर महानपाले कुनै पनि सङ्घ संस्थालाई जग्गा दिने काम बन्द गरेको उल्लेख गर्नुभयो।

सहरी विकास मन्त्रालयका सचिव **गोपालप्रसाद सिग्देल**ले २० वर्षे कार्ययोजना उपत्यकाका नगरपालिकाहरूसँग जोडिएको विषय भएको चर्चा गर्दै उहाँले छलफलबाट प्राप्त सकारात्मक सुझावहरूलाई समेटेर कार्ययोजनालाई पूर्णता दिइने बताउनुभयो।



उपत्यकाका नदी प्रणाली संरक्षण र नदी किनारामा भएका सम्पदा संरक्षण कार्ययोजनाका मुख्य विषय भएको उहाँले बताउनुभयो।

गोदावरी नपाका प्रमुख **गजेन्द्र महर्जन**ले उपत्यकाका राजकुलोहरू पुन:निर्माण गर्नुपर्ने औँल्याउँदै करिडोर निर्माण गर्ने ठाउँमा भएका बस्तीहरूको व्यवस्थापनतर्फ ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो।

दक्षिणकाली नपाका प्रमुख **मोहन बस्नेत**ले

दक्षिणकालीमा पनि करिडोर निर्माण गर्नुपर्ने बताउँदै आर्थिक प्रगतिसहितको कार्ययोजना आवश्यक भएको छ भन्नुभयो ।

बुढानीलकण्ठ नपाका उपप्रमुख **अनिता लामा**ले उपत्यका अति अस्तव्यस्त भइसकेको हुँदा कार्ययोजनाले आत्मनिर्भरताबारे पनि सम्बोधन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख **जीवन खत्री**, कीर्तिपुर नपाका उपप्रमुख **शुभलक्ष्मी शाक्य**, ललितपुर महानपाका उपप्रमुख **मन्जली शाक्य**, तार्केश्वर नपाका प्रमुख **कृष्णहरि महर्जन**, बुढानीलकण्ठ नपाका प्रमुख **मिठाराम अधिकारी**, नागार्जुन नपाका उपप्रमुख **सुशिला अधिकारी**, गोकर्णेश्वर नपाका प्रमुख **दीपककुमार रिसाल**ले प्रस्तावित कार्ययोजनाहरूबारे राय–सुझाव प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिका सी.डी.ई. उद्धव नेपालले कार्ययोजनाको उद्देश्यबारे प्रस्ट पार्नुभएको थियो भने आयोजना प्रमुख **नारायणप्रसाद भण्डारी**ले कार्ययोजनाबारे बताउनुभएको थियो । कार्यक्रममा सहरी विकास मन्त्रालय भवन विभागका उपमहानिर्देशक **रवीन्द्र बोहरा**ले पनि बोल्नुभएको थियो ।

## विद्या आर्जनको ३२ औं वार्षिकोत्सव विद्यालयहरुबीच शैक्षिक गुणस्तरमा प्रतिस्पर्धा हुनुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने भक्तपुर नगरपालिकाको उद्देश्यलाई मूर्त रूप दिन भक्तपुर नगरपालिकाले शिक्षालाई जोड दिँदै आएको बताउनुभयो ।

पुस २४ गते आयोजित विद्या आर्जन इङ्गलिस सेकेन्डरी स्कूलको ३२ औं वार्षिकोत्सव समारोमा उहाँले भक्तपुरका हरेक विद्यालयको नतिजा राम्रो बनाउन घच्घच्याइरहेको उल्लेख गर्दै उहाँले शिक्षाको गुणस्तर वृद्धिसँगै विद्यार्थीको स्तर पनि राम्रो हुँदै गएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजमा अध्ययनरत विद्यार्थीहरूले पनि बोर्ड परीक्षामा उत्कृष्ट अङ्क हासिल गर्दै आएको स्पष्ट पार्दै उहाँले भक्तपुर नपाले निजी र सामुदायिक विद्यालयलाई समान ढङ्गले हेर्दै आएको बताउनुभयो । उहाँले निजी र सामुदायिक विद्यालयबिचको गुणस्तरमा प्रतिस्पर्धा होस् भन्ने उद्देश्यले नपाले विभिन्न समयमा संयुक्त रूपमा प्रतियोगिताहरू पनि आयोजना गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल पुरुषोत्तम ग्वाछाले विद्यालयले विद्यार्थीहरूको सर्वाङ्गीण विकास गर्न पाठ्यक्रमसँगसँगै विभिन्न अतिरिक्त क्रियाकलापलाई जोड दिँदै आएको बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई युग सुहाउँदो शिक्षा दिने प्रयत्न विद्यालयले गर्दै आएको बताउनुभयो ।

इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले भक्तपुरको शिक्षा विकासमा विद्या विकास स्कूलको पनि महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट पार्दै देशको लागि सक्षम जनशक्ति उत्पादनमा पनि विद्यालयले अग्रसर भूमिका खेल्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापति र अतिथिहरूले एसईई उत्तीर्ण विद्यार्थी र अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई प्रमाणपत्र र मेडल प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा समाजसेवी लक्ष्मीप्रसाद ढकुछ्, पूर्व विद्यार्थी सरु न्हिसुतु, अभिभावक प्रतिनिधि र विद्यार्थी प्रतिनिधिले पनि विद्यालयको शैक्षिक विशेषताबारे आ–आफ्नो धारणा राख्नुभएको थियो ।

## स्काउट क्याम्प सम्पन्न




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा स्थानीय स्काउट भक्तपुरको आयोजनामा ब्रह्मायणी सेवा क्याम्प २०८१ को प्रमाणपत्र तथा प्रशंसापत्र वितरण कार्यक्रम पुस २५ गते सम्पन्न भयो ।

## ज्येष्ठ नागरिक कसिमला पाँय् प्रतियोगिता




वाकुपति चाँगुनारायण मन्दिर परिसर सहयोग समिति र प्रगति सामुदायिक सिकाइ केन्द्रको संयुक्त आयोजनामा पुस २७ भक्तपुर नगरव्यापी दोस्रो ज्येष्ठ नागरिक कसिमला पाँय् प्रतियोगिता एक समारोहबिच सम्पन्न भयो।

## "सम्यक महादान" पुस्तक विमोचन



विगत ३५० वर्षभन्दा अघिदेखि माघे सङ्क्रान्ति (माघ १) को दिनमा भक्तपुरस्थित जयकृति महाविहार, थथुबही परिसर (भुइख्य) मा भक्तपुरको विभिन्न विहारहरूबाट पाँच दीपङ्करहरूको आगमन गराई सम्यक महादान पर्व सञ्चालन हुँदै आएको छ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १ गते सम्यक महादान पर्वको अवलोकन गरी 'ख्वपया सम्यक महादान' पुस्तक विमोचन गर्नुभयो।



## वागीश्वरीमा धन्यवादज्ञापन कार्यक्रम




भक्तपुर नगरपालिकाको आयोजनामा गत मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भएको भक्तपुर महोत्सवमा सहयोग गर्ने वागीश्वरी मा.वि., वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टका शिक्षक, कर्मचारी, विद्यार्थी र सांस्कृतिक गुरुहरूलाई वागीश्वरी कलेजमा एक कार्यक्रमको आयोजना गरी माघ २ गते धन्यवाद ज्ञापन गरियो।

नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले सहयोगी सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै नगरवासीहरूको उत्साहजनक सहभागिता र सहयोगबाट भक्तपुर महोत्सव अरूको लागि उदाहरणीय बन्न पुगेको बताउनुभयो।

महोत्सव अवलोकन गर्न आएका विभिन्न नगरपालिकाका जनप्रतिनिधिहरूले भक्तपुर शिक्षा र स्वास्थ्यमा जस्तै महोत्सव आयोजनामा पनि उदाहरणीय रहेको प्रतिक्रिया आफूलाई दिएको बताउँदै उहाँले महोत्सवलाई सारा नगरवासीको साझा महोत्सव बनाउन नगरपालिकाले आह्वान गरेपछि नगरवासीहरू स्वत:स्फूर्त रूपमा विभिन्न स्टलहरू राख्न थालेको चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, "नगरपालिकाले केवल पच्चीस ठाउँमा प्रदर्शनीको व्यवस्था गरेकोमा नगरवासीको सहभागितामा एक सय बत्तीस स्थानमा प्रदर्शन भयो। यो आफैमा सफलताको उदाहरण हो।"

वागीश्वरीले महोत्सवको पूर्वसन्ध्यामा 'वागीश्वरी उत्सव' को आयोजना गरी महोत्सवको पूर्वअभ्यास गरेको चर्चा गर्दै उहाँले वागीश्वरी मावि, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको तर्फबाट शैक्षिक, सांस्कृतिक, व्यापारिकलगायत स्काउट, स्वयम्सेवक क्षेत्रमा पुर्‍याएको योगदान प्रशंसनीय रहेको बताउनुभयो।

विभिन्न कारणले बाह्य पर्यटकहरू प्रभावित हुन सक्ने हुँदा आन्तरिक पर्यटकहरूलाई विशेष जोड दिइएको महोत्सवमा उहाँले महोत्सव नगरको प्रतिभा र एकता प्रदर्शन

गर्ने अवसर भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष एवं वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ताको लागि महोत्सव नयाँ अनुभव भएको उल्लेख गर्दै महोत्सवका पाँच दिन भक्तपुर सिङ्गै एउटा खुला विश्वविद्यालय जस्तो भएको बताउनुभयो । महोत्सवको पाँच दिनमा सिक्नेहरूका लागि धेरै सिक्ने अवसर मिलेको बताउँदै महोत्सव अवधिभर नगरवासीले खानेपानी, शौचालय स्वतः स्फूर्त रूपमा व्यवस्था गरिदिँदा अवलोकनकर्ता कसैलाई त्यसबारे गुनासो गर्ने ठाउँ नभएको जानकारी दिनुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाको सभापतित्वमा भएको उक्त कार्यक्रममा वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापति, प्राचार्य धनकुमार श्रेष्ठ र वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो । कार्यक्रममा भक्तपुर महोत्सवमा सक्रिय सहभागिता जनाएका २२५ जनालाई धन्यवाद पत्र वितरण गरिएको थियो ।

## सूर्यविनायक-धुलिखेल सडक आयोजनाको काम जनतालाई समस्या नहुने गरी गर्नुपर्नेमा जोड



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अरनिको राजमार्ग खण्डको सूर्यविनायक–धुलिखेल सडक आयोजनाअन्तर्गत भक्तपुरको साँगा सडक खण्डको निर्माण कार्य गर्दा यातायात अवरुद्ध गर्नु उचित नहुने बताउँदै आयोजनाको काम रात्रीकालीन समयमा गर्नु उपयुक्त हुने विचार माघ ८ गते व्यक्त गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको संयोजकत्वमा स्थानीय तहका प्रमुखहरू, प्रमुख प्रशासकीय अधिकृतहरू, सम्बन्धित आयोजना तथा सरोकारवालाहरूसँग बसेको बैठकमा बोल्दै उहाँले राजमार्गको सडक खण्ड दिउँसो अवरुद्ध हुँदा सर्वसाधारण जनतामा धेरै समस्या हुने बताउनुभयो ।

उहाँले जनतालाई समस्या हुने गरी आयोजनाको काम गर्नु उचित नहुने धारणा राख्दै वैकल्पिक सडकबारे स्थलगत अध्ययन गरी मात्र निर्णय गर्नुपर्ने र सडक मर्मतको जिम्मा पनि सडक विभागलाई नै दिनुपर्ने बताउनुभयो । प्रमुख प्रजापतिले राजमार्ग खण्ड वरपरका टहरा बिनाक्षतिपूर्ति भत्काउने विषयमा पुनः छलफलको आवश्यकता रहेको बताउनुभयो ।

बैठकमा सूर्यविनायक नपाका प्रमुख बासुदेव थापाले आयोजना सुस्तगतिमा कार्य भइरहेकोमा असन्तुष्टी व्यक्त गर्दै सूर्यविनायक–धुलिखेल राष्ट्रिय गौरवको योजना भएकोले समयमा सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले जनतालाई मर्का पर्ने गरी स्थलगत अवालोकन गरेर मात्र आंशिक रूपमा बाटो बन्द गर्नुपर्नेमा जोड दिनुभयो ।

धुलिखेल नपाका प्रमुख अशोककुमार ब्यान्जुले सडक निर्माणको काम गर्ने निर्माण व्यवसायीले जनतालाई समस्या नपर्ने गरी बनाउन आवश्यक व्यवस्था गर्नुपर्ने, सडक मर्मत र वैकल्पिक बाटोमा गर्नुपर्ने आवश्यक व्यवस्था पनि निर्माण व्यवसायी वा सडक विभागले नै गर्नुपर्नेमा जोड दिनुभयो ।

चाँगुनारायण नपाका प्रमुख जीवन खत्रीले रात्रीकालीन समयमा सडक निर्माणको काम गर्ने गरी तयारी गर्नुपर्नेमा जोड दिनुभयो । सरोकारावालाहरूबिच आयोजनाको स्थलगत निरीक्षण गरी त्यहाँको वस्तुस्थिति हेरेर मात्र आवश्यक निर्णयमा पुग्न सकिने सहमति भयो । आयोजनाले दैनिक ४–५ घण्टा बाटो बन्द गर्नुपर्ने प्रस्ताव बैठकमा राखेको थियो ।

बैठकमा भक्तपुर, सूर्यविनायक, चाँगुनारायण, मध्यपुर नपाका प्रमुख प्रशासकीय अधिकृतहरूसमेतको उपस्थिति थियो ।

२०७९ पुस २४ गते निर्माण कम्पनीले दुई खण्डमा गरी तीन वर्षभित्र सम्पन्न गर्ने गरी सूर्यविनायक–धुलिखेल सडक आयोजनाले ठेक्का सम्झौता गरेको थियो । सूर्यविनायक धुलिखेल सडक खण्ड ७.५ कि.मि. रहेको छ भने उक्त आयोजनाको कुल बजेट ३ अर्ब ८८ करोडमा ठेक्का सम्झौता भएको थियो । सो खण्डमा पर्ने जगाती पुल ५७ करोडमा ठेक्का सम्झौता भएको पनि सो अवसरमा जानकारी दिइयो ।

# राजनीतिलाई निःस्वार्थ रूपले जनताको सेवामा लगाउनु पर्ने



नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समिति र नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५१ औं स्थापना दिवसको अवसरमा माघ ९ गते प्रशिक्षण एवम् प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सङ्घीय सांसद **प्रेम सुवाल**ले नेपाल मजदुर किसान पार्टी स्थापनाको मुख्य उद्देश्य भनेकै राजनीतिलाई निःस्वार्थ रूपले जनताको हितमा अगाडि बढाउनु हो भन्नुभयो।

जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित गरी उत्पादनका मुख्य मुख्य साधन, स्रोत र सेवा सामाजिकीकरण गरी समाजवाद हुँदै साम्यवादमा पुग्ने पार्टीको दीर्घकालीन लक्ष्य भएको उल्लेख गर्दै उहाँले देशको सार्वभौमिकता, भूअखण्डता र स्वाधीनताको निम्ति सङ्घर्षरत नेमकिपाले कामदारवर्गका जनतालाई सचेत र सङ्गठित गर्ने काम गर्दै आएको बताउनुभयो।

युवालाई विदेश पठाएर रेमिट्यान्स भित्र्याएर धनी बन्ने सोच राख्ने सरकार नेपाली जनताप्रति जवाफदेही हुन नसकेको बताउँदै उहाँले नेमकिपाले देशको सार्वभौमिकता रक्षा र सीमा सुरक्षाको विषयमा संसद् र सडकमा आफ्नो आवाज बुलन्द पार्दै आएको स्पष्ट पार्नुभयो।

हतियार उत्पादन र बिक्री गरी आम्दानी गर्ने र सार्वभौम राष्ट्रहरूलाई थिचोमिचो गरी कब्जा गर्ने अमेरिकी साम्राज्यवादको नीति भएको स्पष्ट पार्दै अमेरिकी साम्राज्यवादले सार्वभौम राष्ट्र क्युवा र प्रजग कोरियालाई हालसम्म पनि नाकाबन्दी गरी दुःख दिँदै आएको बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल मजदुर किसान पार्टीले प्रत्येक वर्ष माघ १० लाई पार्टी स्थापना दिवसको रूपमा मनाउँदै आएको उल्लेख गर्दै देशमा आमूल परिवर्तन गर्ने उद्देश्यले पार्टीको स्थापना भएको बताउनुभयो।

प्रमुख प्रजापतिले जनता, जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त प्रयासले भक्तपुरलाई उत्कृष्ट नगर बनाउन सम्भव भएको बताउँदै नेमकिपाले न्यायप्रेमी जनताको लागि सधैँ ऐक्यबद्धता जनाउँदै आएको स्पष्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले पार्टीको मार्गनिर्देशनअनुसार देश र जनताको सेवा गर्दै भक्तपुरलाई संसारकै उत्कृष्ट गन्तव्यस्थल बनाउने लक्ष्यमा अगाडि बढिरहेको बताउनुभयो।

कार्यक्रममा नेपाल कर्मचारी समाज भक्तपुरका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले पार्टी स्थापनाका आधारहरूबारे प्रस्ट पार्दै नेमकिपाले संसद्लाई राजनैतिक, वैचारिक र वर्गसङ्घर्षको थलोको रूपमा उपयोग गर्दै आएको बताउनुभयो।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले कर्मचारीहरूको काम, कर्तव्यबारे प्रस्ट पार्नुभयो भने समाजका सदस्यद्वय **विद्यालक्ष्मी प्रजापति** र **रामकृष्ण प्रजापति**ले पनि बोल्नुभएको थियो।


**के गर्दै छ**
**भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# देश र जनताको हितमा संविधान संशोधन हुनुपर्ने



नेपाल मजदुर किसान पार्टी चितवन जिल्ला समितिको आयोजनामा नेमकिपाको ५१ औँ स्थापना दिवसको अवसर पारेर शक्ति खोरमा माघ १२ गते कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पार्टीको ५१ औँ स्थापना दिवसको अवसरमा शुभकामना दिँदै नेमकिपाले निर्वाचनलाई वर्गसङ्घर्ष गर्ने थलोको रूपमा उपयोग गर्दै आएको बताउनुभयो।

उहाँले नेपाल मजदुर किसान पार्टी जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी व्यवस्था स्थापना गर्ने दीर्घकालीन उद्देश्यका साथ अगाडि बढिरहेको उल्लेख गर्दै नेकपा एमाले र माओवादीले कम्युनिस्टको नाउँमा जनतालाई धोका दिइरहेको बताउनुभयो। उहाँले संविधान समयको आवश्यकताअनुसार देश र जनताको हितमा हुनुपर्नेमा जोड दिँदै उत्पादनका साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, व्यक्तित्व विकासमा समान अवसर र योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्तलगायत जनताको हितमा संविधान संशोधन आवश्यक रहेको बताउनुभयो।

उहाँले निजीकरणको पक्ष लिनेहरू कम्युनिस्ट हुन नसक्ने स्पष्ट पार्दै उत्पादनका मुख्यमुख्य साधनहरू सामाजिकीकरणको पक्ष लिनेहरू समाजवादी हुने स्पष्ट पार्नु भयो। पुँजीवादी व्यवस्थामा सम्पत्ति सीमित व्यक्तिमा केन्द्रित हुँदै जाने र राज्य कमजोर हुँदै जानेछ- उहाँले बताउनुभयो।

संसद्मा जनविरोधी विधेयकहरूको विरोध गर्ने, देशघाती सन्धि सम्झौताहरू पारित गर्न नदिने र जनतालाई सचेत पार्ने तथा साम्राज्यवादी देशहरूले कमजोर देशहरूमा गरिरहेको हमला, थिचोमिचो र हस्तक्षेपको विरोध गर्दै नेमकिपाले अन्तर्राष्ट्रिय कर्तव्य पनि पूरा गर्दै आएको उहाँले बताउनुभयो।

उहाँले एक जना कम्युनिस्ट भएसम्म समाजवादको झन्डा उच्च पार्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका सभापति एवं नेमकिपा चितवन जिल्ला समितिका अध्यक्ष हरिप्रसाद दुवालले पार्टी स्थापनाकालदेखि पार्टीले कामदारवर्गलाई राजनैतिक रूपमा सङ्गठित पार्ने अभियानमा निरन्तर लागिरहेको बताउनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य रोशनमैँया सुवालले कम्युनिस्ट पार्टीको नाममा शासकहरूले जनतालाई ठग्ने र भ्रममा पार्ने काम गर्दै आएकोले जनताले दुःख भोग्दै आएको बताउनुभयो।

उहाँले नेमकिपाले जनतालाई सैद्धान्तिक शिक्षा र चेतना दिएर आफ्ना कार्यकर्तालाई परिपक्व बनाउँदै आएको बताउनुभयो।

नेक्रायुसङ्घका केन्द्रीय सदस्य जगतराम धुख्वाले युवाहरूलाई स्वदेशमै रोजगारी सुनिश्चितताको लागि नेमकिपाले पहल गर्दै आएको उल्लेख गर्दै समाजवादी व्यवस्थामा गरिब जनताले पनि समान अवसर पाउने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नपाले गरिरहेको युवा लक्षित गतिविधिबारे प्रस्ट पार्दै भक्तपुर नपाको आयोजनामा चैत २३ देखि २६ गतेसम्म अन्तर नगर जिम्नास्टिक प्रतियोगिता आयोजना गर्ने तयारी गरिरहेको बताउनुभयो।

नेक्रामसङ्घ चितवन जिल्ला समितिका अध्यक्ष सुमित्रा महत्तोले पार्टी कार्यकर्ताले पार्टी प्रतिबन्धको अवस्थामा पार्टीलाई जोगाउन गरेको सङ्घर्षबारे प्रस्ट पार्दै पार्टी कार्यकर्ताले पार्टी प्रकाशन अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो।

नेमकिपा चितवन जिल्लाका मोहन प्रजाले 'अक्टोबर क्रान्ति र यसको महत्त्व' पुस्तकबारे आफ्नो अध्ययनको सार प्रस्तुत गर्नुभयो।

कार्यक्रममा नेक्राविसङ्घ चितवनका अध्यक्ष अर्जुन चेपाङले नयाँ पुस्तालाई पार्टीको इतिहास, आन्दोलन, सिद्धान्तबारे प्रस्ट पार्दै नेमकिपाका कार्यकर्ताहरूले अनुशासित र इमानदारीपूर्वक जनताको सेवा गर्दै आएको बताउनुभयो।

उक्त कार्यक्रममा नेमकिपा चितवनका जिल्ला सचिव ज्ञानेन्द्र चेपाङ र उपाध्यक्ष विष्णु शर्माले पनि पार्टी स्थापनाको सैद्धान्तिक उद्देश्यबारे आफ्नो धारणा राख्नुभयो।

# भीमसेन मन्दिर व्यवस्थापन कार्य समितिद्वारा नगर प्रमुख प्रजापतिलाई चितवनमा स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भीमसेन मन्दिर व्यवस्थापन कार्य समितिका अध्यक्ष विजयप्रकाश तन्डुकारले माघ १२ गते चितवनको पुतलीबजारमा स्वागत गर्नुभयो । नगर प्रमुख प्रजापतिको स्वागतमा भीमसेन मन्दिर व्यवस्थापन समिति, नेवाःपुच र नेवाःमयुजु पुचःका प्रतिनिधिहरूबिच भएको भेटघाट कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुरको शिक्षा, संस्कृति, सम्पदा पुनःनिर्माण, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा गरिरहेका नवीनत्तम अभ्यासबारे अवगत गराउनुभयो ।

कार्यक्रममा उहाँले भक्तपुरको कला संस्कृति नै यहाँको पहिचान भएको औँल्याउँदै भक्तपुरका मूर्त र अमूर्त कला संस्कृति संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यमा नपाले जोड दिँदै आएको बताउनुभयो । भक्तपुर नपाले सांस्कृतिक गुरु सम्मान कार्यक्रम गर्दै विभिन्न बाजा प्रतियोगिताहरू पनि आयोजना गर्दै आएको उल्लेख गर्दै मौलिकता संरक्षणले हाम्रो अस्तित्वलाई कायम राख्ने बताउनुभयो ।

भक्तपुर नपाले बाह्य पर्यटकहरूबाट उठाउँदै आएको पर्यटन शुल्कबाट भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायतका क्षेत्रको विकास गर्दै आएको औँल्याउँदै उहाँले विदेशी सहयोगबिना भूकम्पले क्षति पुर्‍याएका सम्पदा पुनःनिर्माण सम्पन्न गर्न सक्नु भक्तपुरको उपलब्धिको रूपमा लिएको बताउनुभयो ।

उहाँले भक्तपुर अहिले सम्पदा संरक्षणमा अग्रता लिइरहेको उल्लेख गर्दै उहाँले शिक्षा र स्वास्थ्य क्षेत्रमा जनप्रतिनिधिहरूले राम्रोसँग काम गरे जनताको आधा समस्या सम्बोधन हुने बताउनुभयो ।

भक्तपुर नपाले सञ्चालन गरेका शैक्षिक संस्था र अस्पतालबाट भक्तपुरका मात्र नभई देशभरिका नागरिकहरू लाभान्वित भएको स्पष्ट पार्दै उहाँले भक्तपुरका सम्पदाहरू संरक्षण गर्दै व्यवसायीकरणतर्फ अगाडि बढिरहेको बताउनुभयो ।

भीमसेन मन्दिर व्यवस्थापन कार्य समितिका अध्यक्ष विजयप्रकाश तन्डुकारले भक्तपुरको सिकाइ उपलब्धि देशका सबै स्थानीय तहहरूको लागि अनुकरणीय रहेको उल्लेख गर्दै भक्तपुरका जनताको जीवनस्तरमा भक्तपुरले सकारात्मक प्रभाव पारेको विषय अनुकरणीय रहेको बताउनु भयो ।

भरतपुर महानगरपालिका वडा नं. १ का वडाध्यक्ष केशव महर्जनले भक्तपुरले त्यहाँ गरेको विकासले देशकै गरिमा बढेको औँल्याउँदै भक्तपुरबाट अनुकरण गर्दै आफूहरूले पनि केही नवीन कार्यहरूको सुरुवात गर्ने प्रयास गरिरहेको बताउनुभयो ।

नेवाःपुचः नारायणगढका अध्यक्ष शुत्रकुमार श्रेष्ठ नेवाःएकतालाई अझ मजबुत पाउनुपर्ने बताउँदै नेवाःपुचःले सांस्कृतिक क्षेत्र प्रवर्द्धनमा गर्दै आएका गतिविधिबारे जानकारी गराउनुभयो ।



कार्यक्रममा नेवाः मयुजु पासा पुचःका अध्यक्ष सुष्मा पियाले भक्तपुरको मौलिक सीप व्यवसायीकरणले त्यहाँका नागरिकहरूको जीवनस्तरमा सकारात्मक प्रभाव पारेको बताउँदै नेवाःमयुजु पासा पुचःका प्रतिनिधिसहितको टोली भक्तपुरको सांस्कृतिक सम्पदा अध्ययन अवलोकनमा आउने जानकारी दिनुभयो ।

कार्यक्रममा भीमसेन मन्दिर व्यवस्थापन कार्य समितिका सदस्य राजुराज कर्णिकार र सांस्कृतिक अभियन्ता राजेन्द्रकुमार पियाले पनि नारायणगढमा भइरहेको सांस्कृतिक गतिविधिबारे जानकारी गराउनुभयो ।

## नगर प्रमुख प्रजापतिसँग नेवाः देय् डबु वीरगञ्ज महानगर समितिका प्रतिनिधिहरूको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई नेवा:देय् डबु वीरगञ्ज महानगर समिति अध्यक्ष सत्यम खड्गीले माघ १३ गते वीरगञ्जमा एक कार्यक्रमबिच स्वागत गर्नुभयो ।

नेवा:देय् डबु वीरगञ्ज समितिका प्रतिनिधिहरूसँग भएको भेटघाट तथा परिचयात्मक कार्यक्रममा नगर प्रमुख प्रजापतिले नेवा परम्परा, भाषा, कला र संस्कृति नै नेवार जातिको पहिचान भएको औँल्याउँदै यसको संरक्षण र संवर्द्धन सबैले आ-आफ्नो तर्फबाट पहल गर्नुपर्ने बताउनुभयो ।

उहाँले नेवाः परम्परा, बाजा, मौलिक परिकारहरूलाई अन्तर्राष्ट्रियकरणमा पनि जोड दिँदै नयाँ पुस्तालाई मौलिक परम्परा, भाषा र सीप हस्तान्तरण गर्नेतर्फ अग्रसर हुनु जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नपाले भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूलाई भक्तपुरको कला संस्कृति, चाडपर्व आदिबारे स्थानीय पाठ्यक्रममार्फत अध्ययन अध्यापन समेत गराइरहेको चर्चा गर्दै नयाँ पुस्तामा पश्चिमा संस्कृतिको प्रभाव कम गर्न सकिएन भने हाम्रो मौलिक परम्पराहरू हराउँदै जाने बताउनुभयो ।



भक्तपुर कला र संस्कृतिमा समृद्ध नगर भएको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले लोप हुन लागेका संस्कृतिलाई पुनरुत्थान गर्ने कार्य गर्दै आएको बताउनुभयो ।

भेटघाट कार्यक्रममा नेवा: देय् दबु वीरगञ्ज महानगर समितिका अध्यक्ष सत्यम खड्गीले कला संस्कृति संरक्षणमा भक्तपुर नगरपालिकाले गरिरहेको काम प्रशंनीय भएको उल्लेख गर्दै समितिले भाषा संरक्षण गर्न नेपालभाषाको तालिम सञ्चालन गर्ने प्रयास गरिरहेको बताउनुभयो ।

वीरगञ्जमा पनि नेवाः जातिको मौलिक जात्रा सञ्चालन, भाषा प्रवर्द्धनात्मक कार्यक्रम, भेटघाट कार्यक्रमहरू अगाडि बढाउँदै आएको उहाँले बताउनुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले अध्यक्ष खड्गीलाई भक्तपुर नपाका प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभ्यो ।

उक्त भेटघाट कार्यक्रममा नेमकिपा पर्सा जिल्ला समितिका अध्यक्ष सरोज साह, भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रोशनमैंया सुवाल र नेक्रायुसङ्घका केन्द्रीय सदस्य जगतराम धुख्वाको उपस्थिति रहेको थियो ।

## पर्सामा कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल मजदुर किसान पार्टी पर्सा जिल्ला समितिले नेपाल मजदुर किसान पार्टीको ५१ औँ स्थापना दिवसको अवसरमा पर्साको पोखरियामा पार्टी कार्यकर्ता भेटघाट तथा प्रवचन कार्यक्रम माघ १३ गते सम्पन्न भयो ।

कार्यक्रममा उहाँले नेमकिपाले भक्तपुरमा मात्र नभई नेमकिपाबाट जितेका जिल्लाहरूमा पनि भक्तपुरमा जस्तै उदाहरणीय कार्यहरू गर्दै आएको बताउनुभयो ।

कामदार वर्गलाई शासन सत्तामा पुऱ्याउने उद्देश्यले पार्टीको स्थापना भएको बताउँदै केन्द्रीय सदस्य प्रजापतिले

नेपाल मजदुर किसान पार्टी नेपालको एक मात्र कम्युनिस्ट पार्टी भएको बताउनुभयो ।

भक्तपुर नपाले जनतालाई स्थानीय सरकारको अनुभूति हुने गरी शिक्षामा शिशुशालादेखि सात ओटा कलेज सञ्चालन, स्वास्थ्यमा घरदैलो नर्सिङदेखि १०० शय्याको अस्पताल सञ्चालन, देशकै सफा र स्वच्छ नगरको रूपमा विकास, सम्पदा संरक्षण, विकास निर्माणमा जनसहभागिता र सीपमूलक तालिमहरू सञ्चालन गरी जनमुखी कार्यमा जोड दिँदै आएको प्रमुख प्रजापतिले बताउनुभयो ।

नेपालको तराई कृषि क्षेत्र विकासमा प्रचुर सम्भावना भएको ठाउँ भएर पनि यहाँका किसान आर्थिक रूपले पछाडि पर्नुमा सरकार नै दोषी भएको उल्लेख गर्दै उहाँले सरकारले काठमाडौं केन्द्रित विकासमा ध्यान दिँदा देशको सन्तुलित विकास हुन नसकेको बताउनुभयो ।

कम्युनिस्टहरू देशभक्त र अन्तर्राष्ट्रवादी हुने बताउँदै उहाँले नेमकिपाले संसद्देखि सडकसम्म देशघातीहरूको विरोध गर्दै आएको बताउनुभयो ।

नेता इमानदार भए जनता पनि इमानदार हुने बताउँदै उहाँले जनताले बिनालोभलालच इमानदार नेतालाई निर्वाचनमा मतदान गरेको भए असल राजनीतिकर्मीहरूले देशमा शासन गर्ने थिए भन्नुभयो ।

नेमकिपा पर्साका अध्यक्ष सरोजकुमार साहले नेपाल मजदुर किसान पार्टीले गरिब किसान र मजदुरलाई जिल्ला जिल्लामा राजनीतिक रूपमा सङ्गठित गर्ने काम गर्दै आएको बताउँदै निःस्वार्थ जनताको सेवा गर्नु नै पार्टीको मुख्य उद्देश्य भएको बताउनुभयो ।

## पुँजीवादी व्यवस्था : व्यक्ति धनी हुँदै जाने र राज्य कमजोर हुँदै जाने व्यवस्था




नेपाल मजदुर किसान पार्टी बारा जिल्ला समितिको आयोजनामा नेमकिपाको ५१ औँ पार्टी स्थापना दिवसको अवसरमा बाराको कलैयामा माघ १४ गते कार्यकर्ता भेटघाट तथा समसामयिक विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पुँजीवादी व्यवस्था व्यक्ति झन्झन् धनी हुँदै जाने र राज्य कमजोर हुँदै जाने व्यवस्था भएको बताउँदै समाजवादी व्यवस्था कामदार वर्गको निम्ति स्वर्ग हो भन्नुभयो ।

प्रतिक्रियावादी सङ्घ संस्थामा गएर पनि जनताको सेवा गर्ने लेनिनवादी नीतिलाई नेमकिपाले आत्मसात गर्दै आएको बताउँदै उहाँले साम्राज्यवादी देशहरूले कमजोर देशहरूमाथि गरिरहेको हमला, थिचोमिचो र हस्तक्षेपको विरोध गर्दै नेमकिपाले अन्तर्राष्ट्रिय कर्तव्य पनि पूरा गर्दै आएको बताउनुभयो ।

भ्रष्टाचार, अनियमिता र राजनीतिक भागबण्डाले देश अहिले कङ्गाल बन्दै गइरहेको बताउँदै उहाँले देश विकास नहुनुमा भ्रष्टाचर नै प्रमुख कारण भएको बताउनुभयो ।

नेपालका उद्योगधन्दा, कलकारखाना, विद्यालय, कलेज, अस्पताललगायतका क्षेत्र निजीको हातमा सुम्पने उदारवादी नीतिले देशको विकास हुन नसकेको बताउँदै उहाँले नेमकिपाले संसदलाई वर्ग सङ्घर्ष गर्ने थलोको रूपमा उपयोग गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति नेमकिपा बारा जिल्ला समितिका अध्यक्ष मुक्ति यादवले पार्टी स्थापनाको उद्देश्यलाई पूरा गर्न नेमकिपाका कार्यकर्ताहरू समाजवादी प्रचार अभियानमा सक्रियतापूर्वक लागिरहेको बताउँदै निर्वाचनमा पैसा खर्च गरेर जितेका जनप्रतिनिधिहरूले देशको हितमा भन्दा पनि व्यक्तिगत लाभमा मात्र काम गर्ने बताउनुभयो ।

नेमकिपाका पर्सा जिल्ला समितिका सरोज साहले नेमकिपा नेपालको पुरानो कम्युनिस्ट पार्टी भएको बताउँदै पार्टी स्थापनाकालदेखि नेमकिपाले शासित वर्गलाई शासन सत्तामा पुर्‍याउने उद्देश्यले काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घका केन्द्रीय कोषाध्यक्ष जगतराम धुख्वा, भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, नेक्रामसङ्घका केन्द्रीय सदस्य रोशनमैंया सुवालले पनि पार्टीको नीति निर्देशनमा कार्यकर्ताहरूले काम गर्नुपर्ने, पार्टी प्रकाशनको नियमित अध्ययन गर्नुपर्ने र निःस्वार्थ रूपले देश र जनताको लागि काम गर्न सधैँ प्रेरित हुनुपर्ने बताउनुभयो ।

# नगर प्रमुख सुनिल प्रजापतिलाई मधेस विश्वविद्यालयमा स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र पर्साको वीरगञ्जमा अवस्थित मधेस विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक शाक्यबिच माघ १४ गते विश्वविद्यालयमा भेटघाट भयो। उपकुलपति शाक्यले नगरप्रमुख प्रजापतिलाई मधेस विश्वविद्यालयमा स्वागत गर्नुभयो।

सोही क्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले पनि ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यले विश्वविद्यालय सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा जोड दिइरहेको बताउनुभयो।

उत्पादन श्रमसँग जोड्ने र अनुसन्धान केन्द्रित शिक्षा प्रदान गर्न भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालयको प्रस्ताव अघि बढाएको उहाँले बताउनुभयो। विश्व विद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, सङ्घीयता संविधान र कानुनको पानामा मात्र सीमित छ, सिहदरवारमा बस्नेहरूको सोचमा सङ्घीयता आएको छैन।

नगरपालिकाले कला, संस्कृति, विज्ञान, कृषि, कानून, प्रविधि, अर्थशास्त्र, र व्यावसायिक शिक्षालाई प्राथमिकता दिइरहेको बताउँदै उहाँले भक्तपुर नगरपालिकाले २०५६ सालमा



ख्वप मावि स्थापना गरी शैक्षिक क्षेत्रमा औपचारिक प्रवेश गरेको र २०५८ मा ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज र २०६५ मा ख्वप कलेज अफ इन्जिनियरिङ र २०७९ मा ख्वप कलेज अफ ल सञ्चालन गरी जनताका छोराछोरीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउनुभयो।

भेटमा उपकुलपति शाक्यले मधेश प्रदेश सरकारले स्थापना गरेको मधेश विश्वविद्यालयले उच्च शिक्षा र अनुसन्धानलाई प्राथमिकतामा राख्दै आएको बताउँदै मधेशमा उच्च शिक्षाको विकासका लागि मधेश विश्वविद्यालयले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवनमा सञ्चालन भइरहेको मधेश विश्वविद्यालय स्थापनाको उद्देश्यबारे प्रष्ट पार्दै उहाँले उक्त विश्वविद्यालय सन् २०२२ सेप्टेम्बर ७ तारिखमा औपचारिक रूपमा उद्घाटन भएको बताउनुभयो।

वीरगञ्जमा पहिलेदेखि नै विश्वविद्यालय स्थापनाका लागि प्रयास हुँदै आएको बताउँदै उहाँले मधेस विश्वविद्यालयमा हाल ११० जना विद्यार्थीहरू उच्च शिक्षाका लागि अध्ययनरत रहेको जानकारी दिनुभयो।




उपकुलपति शाक्यले मधेस क्षेत्रको आवश्यकताअनुसारका विषय बीएएलएलबी, एम.पी.ए. जस्ता विशिष्कृत विषयहरू सञ्चालन गर्दै आएको बताउँदै विश्वविद्यालयले गुणस्तरीय शिक्षा र निष्पक्ष रूपमा परीक्षाहरू सञ्चालन गरिरहेको बताउनुभयो।

एम.पी.ए. विषयअन्तर्गत सङ्घीयताको पाठ्यक्रम नै समावेश गर्ने तयारी गरिरहेको बताउँदै उहाँले मधेस विश्वविद्यालयले सीपमूलक शिक्षा प्रदानमा जोड दिँदै आएको बताउनुभयो। उहाँले हाल उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूको सङ्ख्या घट्दै गइरहेकोमा चिन्ता व्यक्त गर्नु भयो।

स्थानीय तहहरूले यहाँको शिक्षामा अभिभावकत्व ग्रहण गर्न नसक्नु मधेस प्रदेशको ठूलो विडम्बना भएको

उल्लेख गर्दै उहाँले मधेस विश्वविद्यालयले १० वर्षे रणनीति बनाएर अगाडि बढिरहेको बताउनुभयो ।

भेटमा मधेश विश्वविद्यालयका रजिष्टार विजय यादवले मधेस विश्वविद्यालय र भक्तपुर नपाबाट सञ्चालित कलेजहरूबीच आवश्यक सहकार्य गरेर अगाडि बढ्न सकिने धारणा राख्दै स्थानीय तहहरूको सहयोग भएमा धेरै काम गर्न सकिने बताउनुभयो । उहाँले भन्नुभयो, 'हामीले समय सापेक्ष कोर्स बनाउँदै छौं ।'

प्रमुख प्रजापतिले उपकुलपति शाक्यलाई नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो । उक्त भेटघाटमा मधेस विश्वविद्यालयका रजिष्टर विजय यादव, डीन अन्जनकुमार मिश्र, नेमकिपा पर्सा जिल्ला समितिका अध्यक्ष सरोजकुमार साह, भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रोशनमैंया सुवाल, नेक्रायुसंघका केन्द्रीय कोषाध्यक्ष जगतराम धुख्वाको पनि उपस्थिति रहेको थियो ।

## तराईमा किसान आन्दोलनको आवश्यकता छ



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले तराईको बारा, पर्सा, रौतहट, सर्लाही जिल्लाहरू क्रान्तिकारी इतिहास बोकेको बताउँदै ती जिल्लाहरूमा पुनः किसान आन्दोलनलाई अगाडि बढाउनुपर्ने आवश्यकता भएको माघ १५ गते बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको ५१ औं स्थापना दिवसको अवसरमा आज नेमकिपा रौतहट जिल्ला समितिको आयोजनामा भएको कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा बोल्दै उहाँले तराईको विकासमा तराइकै जनताको सक्रियता आवश्यक छ भन्नुभयो ।

कृषिप्रधान देश भएर पनि नेपालले बर्सेनि अरबौंको कृषिजन्य वस्तु तेस्रो मुलुकबाट आयात गर्दा देशको व्यापार घाटा झन् बढिरहेको बताउँदै उहाँले विदेशबाट सामान आयात गरेर समृद्ध मुलुक बनाउने सरकारको लक्ष्य पुरा हुँदैन भन्नुभयो ।

उहाँले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरुद्ध निरन्तर सङ्घर्ष गर्ने नेमकिपा नेपालको एक मात्र देशभक्त र अन्तर्राष्ट्रिवादी पार्टी भएको बताउँदै कामदार वर्ग आफ्नो हक अधिकारबारे सचेत र सङ्गठित हुन जरुरी रहेको बताउनुभयो ।



नेमकिपा रौतहट जिल्ला समितिका अध्यक्ष दिनेशप्रसाद साहले नेपाल मजदुर किसान पार्टीले भक्तपुरको राजनैतिक र शैक्षिक विकासमा खेलेको भूमिकाबारे प्रस्ट पार्दै तराईका जनता शैक्षिक र राजनैतिक रूपमा सङ्गठित नभएसम्म यहाँको विकास सम्भव नहुने बताउनुभयो ।

नेमकिपा पर्सा जिल्ला समितिका अध्यक्ष सरोज साहले नेपाल मजदुर किसान पार्टी सिद्धान्त र विचारमा प्रतिबद्ध भएको उल्लेख गर्दै चुनावमा झुटा आश्वासन दिने, भोज खुवाउने र पैसा खर्च गर्ने कामको नेमकिपाका उम्मेदवारहरूले सधैं विरोध गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नेपाल मजदुर किसान पार्टीले शोषित पीडित जनताको समस्या समाधानको लागि निरन्तर पहल गर्दै आएको उल्लेख गर्दै पार्टीले देशको जनविरोधी कदमको विरोध गर्दै संसद र सडकमा आफ्नो भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका अध्यक्ष रोशनमैंया सुवालले तराईका महिलाहरू राजनैतिक रूपमा प्रशिक्षित नभएसम्म यहाँको विकास र जनताको जीवनस्तरमा परिवर्तन हुन धेरै समय लाग्ने बताउनुभयो । नेमकिपाका कार्यकर्ताहरूले अन्धविश्वासको विरोध गर्दै समाजमा परिवर्तन ल्याउन भूमिका खेल्नुपर्ने उल्लेख गर्दै उहाँले तराईमा ब्याप्त लैंगिक हिंसा, दाइजो प्रथा र छाउपडीजस्ता विकृतिहरूलाई विस्तारै हटाउँदै लानुपर्ने बताउनुभयो ।

## पद र पैसाको निम्ति काम गर्नेहरूले व्यक्तिगत फाइदालाई प्राथमिकता दिने



नेपाल मजदुर किसान पार्टी केन्द्रीय समितिका सदस्य सुनिल प्रजापतिले कुनै पनि क्षेत्रको विकासमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै तराईका महिलाहरू शैक्षिक र राजनैतिक रूपमा अगाडि नबढेसम्म त्यहाँको विकास अगाडि बढ्न गाह्रो हुने बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी सर्लाही जिल्ला समितिको आयोजनामा माघ १६ गते सर्लाहीको कामतमा नेमकिपाको ५१ औं स्थापना दिवसको अवसरमा भएको कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा उहाँले तराईको अवस्था हेर्दा सरकारको 'समृद्ध नेपाल सुखी नेपाली' नारामै सीमित भएको बताउनुभयो।

कृषिप्रधान देश भएर पनि नेपालले अरबौंको खाद्यान्न छिमेकी देशबाट आयात गरिँदा देशको व्यापारघाटा बढिरहेको बताउँदै उहाँले तराईका ठाउँ ठाउँमा बाँध निर्माण गरी सिँचाइको उचित व्यवस्थापनतर्फ सरकारले जोड दिनुपर्ने बताउनुभयो।

उहाँले निर्वाचनमा मतदान गर्दैमा जनताको आफ्नो कर्तव्य पूरा नहुने बताउँदै आफ्नो ठाउँको विकासमा यहाँका जनता नै एकजुट भएर लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

पुँजीवादी निर्वाचन जित्न शासक दलहरूले करोडौं खर्च गर्ने, भ्रष्टाचारी र तस्करहरूलाई संरक्षण गर्ने जस्ता अनैतिक कार्य गर्दै आइरहेको बताउँदै उहाँले आफूलाई कम्युनिस्ट दाबी गर्ने नक्कली कम्युनिस्टहरूले पुजीवादी सरकारमा जान पार्टीको सिद्धान्त, विचार तथा मूल्य मान्यतालाई परित्याग गरी सिद्धान्तहीन गठबन्धन बनाएर सरकारमा टिकिरहने फोहोरी खेल खेल्दै आएको बताउनुभयो।

वैदेशिक रोजगारीको नाममा गरिब जनतालाई नियोजित रूपमै सरकारले देश निकाला गर्ने काम गर्दै आएको उल्लेख गर्दै उहाँले पद र पैसाको निम्ति काम गर्नेले व्यक्तिगत लाभलाई प्राथमिकता दिएर काम गर्ने बताउनुभयो।

२०८१ फागुन १६ गतेदेखि १९ गतेसम्म हुने नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशन भव्य र सफल रूपमा सम्पन्न गर्न सबै कार्यकर्ताहरू क्रियाशील भएर पार्टी गतिविधिमा लाग्नुपर्ने बताउँदै उहाँले नेमकिपाले कम्युनिष्ट सिद्धान्त र विचारप्रति इमानदार र प्रतिबद्ध पार्टीको रूपमा आफ्नो पहिचान बनाएको विचार व्यक्त गर्नुभयो।

कार्यक्रमका सभापति सर्लाही जिल्ला समितिका सदस्य रामाकान्त कापरले तराई आर्थिक विकासको धेरै सम्भावना भएको ठाउँ भएर पनि यहाँका जनता गरिब हुनुमा शासक दलको अदूरदर्शी सोचकै कारण हो भन्दै जनता राजनैतिक रूपमा सचेत र सङ्गठित नभएसम्म यस ठाउँको विकास सम्भव नहुने बताउनुभयो।

पर्सा जिल्ला समितिका अध्यक्ष सरोज साहले मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई पार्टीले मार्गनिर्देशक सिद्धान्तको रूपमा अँगीकार गर्दै आएको बताउँदै नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा नेक्रायुसङ्घका केन्द्रीय कोषाध्यक्ष जगतराम धुख्वाले अन्याय, अत्याचार र थिचोमिचोको विरोध गर्न जनता सङ्गठित हुनु जरुरी रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले देश र जनताको सेवा गर्नेबाहेक नेमकिपाको कुनै स्वार्थ नभएको बताउँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकुद विकास, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रमा देशकै लागि नमुना कार्यहरू गर्दै आएको बताउनुभयो।

त्यस्तै नेक्रामसङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैया सुवालले जनताको शैक्षिक, आर्थिक र राजनीतिक चेतनास्तर माथि उठेसँगै तराईको विकासले पनि गति लिने बताउँदै भक्तपुरको विकासमा नेमकिपाका अग्रज कार्यकर्ताहरूले धेरै योगदान पुर्‍याएको स्मरण गर्नुभयो।

## लालबन्दीको दुकदुकी एफएममा नगर प्रमुख प्रजापतिको अन्तरसंवाद कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख एवम् नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले नेमकिपाको ५१ औं पार्टी स्थापना दिवसलाई पार्टीको विचार र सिद्धान्त प्रचारप्रसार अभियानको रूपमा देशका



विभिन्न जिल्लाहरूमा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन भइरहेको बताउनुभयो ।

लालबन्दीको ढुकढुकी एफएम ९५.२ मेगाहर्जका कार्यक्रम प्रस्तोता क्षितिज विश्वकर्मासँगको अन्तर्वार्तामा माघ १६ गते बोल्दै उहाँले व्यापक जनता सचेत नभएकै कारण संसदमा पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दल र त्यसका उम्मेदवारहरूले जितिरहेको बताउनुभयो ।

पार्टीको नीति र निर्देशनमा काम गर्नु जनप्रतिनिधिको कर्तव्य भएको उल्लेख गर्दै उहाँले राजनीतिक पार्टीको सिद्धान्त र व्यवहारमा भेद देखिएकै कारण जनतामा राजनीतिप्रति वितृष्णा बढ्दै गएको बताउनुभयो ।

देशका शासकहरूले राजनीतिलाई जनताको नि:स्वार्थ सेवा गर्नुभन्दा पनि कमाइ खाने भाँडो बनाएकै कारण व्यक्ति झन्झन् धनी र देश गरिब हुँदै गएको हो भन्दै उहाँले नेपाल मजदुर किसान पार्टीले आफ्ना कार्यकर्तालाई अनुशासित, अध्ययनशील र इमानदार भएर काम गर्न सधैँ प्रेरित गर्दै आएको बताउनुभयो ।

राजनीतिक पार्टी भनेको भीड होइन, विचार र सिद्धान्तमा प्रतिबद्ध सङ्गठित शक्ति भएको औँल्याउँदै उहाँले नेपालको तराई कृषिमा अध्ययन अनुसन्धान गर्नेहरूको लागि उपयुक्त थलो भएको र कृषि विशेषज्ञहरूको सल्लाह सुझावअनुसार यहाँको विकासमा स्थानीय सरकारहरूले जोड दिनुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले सरकारले नीतिगत रूपले नेपालका युवा विद्यार्थीहरूलाई नियोजित ढङ्गले विदेश पठाइरहेको छ भन्दै नेमकिपाले संसद्मा प्रखर प्रतिपक्षको भूमिका खेल्न सफल भएको बताउनुभयो ।

भक्तपुर नपाले भक्तपुरमा ख्वप विश्वविद्यालय सञ्चालन गर्न पहल गर्दै आइरहेको औँल्याउँदै उहाँले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरेकै कारण देशैभरिका विद्यार्थीहरू नगरपालिकाले सञ्चालन गरेका विभिन्न शैक्षिक संस्थामा अध्ययन गरिरहेको बताउनुभयो ।

## किसान र मजदुरहरूलाई देशको मालिक बनाउनु पर्ने




नेपाल मजदुर किसान पार्टीको स्थापना दिवसको अवसरमा सप्तरीको बरहीपुरमा माघ १७ गते कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले किसान–मजदुरलाई नै देशको मालिक बनाउने उद्देश्यले नेमकिपा सङ्घर्षरत रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको भए गाउँको विकास हुने थियो । शासक पार्टीहरूको अदूरदर्शिताकै कारण पञ्चायती व्यवस्थाभन्दा पनि गणतान्त्रिक व्यवस्थाको बदनाम भइरहेको छ ।”

नेका, एमाले र माओवादी पार्टीले गाउँको विकासलाई ध्यान नदिएको उल्लेख गर्दै केन्द्रीय सदस्य प्रजापतिले अहिलेको व्यवस्था पुँजीवादी व्यवस्था भएको र यो व्यवस्थामा कामदारवर्गको हित नहुने बताउनुभयो ।

समाजवादी व्यवस्थाले मात्र कामदारवर्गको हित गर्ने स्पष्ट पार्दै उहाँले नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि कामदार जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्दै आएको बताउनुभयो ।

नेमकिपा सप्तरीका अध्यक्ष दिगम्बर यादवले गाउँका युवाहरू रोजगारीको लागि बिदेसिने क्रम बढेकाले गाउँ युवाविहीन हुँदै गएको र सिंहदरबारले गाउँको विकासमा ध्यान नदिएको बताउनुभयो ।

नेमकिपा पर्साका अध्यक्ष सरोज साहले नेमकिपाले जनतालाई अन्याय र भ्रष्टाचारको विरूद्ध आवाज बुलन्द गर्न सिकाइरहेको छ भन्नुभयो ।

कार्यक्रममा ललित राम, मिथिलेस यादव र अभिनन्दन यादवलगायतले बोल्नु भएकोथियो ।

## गोल्डेन गेटको ३८ औं वार्षिकोत्सव सम्पन्न




गोल्डेन गेट इङ्गलिश सेकेन्डरी स्कूलको ३८ औं वार्षिकोत्सव तथा अभिभावक दिवस शुक्रबार सम्पन्न भयो । विद्यालयका संस्थापक निर्देशक अञ्जु जोशीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले बाँसुरीको मङ्गल धुनबिच उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि उपमेयर जोशीले गोल्डेन गेटले

शिक्षित नागरिक तयार पार्न अभ्यास गर्दै आएको पठन संस्कृतिको विकास कार्यक्रम अन्य विद्यालयले पनि अनुसरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

वडाध्यक्ष डा. हरिराम सुवालले शिक्षक, अभिभावक, विद्यार्थी तथा जनप्रतिनिधिहरूमा शिक्षासँगै संस्कार र संस्कृतिप्रति माया र देशप्रेमको भावना विकास गर्नुपर्ने बताउँदै देशमा युवाहरू रित्तिँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

प्याब्सन अध्यक्ष राजन कसपालले विद्यालयका प्रिन्सिपल स्वयं कुशल शिक्षासेवी भएको उल्लेख गर्दै उहाँले भक्तपु र प्याब्सन र सदस्य विद्यालयहरूको शैक्षिक गुणस्तर उकास्न शिक्षक र विद्यार्थीहरूलाई तालिम र गोष्ठीमार्फत खेलेको नेतृत्वदायी भूमिकाको प्रशंसा गर्दै कार्यक्रमको सफलताको कामना गर्नु भयो ।

प्रिन्सिपल एवं को-फाउन्डर सिङ लामाले वार्षिक प्रगति प्रतिवेदन पेस गर्दै बृहत् पठन, पुस्तक वार्ता, सर्जकीय रूपान्तरणमा परिलक्षित मकै घर, फोनिक्स पठन, पीबीएल सिकाइ, ईसीए फेस्टिवल, स्टार डे आदि विद्यालयका मौलिक अभ्यासहरूको सङ्क्षिप्त जानकारी दिनुभयो ।

## प्रमुख प्रजापति उदयपुरको जिल्ला अस्पताल अवलोकनमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १८ गते उदयपुर गाईघाटस्थित प्रदेश सरकारअन्तर्गतको जिल्ला अस्पतालमा अवलोकन गर्नुभयो ।

सोही क्रममा प्रमुख प्रजापतिले जिल्ला अस्पताल उदयपुरका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. वीरेन्द्रकुमार मण्डलसँग भेटेर उक्त अस्पतालको सेवा सुविधा, कर्मचारी व्यवस्थापन र भौतिक अवस्थाबारे जानकारी लिनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी दैनिक १ हजार बिरामीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको बताउँदै भक्तपुर सबै रोगको उपचार सेवा उपलब्ध स्वास्थ्य हबको रुपमा विकास भइरहेको बताउनुभयो ।

सोही क्रममा जिल्ला अस्पताल उदयपुरका मेसु मण्डलले १५ शय्याबाट सुरु अस्पतालले ५० शय्याको स्वीकृति प्राप्त गरी हाल उक्त अस्पतालले ८० शय्यासम्म सञ्चालन गर्दै आइरहेको बताउनुभयो । उदयपुरको जिल्ला अस्पताल प्रदेशको उत्कृष्ट अस्पतालको रुपमा स्थापित गर्न सफल भएको बताउँदै उहाँले भक्तपुर नपाले स्वास्थ्य क्षेत्रमा गरिरहेको कार्य उल्लेखनीय भएको बताउनुभयो ।

## नगर प्रमुख प्रजापति गाईघाटको त्रियुगा जनता बहुमुखी क्याम्पसमा




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १८ गते उदयपुर गाईघाटमा अवस्थित त्रियुगा जनता बहुमुखी क्याम्पसको स्थलगत भ्रमण गर्नुभएको छ । सोही क्रममा उहाँले क्याम्पसका सहायक क्याम्पस प्रमुख उमेश पाण्डेसँग भेटी कलेजको शैक्षिक अवस्थाबारे जानकारी लिनुभयो ।

## कटारी अस्पतालको अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १८ गते उदयपुरको कटारीस्थित कटारी अस्पतालको अवलोकन गर्नुभयो । कटारी नगरपालिका मातहत सञ्चालित १५ शय्याको नगर अस्पताल ५० शय्यामा स्तरोन्नतिसहित प्रादेशिक अस्पताल हो ।

# हाम्रो स्वास्थ्य

## हातको नाडीमा आउने गाँठाले कुनै समस्या ल्याउँछ ?



– डा. दीपेन्द्र पाण्डे

शरीरमा कुनै गाँठागुठी देखिनेबित्तिकै धेरैलाई शङ्का लाग्छ कतै क्यान्सर त भएन ? यस्ता गाँठागुठी क्यान्सरकै कारण हुने भएकोले पनि हामीमध्ये धेरैको मनमा यस्तो सोच आउनु स्वाभाविक नै हो । हातको नाडीमा पनि गाँठो वा सिस्ट देखिन सक्छ । तर यसबाट आत्तिहाल्नु पर्दैन ।

हातको नाडीमा देखिने ग्यानालियन सिस्ट हो, यसमा क्यान्सरको कुनै डर हुँदैन । ग्यान्गलियन सिस्ट एकप्रकारको तरल पदार्थले भरिएको सानो थैली वा डल्लो हो । जुन शरीरको जोर्नी वा टेन्डन (मांसपेशीलाई हड्डीसँग जोड्ने तन्तु) मा बढी देखिन्छ । यस्तो डल्लोभित्र बाक्लो, टाँसिने र चिल्लो खालको तरल पदार्थ हुन्छ ।

सामान्यतया हातको नाडीको पछाडिको जोर्नीमा देखिन सक्छ । त्यस्तै नाडीको हत्केलाको छेउमा पनि देखिन्छ । केहीमा भने घुँडा र खुट्टाको माथिल्लो भागमा पनि आउन सक्छ ।

### लक्षण

नरम गाँठो हुनसक्छ । आकार परिवर्तन गर्छ तर चल्दैन । उक्त गाँठो आकारमा सानो हुन सक्छ वा निको भएर फेरि फर्कन सक्छ । एक्कासि सुन्निएको जस्तो देखिन सक्छ । प्रायः यो गाँठो दुख्दैन । सुरुवातको समयमा नदुख्ने भएकोले आएको पनि थाहा हुँदैन । तर, धेरै समय बितेपछि भने कहिलेकाहीं दुख्ने गर्छ । नाडीलाई दबाब पर्ने कार्य भइराख्दा भने दुख्न सक्ने सम्भावना हुन्छ ।



जब सिस्ट टेन्डनमा जोडिएको हुन्छ । यसबाट प्रभावित औँलामा कमजोरी महसुस हुन सक्छ । कतिपय अवस्थामा सो गाँठोले नसा च्यापिएर हात झमझमाउन सक्छ ।

### कारण

यो कुनै सङ्क्रमण र चोटपटकबाट आउने रोग होइन र क्यान्सरको कारक पनि होइन । यसबारे धेरै अनुसन्धान भए पनि ग्यान्गलियन सिस्टको ठोस कारण पत्ता लाग्न सकेको छैन । नाडीलाई दबाब पर्ने खालको कार्य गर्ने व्यक्तिमा यो देखिन सक्छ ।

यो गाँठो पुरुषको तुलनामा महिलामा बढी देखिएको पाइन्छ र यो २० देखि ४० उमेर समूहमा ७० प्रतिशत देखिन्छ । १० वर्षभन्दा कम उमेर समूहमा भने विरलै देखिएको छ ।

### पहिचान

गाँठो भएको ठाउँमा दबाब दिएर अवस्था निर्क्योल गरिन्छ । त्यसपछि भिडियो एक्स–रे गरेर कस्तो अवस्थामा कहाँ छ भनेर हेरिन्छ । यसबाट कतिको अन्य अङ्गमा प्रभाव पार्छ वा पर्दैन थाहा हुन्छ ।

### उपचार

कुनै खालको दुखाइ छैन भने केही समय कुर्दा हुन्छ । किनकि यो गाँठो ठूलो रोगको कारक नबन्ने र कतिपय अवस्थामा आफैं पनि हराउन सक्छ । सुरुवाती अवस्थामा भएमा घरमै बस्दा औँलाले दैनिकजसो थिचेर दबाब दिएर फुटाउन पनि सकिन्छ । यसरी फुटाउँदा कुनै किसिमको असर गर्दैन । यो औषधि र मलम लगाएर पनि निको हुँदैन । त्यसैले कुनै किसिमको असर गरेको छैन भने केही नगर्दा पनि समस्या पर्दैन ।

यदि गाँठोले नसातिर दखल दिएमा, नसा च्यापिएमा, आकार पनि बढिरहेको अवस्थामा त्यसभित्रको जमेको तरल पदार्थलाई सिरिन्ज प्रयोग गरेर निकाल्न सकिन्छ । यसरी सिरिन्जबाट निकाल्दा ४० प्रतिशतमा ठीक हुन्छ । तर, कसैमा भने पुनः फर्केर पनि आउन सक्छ । त्यसपछि पनि आइरहेमा लगातार तीन पटक सिरिन्जबाट निकाल्न सकेमा ८५ प्रतिशत ठीक हुन्छ । त्यस्तै यसको बिनाचिरफार दूरबीन प्रविधिले पनि हटाउन सकिन्छ । अन्य प्रविधिभन्दा यो महँगो हुन्छ तर पुनः फर्किने सम्भावना पाँच प्रतिशत मात्र रहन्छ ।


### फिजियोथेरापीबाट निको हुन सक्दैन

धेरैले फिजियोथेरापी गराएर वा अकुपन्चरबाट पनि निको हुन्छ भन्दै गराएको पाइन्छ । तर त्यस्ता गतिविधिले पनि यसलाई निको पार्न सक्दैन । यसको विकल्प भनेको शल्यक्रिया र सुईबाट तरल पदार्थ निकाल्नु नै हो ।

(डा. पाण्डे वरिष्ठ हाडजोर्नी सर्जन)

अनलाइनखबर हेल्थ

## आ.व. २०८१/८२ **पुस** महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २६० | २२८ | २१२ | १५७ | १६३ | २१४ | २१० | १९८ | २५२ | १४९ | १७३ | २८४ | ४८६ | ३३१ | ३५६ | ३८४ | ३९१ | ३८१ | ३२९ | २८२ | १९१ | १३२ | ११७ | १३८ | २३७ | १७२ | २५६ | १६८ | १६९ |
| ■ सार्क तथा चिनियाँ | ३०५ | ३०७ | २११ | २६५ | २६६ | ४१८ | ४३५ | ४५४ | ३२४ | ६०९ | ५९६ | १०४५ | ५५८ | ७२२ | ६९४ | ४८४ | ६११ | ३७२ | ३७६ | ३२२ | २३५ | ३१३ | १९५ | २३१ | ११९ | २१४ | १९० | २७२ | २१९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८१ **पुस** | ७,०२० | ११,३६२ | १८,३८२ |
| २०८० **पुस** | ६,१०६ | १२,०८३ | १८,१८९ |
| प्रगति | ९१४ | -७२१ | १९३ |

सम्पादकको पृष्ठ

# नेपाल भ्रमण वर्ष २०२५ सफल पारौँ !

नेपाल भ्रमण वर्ष २०२५ को घोषणा तथा चिनियाँ नयाँ वर्ष २०२५ को शुभारम्भ कार्यक्रमको उद्घाटन माघ ५ गते भक्तपुरमा भयो । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, चिनियाँ राजदूतावास, भक्तपुर नगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार क्षेत्रमा उद्घाटन कार्यक्रम भएको थियो ।

नेपालमा चिनियाँ पर्यटकहरूको प्रवर्द्धन गर्ने उद्देश्यले घोषणा गरिएको उक्त कार्यक्रममा भक्तपुरका विभिन्न सांस्कृतिक प्रदर्शनी र चीनका तर्फबाट चर्चित सिंह नाचहरू प्रदर्शन गरिएका थिए । नेपाल चीनबिच सांस्कृतिक आदानप्रदान युगौँदेखि हुँदै आएकोमा थप प्रगाढ बनाउँदै लाने कार्यक्रमको उद्देश्य थियो ।

नेपाल पर्यटकीय दृष्टिले अत्यन्त सम्भावना भएको देश हो । प्राकृतिक सुन्दरता, विश्वको सर्वोच्च शिखर सगरमाथा, बुद्ध जन्मभूमि लुम्बिनी, चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहरू, हिमनदी पग्लेर बगेका हिमनदीहरूलगायत सयौँ प्रकारका वन्यजन्तु र पशुपछीहरू तथा विश्व प्रसिद्ध सम्पदाहरू नेपालको पर्यटनका आकर्षणहरू हुन् । तर अन्तर्राष्ट्रिय जगतमा उचित प्रचार प्रसार नहुँदा नेपालको पर्यटन क्षेत्रले आशातीत विकास गर्न सकेको छैन ।

नेपालमा सन् २०२४ मा ११ लाख ५० हजार विदेशी पर्यटकहरूले भ्रमण गरेको तथ्याङ्क छ । सरकारको लक्ष्य १६ लाख थियो । लक्ष्य लिनु मात्र ठुलो कुरा होइन त्यो अनुसारको तयारी महत्त्वपूर्ण पक्ष हो । तर, सरकारले आवश्यक तयारीमा ध्यान दिन सकेको देखिँदैन ।

संसारमा बढी विदेश भ्रमण गर्नेहरूमा चिनियाँ नागरिकहरू अग्रपङ्क्तिमा पर्न आउँछ । चिनियाँ नागरिकहरूलाई आकर्षित गरेर विदेश भ्रमण गर्नेहरूमध्ये केही प्रतिशत मात्र नेपालले आकर्षित गर्न सक्यो भने नेपालमा पर्यटन उद्योगको विकासको ठुलो सम्भावना छ ।

नेपाल सरकारले सन् २०२३ देखि २०३२ सम्मलाई पर्यटन भ्रमण दशक घोषणा गरेको छ । दुई वर्ष बितिसक्दा पनि सरकारले त्यो कार्यक्रम सफल पार्न केही काम गरेको देखिँदैन । २०३२ मा प्रतिवर्ष ३५ लाख पर्यटक पुऱ्याउने सरकारको लक्ष्य छ । भ्रमण दशकको २० प्रतिशत समय उपलब्धिहीन भएको छ ।

चीनले नेपाल भ्रमण वर्ष घोषणा गर्नुको अर्थ नेपालको पर्यटनलाई प्राथमिकतामा राखेको प्रमाण हो । नेपालचीन सम्बन्ध पुरानो भएको हुँदा चिनियाँ पर्यटकहरू नेपाल भ्रमणको लागि सरकार र पर्यटन बोर्डले प्राथमिकतामा राखेर काम गर्नु आवश्यक छ । तर, विडम्बना नै भन्नुपर्छ, नेपाल भ्रमण वर्षको घोषणा र चिनियाँ नयाँ वर्ष शुभारम्भको उद्घाटन कार्यक्रममा पर्यटन मन्त्रीसमेत उपस्थित भएनन् । ऊर्जा मन्त्री दीपक खड्का प्रमुख अतिथिको रूपमा सहभागी भए । त्यसको अन्तर्राष्ट्रिय क्षेत्रमा कतिको असर पर्छ त्यो पछिल्ला दिनहरूमा प्रस्ट हुँदै जानेछ । पर्यटन मन्त्रीको लागि नेपाल भ्रमण वर्षको घोषणाभन्दा अरु ठुलो काम के होला भनी प्रश्न भने जरुर उठेको छ ।

पर्यटन क्षेत्रले नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा ३ प्रतिशत ओगट्ने गरेको बताइन्छ । पर्यटन क्षेत्रलाई राम्रो र व्यवस्थित रूपमा विकास गर्न सकेमा देशका अर्थतन्त्रमा त्यसले ठुलो टेवा पुऱ्याउन सकिन्छ । अहिले नै पर्यटकहरूको लागि वार्षिक ३०।३५ लाख धान्न सक्ने पूर्वाधारहरू तयार भएको पर्यटन व्यवसायीहरू बताउँछन् । तर वार्षिक ११ लाख ५० हजार पर्यटकहरूमै चित्त बुझाउनु परेको छ । यो नेपाल सरकार र पर्यटन बोर्डले पर्यटन गतिविधिमा ध्यान नदिनुको परिणाम हो । पर्यटन विकासको नाउँमा सरकारी पैसा सिध्याउने झाराटार्ने कामले मात्र पर्यटन क्षेत्रको विकास सम्भव छैन । अब सरकारले चिनियाँ पर्यटक केन्द्रित गतिविधिहरूमा ध्यान दिनु आवश्यक छ ।



अन्तरनगर जिम्नास्टिक प्रतियोगिता गर्ने विषयमा आवश्यक तयारी र समन्वयबारे छलफल

(माघ ९ गते)



प्रमुख प्रशासकीय अधिकृतहरूको टोलीद्वारा भक्तपुर नपाको अध्ययन भ्रमण

(माघ ९ गते)




ख्वप सर्कलमा कार्यरत शिक्षक कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम (पुस २७ गते)




सांसद प्रेम सुवालद्वारा बेखाल स्वास्थ्य सेवा केन्द्र उद्घाटन (माघ १० गते)